# Gen-Z आन्दोलनको बुझाइः मूल कारण, वास्तविकता र सबल नेपालका लागि मार्गचित्र

प्रतिवेदन

प्रस्तुती

नेपाल सरकार

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं


प्रस्तोताः

प्रा.डा. राम प्रसाद ज्ञवाली

डा. प्रांशु नेपाल

डा. दिपक बहादुर अधिकारी

अर्थशास्त्र केन्द्रीय विभाग,

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपाल



फागुन, २०८२



*"यस अध्ययन प्रतिवेदनमा व्यक्त गरिएका विचार, विश्लेषण तथा निष्कर्षहरू अध्ययनकर्ताको स्वतन्त्र अध्ययन र विश्लेषणमा आधारित छन्; जसले अर्थ मन्त्रालयको आधिकारिक धारणालाई प्रतिबिम्बित नगर्न पनि सक्छन् ।"*

**कृतज्ञता**

त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्दीय विभाग, कीर्तिपुरलाई विश्वास गरि Gen-Z आन्दोलनको बुझाइ : मूल कारण, वास्तविकता र सबल नेपालका लागि मार्गचित्र शीर्षकमा अनुसन्धान गर्ने अमूल्य अवसर प्रदान गर्नुभएकोमा अर्थ मन्त्रालयप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । यस अध्ययनको क्रममा हामीलाई आफ्नो अमूल्य समय तथा सुझाव प्रदान गर्नुहुने माननीय अर्थमन्त्री श्री रामेश्वर खनालज्यू, अर्थ सचिव डा. घनश्याम उपाध्याय, सचिव (राजस्व) श्री भुपाल बराल, महाशाखा प्रमुख श्री महेश भट्टराई, उपसचिव श्री गोविन्दराज आचार्य, उपसचिव श्री श्याम दाहाल, शाखा अधिकृत श्री उर्मिला कडेल, शाखा अधिकृत श्री सागर पोखेल लगायत मन्त्रालयका सम्पूर्ण कर्मचारीप्रति विशेष आभार प्रकट गर्दछौं।

Gen-Z आन्दोलनको बुझाइः मूल कारण, वास्तविकता र सवल नेपालका लागि मार्गचित्र अध्ययन रिपोर्ट तयार गर्ने क्रममा आफ्नो समयको साथसाथै आफ्ना धारणाहरू हामीलाई उपलब्ध गराउनुहुने सातवटै प्रदेशका Gen-Z भाईबैनीहरू, विद्यार्थीहरू, Gen-Z अभियन्ताहरू, उद्योगी-व्यवसायीहरू, सामाजिक अभियन्ताहरू, सुरक्षा निकायका अधिकृतहरूको साथसाथै Gen-Z आन्दोलनको बुझाइः मूल कारण, वास्तविकता र सबल नेपालका लागि मार्गचित्र अध्ययन कार्यलाई सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूलाई विशेष धन्यवाद दिन चाहन्छौं ।

यस अध्ययन कार्यको लागि हामीलाई सल्लाह, सुझाव र सहयोग प्रदान गर्नुहुने अर्थशास्त्र केन्दीय विभागका प्रमुखलगायत विभागका अन्य प्राध्यापकहरू र कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छौं। यो अध्ययन प्रतिवेदन तयार गर्नको लागि तथ्याङ्क सङ्कलन कार्य व्यवस्थापनलगायत अन्य विविध कार्यहरूमा हार्दिकताका साथ सहयोग गर्नुहुने प्रेम कार्कीलगायत सम्पूर्ण गणकहरूलाई धन्यवाद दिन चाहन्छौं।

यस प्रतिवेदनमा उल्लेख गरिएका सुझावहरूलाई प्रभावकारी रूपमा नीति तथा कार्यक्रममा समावेश गरि कार्यान्वयन गर्न सकेको खण्डमा युवाको विश्वास पुनःस्थापना, सामाजिक स्थायित्व र दिगो लोकतान्त्रिक तथा आर्थिक विकासको लागि कोशेढुङ्गा सावित हुने देखिन्छ । यसै गरि नेपाल सरकारका विभिन्न मन्त्रालयहरू, आयोग, निकाय र मातहतमा संचालन भएका विभिन्न कार्यक्रमहरूलाई थप परिमार्जन र प्रभावकारी तुल्याउनको लागि सहयोग पुग्ने अपेक्षा राख्दछौं । यस अनुसन्धानसम्बद्ध थप अध्ययन तथा समस्या समाधानसम्बन्धी हरेक सहकार्यको लागि हामी तत्पर छौं ।

अध्ययनकर्ताः

अर्थशास्त्र केन्दीय विभाग, किर्तीपुर

# विषय-सूची


कार्यकारी सारांश ........ xi

परिच्छेद एक : परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ अध्ययनका उद्देश्यहरू ........ २

१.३ अध्ययनको महत्त्व ........ २

१.४ कार्यक्षेत्र ........ ३

१.५ अध्ययनका सीमाहरू ........ ४

१.६ अध्ययन विधि ........ ५

१.६.१ अध्ययनको प्रारूप ........ ५

१ .६.२ तथ्याङ्क सङ्कलन ........ ६

प्राथमिक तथ्याङ्क सङ्कलन ........ ६

द्वितीय तथ्याङ्क सङ्कलन ........ ९

१.६.३ तथ्याङ्कहरूको विश्लेषण ........ ९

१.७ अध्ययनको संरचना ........ १०

परिच्छेद दुई : पूर्व कार्यको समीक्षा ........ ११

२.१ पृष्ठभूमि ........ ११

२.२ बङ्गलादेश र इन्डोनेसियामा भएको Gen -Z आन्दोलनको समिक्षा ........ १२

२.२ Gen-Z ले विश्वभरका परिवर्तनको लागि राजनीतिक आन्दोलनहरूमा प्रभाव पार्न प्रयोग गरेका प्रमुख रणनीतिहरू ........ १७

२.१ विकेन्द्रित संगठन) Decentralized Organization) ........ १७

२.२ ह्यासट्याग क्रियाकलाप) Hashtag Activism) ........ १७

२.३ डिजिटल संचालन) Digital Mobilization) ........ १७

२.४ मीम राजनीतिकरण) Meme Politics) ........ १८

२.५ जन-आधारित प्रत्यक्ष सहयोग) Crowdsourced Funding) ........ १८

**परिच्छेद तीन :सामाजिक-आर्थिक विशेषता** ........ १९
**३.१ पृष्ठभूमि** ........ १९
**३.२ उत्तरदाताको सामाजिक तथा आर्थिक विशेषता** ........ १९
**३.३ उत्तरदाताको, लिङ्ग, जात/जाति, शिक्षा र उमेरको अवस्था** ........ १९
३.३.१ उत्तरदाताको लिङ्ग ........ १९
३.३.२ उत्तरदाताको जात/जाति ........ २०
३.३.३ उत्तरदाताको शिक्षा ........ २१
३.३.४ उत्तरदाताको उमेर ........ २२
३.३.५ पेशा ........ २३
३.३.६ आर्थिक अवस्था ........ २४
**परिच्छेद चार : Gen-Z आन्दोलनको मुख्य सामाजिक, आर्थिक तथा सुशासन सम्बन्धित कारण** .. २६
**४.१ पृष्ठभूमि** ........ २६
**४.२ Gen-Z आन्दोलनमा सहभागिता** ........ २७
**४.३ आन्दोलनमा सहभागिता हुनुको कारण** ........ २८
**४.४ Gen-Z आन्दोलनप्रतिको धारणा** ........ २९
**४.५ Gen-Z आन्दोलनको सामाजिक कारणहरू** ........ ३०
४.५.१ राज्यका सेवा प्रवाह) शिक्षा, स्वास्थ्य, प्रशासन (मा रहेको असन्तुष्टि ........ ३०
४.५.२ राजनीतिक नेतृत्वप्रतिको विश्वास ........ ३१
**४.६ Gen-Z आन्दोलनको आर्थिक कारणहरू** ........ ३३
४.६.२ आर्थिक अस्थिरता ........ ३४
**४.७ Gen-Z आन्दोलनको सुशासन संबन्धित कारणहरू** ........ ३५
४.७.१ न्याय, पारदर्शिता र जवाफदेहिता ........ ३५
४.७.२ सार्वजनिक संस्थाहरूमा रहेको भ्रष्ट्राचार ........ ३६
**४.८ Gen-Z आन्दोलनको माध्यम** ........ ३८
**४.९ सन् २०२५ सेप्टेम्बरको Gen-Z आन्दोलनमा भएको क्षतिको कारण** ........ ३९

**४.१० युवाहरूको सामाजिक, आर्थिक तथा सुशासन सम्बन्धि कारणहरूको तथ्यांकीय विवरण** .. ४०
**४.११ गुणात्मक विश्लेषण) प्रमुख सूचनादाता/समूह छलफल(** ........ ४२
**परिच्छेद पाँचः युवाहरूको भ्रष्टाचार, जवाफदेहिता, डिजिटल स्वतन्त्रता र रोजगारीप्रतिको धारणा** ... ४७
**५.१ पृष्ठभूमि** ........ ४७
**५.२ युवाहरूको भष्ट्राचारप्रतिको धारणा** ........ ४८
५.२.१ भष्ट्राचारको स्तर ........ ४८
५.२.२ भष्ट्राचारविरुद्धको लडाइँमा युवाको सहभागिताको प्रभावकारी ........ ४९
५.२.३ आन्दोलनले भष्ट्राचार नियन्त्रणका प्रयासहरूमा पारेको प्रभाव ........ ५०
**५.३ नागरिकप्रतिको जवाफदेहिता** ........ ५२
५.३.१ सार्वजनिक संस्थाहरूको नागरिकप्रतिको जवाफदेहिता ........ ५२
५.३.२ राज्यको प्रमुख नीति निर्माण र निर्णय प्रक्रियामा युवाको प्रतिनिधित्व ........ ५३
**५.४ युवाहरूको डिजिटल स्वतन्त्रता प्रतिको धारणा** ........ ५४
**५.५ युवाहरूको रोजगारी प्रतिको धारणा** ........ ५५
५.५.१ रोजगारी प्रक्रियामा पारदर्शिता ........ ५५
५.५.२ विद्यमान रोजगारीका अवसरहरूप्रतिको सन्तुष्टि ........ ५७
५.५.३ श्रममा युवाका सीप र क्षमताअनुसारका अवसर ........ ५८
५.५.४ रोजगारसम्बन्धी सरकारी नीतिहरूको पर्याप्तता ........ ५९
**५.६ युवाहरूको भ्रष्टाचार, जवाफदेहिता, डिजिटल स्वतन्त्रता र रोजगारीप्रतिको धारणाको तथ्यांकीय विवरण** ........ ६०
**५.७ गुणात्मक विश्लेषण) प्रमुख सूचनादाता/समूह छलफल(** ........ ६१
**परिच्छेद छ :आन्दोलनले सुशासन र अर्थतन्त्रमा पारेको प्रभाव** ........ ६५
**६.१ पृष्ठभूमि** ........ ६५
**६.२ आन्दोलनले सुशासनमा पारेको प्रभाव** ........ ६६
६.२.१ नेपालको समग्र सुशासनको गुणस्तर ........ ६६
६.२.२ सरकारी निर्णय प्रक्रियामा सुधार ........ ६७
६.२.३ डिजिटल सेवाहरूमा सुधार ........ ६९

६.२.४ आन्दोलनपछिको सरकारको नीतिगत सुधारका अवस्था ........ ७०
६.२.५ आन्दोलनपछिको सार्वजनिक सेवाहरूको गुणस्तरमा प्रभाव ........ ७१
**६.३ आन्दोलनले अर्थतन्त्रमा पारेको प्रभाव** ........ ७१
६.३.१ आन्दोलनले आर्थिक स्थिरतामा पारेको प्रभाव ........ ७२
६.३.२ निजीक्षेत्रको लगानीमा पारेको प्रभाव ........ ७३
**६.४ Gen–Z आन्दोलनमा भएको आर्थिक क्षति** ........ ७४
**६.५ Gen-Z आन्दोलन पछि आर्थिक नीतिहरुमा आएको परिवर्तन** ........ ७६
**६.६ आन्दोलनले सुशासन र अर्थतन्त्रमा पारेको प्रभाव** ........ ७७
**परिच्छेद सात : सुशासन र युवा सहभागिता अभिबृद्धिका लागि चाल्नुपर्ने कदमहरू** ........ ८३
**७.१ पृष्ठभूमि** ........ ८३
**७.२ सुशासन युवा सहभागिता अभिवृद्धिका लागि चाल्नुपर्ने कदमहरू** ........ ८३
७.२.१ वर्तमान सरकारको नीति निर्माण प्रक्रियामा युवाको प्रतिनिधित्व ........ ८४
७.२.२ सुशासन अभिवृद्धिमा युवा नेतृत्व विकास कार्यक्रमको योगदान ........ ८५
७.२.३ प्रशासनिक सेवा सुधारमा युवाको योगदान ........ ८६
७.२.४ सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवा सहभागिता ........ ८७
७.२.५ बजेट निर्माण तथा सार्वजनिक खर्च मूल्यांकन प्रक्रियामा युवा सहभागिता ........ ८८
७.२.६ सुशासनका लागि डिजिटल प्लेटफर्महरूमार्फत युवाको आवाज संप्रेषण ........ ८९
**७.३ सुशासन र युवा सहभागिता अभिबृद्धिका लागि चाल्नुपर्ने कदमहरू** ........ ९०
**परिच्छेद आठ :प्राप्ति, निष्कर्ष र सुझाव** ........ ९५
**८.१ प्राप्ति** ........ ९५
**८.२ निष्कर्ष** ........ ९८
**८.३ सुझाव** ........ ९९
८.३.१ आन्दोलनका सामाजिक, आर्थिक र सुशासन सम्बन्धी कारणहरूसँग सम्वन्धित सुझावहरू ........ ९९
८.३.२ युवाहरूको भ्रष्टाचार जवाफदेहिता, डिजिटल स्वतन्त्रता र रोजगारीप्रतिको धारणामा आधारित सुझावहरू ........ १०१

८.३.३ सुशासन र अर्थतन्त्रमा परेको प्रभावमा आधारित सुझावहरू........................... १०३
८.३.४ .सुशासनमा सुधार र युवा सहभागिता वृद्दिका लागि सुझावहरू....................... १०६
**सन्दर्भसामग्री**..........................................................................................................१०८
**अनुसूची १ :प्रश्नावली** ......................................................................................... ११०
**अनुसूचीः२ तथ्याङ्क संकलन कार्यमा संलग्न सहभागीहरूको विवरण**...................................१२१

## तालिका सूची


| क.स. विवरण | पेज न. |
|---|---|
| १.१ः नमुना छनोटसम्बन्धी प्रक्रिया एवं विधि | ७ |
| ३.१ उत्तरदाताहरूको पेशा | २४ |
| ४.१ः युवाहरूको सामाजिक, आर्थिक तथा सुशासन सम्बन्धि कारणहरूप्रतिको धारणा | ४१ |
| ५.१ःयुवाहरूको भ्रष्टाचार, जवाफदेहिता, डिजिटल स्वतन्त्रता र रोजगारीप्रतिको धारणा | ६९ |
| ६.१ः आन्दोलनले शुसासन र अर्थतन्त्रमा पारेको असर | ७६ |
| ७.१ः सुशासन र युवा सहभागिता अभिबृद्धिका लागि चाल्नुपर्ने कदमहरू | ९० |

## रेखाचित्र सूची


| क्र.स विवरण | पेज न. |
|---|---|
| १.१ः अध्ययनको अवधारणात्मक प्रारूप | ६ |
| ३.१ आन्दोलनमा सहभागी भए नभएको वारे | २० |
| ३.२ जात/जाति | २१ |
| ३.३ उत्तरदाताको शैक्षिकस्तर | २२ |
| ३.४ उत्तरदाताहरूको उमेरगत विवरण | २३ |
| ३.६ उत्तरदाताहरूको आर्थिक अवस्था | २५ |
| ४.१ Gen-Z आन्दोलन उत्तरदाताहरूको सहभागिताको अवस्था | २७ |
| ४.२ Gen-Z आन्दोलनमा सहभागिताको कारण | २९ |
| ४.३ Gen-Z आन्दोलनको मुख्य कारण | ३० |
| ४.४ राज्यका सेवा प्रवाह (शिक्षा, स्वास्थ्य, प्रशासन)मा रहेको असन्तुष्टि | ३१ |
| ४.५ Gen-Z आन्दोलन र राजनीतिक नेतृत्वप्रति घट्दो विश्वास | ३२ |
| ४.६ बढ्दो बेरोजगारी | ३३ |
| ४.७ महँगी, मूल्यवृद्धि र आर्थिक अस्थिरता | ३५ |
| ४.८ न्याय, पारदर्शिता र जवाफदेहिता र Gen-Z आन्दोलनमा बिचको सम्बन्ध | ३६ |
| ४.९ सार्वजनिक संस्थाहरूमा रहेको उच्चस्तरको भष्ट्राचार | ३७ |
| ४.१० Gen-Z आन्दोलनमा डिजिटल प्लेटफर्महरूको भूमिका | ३८ |
| ४.११ आन्दोलनमा भएको क्षतिको कारण | ३९ |
| ५.१ भष्ट्राचारको स्तर | ४८ |
| ५.२ भष्ट्राचारविरुद्धको लडाइँमा युवाको सहभागिताको प्रभावकारी | ४९ |
| ५.३ आन्दोलनले भष्ट्राचार नियन्त्रणका प्रयासहरूमा पारेको प्रभाव | ५० |
| ५.४ सार्वजनिक संस्थाहरूको नागरिकप्रतिको जवाफदेहितामा कमी | ५२ |
| ५.५ राज्यको प्रमुख नीति निर्माण र निर्णय प्रक्रियामा युवाको प्रतिनिधित्वको पर्याप्तता | ५३ |
| ५.६ डिजिटल स्वतन्त्रताप्रति नेपालको शासनप्रणालीले गरेको सुनिश्चितता | ५४ |
| ५.७ सरकारी रोजगारी प्रक्रियामा पारदर्शिता | ५५ |
| ५.८ विद्यमान रोजगारीका अवसरहरूप्रतिको सन्तुष्टि | ५६ |
| ५.९ श्रममा युवाका सीप र क्षमताअनुसारको अवसर | ५७ |

५.१० रोजगारीसम्बन्धी नीतिहरूको पर्याप्तता ५८
६.१ नेपालको समग्र सुशासनको गुणस्तर ६६
६.२ सरकारी निर्णय प्रक्रियाप्रति जवाफदेहितामा सुधार ६७
६.३ आन्दोलनले डिजिटल सेवाहरूको सहजतामा ल्याएको सुधार ६८
६.४ आन्दोलनपछिको सरकारको नीतिगत सुधारकको अवस्था ६९
६.५ आन्दोलनपछि सार्वजनिक सेवाहरूको गुणस्तरमा प्रभाव ७०
६.६ आन्दोलनले आर्थिक स्थिरतामा पारेको प्रभाव ७१
६.७ आन्दोलनले निजीक्षेत्रको लगानी वातावरणमा प्रभाव ७२
७.१ वर्तमान सरकारको नीति निर्माण प्रक्रियामा युवाको प्रतिनिधित्व ८३
७.२ सुशासन अभिवृद्धिमा युवा नेतृत्व विकासका कार्यक्रमको योगदान ८४
७.३ प्रशासनिक सेवा सुधारमा युवाको योगदान ८५
७.४ सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवा सहभागिता ८६
७.५ बजेट निर्माण तथा सार्वजनिक खर्च मूल्यांकन प्रक्रियामा युवा सहभागिता ८८
७.६ सुशासनका लागि डिजिटल प्लेटफर्महरूमार्फत युवाको आवाज संप्रेषण ८९

# कार्यकारी सारांश

"Gen-Z आन्दोलनको बुझाइः मूल कारण, वास्तविकता र सबल नेपालका लागि मार्गचित्र" शीर्षकको प्रस्तुत अध्ययन विशेषतः वि.स. २०८२ भाद्र २३ र २४ मा नेपालमा भएको Gen-Z आन्दोलनले सामाजिक, आर्थिक तथा सुशासनसम्वन्धी कारणहरूको पहिचान गर्ने; देशमा व्याप्त भ्रष्टाचार, जवाफदेहिताको अभाव, डिजिटल स्वतन्त्रता, र रोजगारप्रति युवा समुदायमा रहेको अवधारणाको विश्लेषण गर्ने; आन्दोलनले सुशासन र अर्थतन्त्रमा पारेको प्रभावको मुल्याङ्कन गर्ने तथा सुशासनको र राज्य संयन्त्रमा युवा सहभागितामा अभिवृद्धिका लागि चाल्नुपर्ने कदमहरूको सिफारिस गर्नेजस्ता उदेश्यहरू राखेको छ । डिजिटल प्रविधिमा हुर्किएको, शिक्षित, सचेत Gen-Z पुस्ताले लोकतान्त्रिक शासनप्रणालीमा पारदर्शिता, न्याय, अवसर र उत्तरदायित्वको अपेक्षा राखेको भए पनि ती अपेक्षाहरू समयमा पूरा हुन नसक्दा यो पुस्ताको असन्तोष नै Gen-Z आन्दोलनको रूपमा अभिव्यक्त भएको देखिन्छ ।

यस अध्ययनमा मिश्रित अनुसन्धान पद्धति अपनाएको छ जसमा परिमाणात्मक र गुणात्मक दुवै विधि समावेश गरिएको छ। तथ्याङ्क सङ्कलनका लागि सातवटै प्रदेशको प्रतिनिधित्व हुने गरि जम्मा ४२० जना उत्तरदाताहरूसँग संरचित प्रश्नावली सर्वेक्षण, प्रमुख सूचनादाताहरूसँग अन्तर्वार्ता (KII), समूहगत छलफल (FGD) र द्वितीयक स्रोतहरू प्रयोग गरि उक्त तथ्याङ्कको गहन समीक्षा समेत गरिएको छ । साथै, सङ्कलित तथ्याङ्कलाई विषयगत विश्लेषण, कम्प्युटर सफ्टवेयर र त्रिकोणिकरण विधिबाट विश्लेषण गरी निष्कर्षलाई विश्वसनीय बनाउन कोशिस गरिएको छ ।

Gen-Z आन्दोलन केवल नेपालमा मात्र नभई विश्वव्यापी परिघटनाका रूपमा देखा परिरहेको पाइन्छ। अमेरिका, एशिया, अफ्रिका र ल्याटिन अमेरिकामा भएका आन्दोलनहरूमध्ये बङ्गलादेश र इन्डोनेसियाका उदाहरणले Gen-Z आन्दोलन प्रायः नेतृत्वविहीन, विकेन्द्रित, डिजिटल प्लेटफर्ममा आधारित र समावेशी एजेन्डासहित सञ्चालन भएको पाइएको छ । Gen-Z आन्दोलन विशेषतः ह्यासट्याग अभियान, डिजिटल प्लेटफर्ममा संगठित र मीम राजनीतिजस्ता रणनीतिहरूले युवापंक्ति, महिला, श्रमिक र अल्पसंख्यक समुदायलाई एउटै प्लेटफर्ममा जोड्दै नीति सुधार र शासन पुनर्संरचनामा प्रभावकारी दबाव सिर्जना गरेको पाइन्छ । यस आधारमा हेर्दा Gen-Z आन्दोलनलाई केवल सामाजिक विरोध मात्र नभई पारदर्शिता, जवाफदेहिता, नयाँ राजनीतिक संस्कृतिको माग गर्ने र संरचनागत परिवर्तनको उत्प्रेरकका रूपमा बुझ्न सकिन्छ ।

अध्ययनले Gen-Z पुस्ताको सामाजिक-आर्थिक पृष्ठभूमि र आन्दोलनसँगको सम्बन्धलाई स्पष्ट पारेको छ। अध्ययनवाट प्राप्त तथ्याङ्क हेर्दा बढ्दो शहरीकरण, बेरोजगारी, समान अवसरको अभाव, रोजगारीको

लागि विदेशिनुपर्ने बाध्यता, अव्यवहारिक शिक्षा र स्वदेशी रोजगारीको न्यूनताले यो पुस्तालाई प्रत्यक्ष रूपमा प्रभावित पारेको देखिन्छ । स्थलगत सर्वेक्षणवाट प्राप्त तथ्याङ्कमा आधारित रहेर हेर्दा Gen-Z आन्दोलनमा सहभागी युवाहरूको शैक्षिक स्थिति हेर्दा करिव ९८ प्रतिशतले माध्यमिक वा सोभन्दा माथिल्लो शिक्षासमेत हासिल गरेको पाइएको छ । उमेरगत रूपमा, १६ देखि २५ वर्षको उमेरसमूहको सहभागिता सवैभन्दा बढि देखिन्छ भने पेशागत संरचनामा हेर्दा विद्यार्थी, बेरोजगारका साथै स्वरोजगार भएका युवाहरूको उपस्थिति उल्लेखनीय देखिन्छ ।

आन्दोलनका सामाजिक कारणहरूमा राजनैतिक नेतृत्वप्रतिको घट्दो विश्वास, डिजिटल स्वतन्त्रतामा लगाइएको प्रतिबन्ध, राजनैतिक नेतृत्व र तिनका सन्तति तथा नातेदारहरूको विलासी जीवनशैली, सेवा सुविधामा सीमित व्यक्तिहरूको पहुँच रहनु, इमान्दार राजनैतिक अभिकर्मीहरू राज्य सुविधाबाट बञ्चित हुनु, रोजगारमा आधारित शिक्षा नहुनु, उच्च शिक्षा भए पनि योग्यताअनुसार रोजगारी नपाउनु, समाजका सीमान्तकृत व्यक्तिहरू विकासको मूल प्रवाहमा समाहित नहुनु, राजनैतिक नियुक्तिमा नेतृत्वका नातेदार र आफन्तलाई मात्र नियुक्ति गरिनुजस्ता कारणहरू देखिन्छन् ।

त्यस्तै, आन्दोलनका आर्थिक कारणहरूमा बढ्दो बेरोजगारी, रोजगारका लागि विदेश जानुपर्ने बाध्यता, न्यून आय, रोजगार भएका क्षेत्रमा पनि न्यून ज्याला, आर्थिक अस्थिरता, विकास प्रणाली समावेशी नहुनु र विकासको नमूना रोजगारीमा प्रशय दिने खालको नहुनु, उद्यमशीलताका अवसरहरू सीमित हुनु, आर्थिक असमानता बढ्दै जानु आदि प्रमुख आर्थिक कारणहरू रहेको देखियो ।

त्यस्तै, आन्दोलन हुनुको कारकमध्येको एक अर्को सुशासनसम्बन्धी कारणहरूमा प्रशासनिक प्रक्रिया धेरै समय लाग्ने र झन्झटिलो हुनु, सेवा प्रणालीमा एकद्धार प्रणालीको अभाव, मालपोत, कर तथा सेवादस्तुर बुझाउने ठाउँहरूमा सेवा भावनाको अभाव, सार्वजनिक प्रशासनमा पारदर्शिताको अभाव, सार्वजनिक संस्थाहरूमा कार्य दक्षताको अभाव, सेवा प्राप्ति हुने क्षेत्रमा नातावाद र कृपावाद हावी हुनु, न्याय प्रणालीमा ढिलासुस्ती आदि आन्दोलनका प्रमुख सुशासन र प्रशासनिक कारणहरू रहेको तथ्यतर्फ अध्ययनवाट प्राप्त तथ्याङ्कले इंगित गरेको छ ।

भ्रष्टाचारका सन्दर्भमा समेत नेपालमा भ्रष्टाचार सामान्यस्तरभन्दा निकै व्यापक रूपमा बढि रहेको धारणा अधिकांश युवाहरूले व्यक्त गरेका छन् । युवाहरूले भ्रष्टाचारलाई व्यक्तिगत नैतिक कमजोरी नभई प्रणालीगत असफलताको रूपमा बुझेको पाइन्छ छन् । भ्रष्टाचार रोक्ने निकायहरू जस्तै अख्तियार दुरुपयोग निवारण आयोग, सर्वोच्च अदालत आदि स्थानमा राजनैतिक नियुक्ति हुने र नियुक्ति पाउने व्यक्तिहरू राजनैतिक नेतृत्वप्रति बढि उत्तरदायी भएको देखिंदा भ्रष्टाचार नियन्त्रण प्रभावकारी हुन नसकेको वुझाइ Gen-Z पुस्तामा रहेको पाइयो ।

साथै, नागरिकप्रतिको जवाफदेहिताका दृष्टिमा समेत नेपालका सार्वजनिक संस्थाहरू पर्याप्त मात्रमा उत्तरदायी नभएको हुँदा युवाहरू असन्तुष्ट देखिन्छन् । सेवा प्रवाह, पारदर्शिता र निर्णय प्रक्रियामा कमजोरी रहेको तथा राज्यको प्रमुख नीति निर्माण र निर्णय तहमा युवाको प्रतिनिधित्व अपर्याप्त भएकाले युवासम्बन्धी नीतिहरू प्रभावकारी बन्न नसकेको बुझाइ उनीहरूमा रहेको पाइन्छ ।

डिजिटल स्वतन्त्रतालाई युवाहरूले नैसर्गिक अधिकारका रूपमा लिएका छन् । उनीहरूले डिजिटल स्वतन्त्रतालाई सुशासन र लोकतन्त्रको महत्त्वपूर्ण सूचकका रूपमा लिएको पाइयो । सरकारी रोजगारी प्रक्रियामा पारदर्शिता भए पनि आन्तरिक पदोन्नतिमा राजनीतिक प्रभाव देखिनु, सीमित तथा न्यून तलबमा काम गर्नुपर्ने बाध्यता, शिक्षा तथा श्रम बजारबीचको ठूलो अन्तरका कारण युवाहरूमा गहिरो असन्तुष्टि देखिन्छ । र, विद्यमान रोजगारसम्बन्धी स्पष्ट नीतिहरूको समेत अभाव रहेको देखिन्छ । त्यसकारण, व्यावहारिक र सीपमुखी रोजगार नीति आवश्यक रहेको युवाहरूको बुझाइ देखिन्छ ।

आन्दोलनपछि सरकारी निर्णय प्रक्रियामा केही सुधारको संकेत देखिन्छ तर पर्याप्त छैन । डिजिटल सेवामा केही सहजता आएको छ तर पहुँचको असमानता, प्राविधिक कमजोरी र व्यवस्थापकीय समस्याहरू अझै विद्यमान छन् । पछिल्लोसमय नीतिगत सुधारमा सरकारले केही प्रारम्भिक प्रयास गरेको देखिन्छ ।

स्थलगत सर्वेक्षणअनुसार आन्दोलनपछि आर्थिक स्थिरता र निजी क्षेत्रको लगानी वातावरणमा नकारात्मक प्रभाव पारेको छ । यसले गर्दा लगानीकर्ताको मनोविज्ञान र उद्यमशीलताको आत्मविश्वास कमजोर बनाएको देखिन्छ । आन्दोलनका कारण अर्थतन्त्रले ८४.५ अर्बको भौतिक क्षति बेहोर्नु परेको छ । आन्दोलनका केही महत्त्वपूर्ण सकारात्मक उपलब्धिहरूसमेत देखिएको पाईन्छ, जस्तैः परम्परागत राजनीतिक नेतृत्वको दम्भपूर्ण मानसिकतामा कमी आएको, राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रमा उत्तरदायित्वको भावना बलियो बनेको, युवापुस्ताको राजनीतिक चेतनामा उल्लेखनीय रूपान्तरण आएको तथा भ्रष्टाचारविरुद्ध संस्थागत दबाव सिर्जना भएको देखिन्छ ।

माथि उल्लेखित अध्ययनका आधारमा प्राप्ति भएका केही प्रमुख सुझावहरू निम्न छन् :

१. राजनीति पेशाभन्दा राष्ट्र निर्माण तथा राष्ट्रसेवाका लागि गरिने पवित्र कार्य हो भन्ने बुझ्न जरुरी छ । राजनीतिक पार्टीहरूका सोच सेवाभावतर्फ ढल्किन आवश्यक देखिन्छ ।
२. राजनैतिक नियुक्तिहरू पारिवारिक आधारमा नभइ खुला प्रतिस्पर्धाका आधारमा योग्यतावान व्यक्तिहरूलाई गरिनुपर्दछ ।

३. बेरोजगार मानिसलाई फुर्सद हुन्छ र कुण्ठा पनि हुन्छ । अतः उ विद्रोहमा जुट्छ र विद्रोहमा होमिन्छ । तसर्थ, शिक्षालाई शीपमुलक तथा रोजगारीमा आधारित बनाउन जरुरी छ ।

४. समाजका सीमान्तकृत व्यक्तिहरू विकासको मूल प्रवाहमा समाहित हुँदै सुविधा सम्पन्न जीवनयापन गर्न पाइरहेका छैनन् । अतः उनीहरूको आक्रोश आन्दोलनका रूपमा पोखिएको देखिन्छ । तसर्थ, समाजका सीमान्तकृत व्यक्तिहरूलाई विकासको मूल प्रवाहमा समाहित गर्दै जीविकोपार्जनको व्यवस्था मिलाउन आवश्यक छ ।

५. आयको असमान वितरणले हुने र नहुनेबीचको खाडल फराकिलो देखिन्छ । जेनजी आन्दोलनका क्रममा न्यून आय भएको र पिछडिएको समुदाय पनि आन्दोलनकै लहरमा होमिएको देखिन्छ । डिपार्टमेन्टल स्टोर, होटल तथा औद्योगिक प्रतिष्ठानहरूमा भएको लुटपाट तथा तोडफोडमा यस्तो समुदाय समावेश भएको देखिन्छ । अतः न्यून आय हुने वर्गलाई पनि विकासको मूल प्रवाहमा ल्याउँदै आयका आधारमा हुने र नहुनेबीचको खाडल कम गर्नुपर्ने देखिन्छ ।

६. नीतिगत अस्थिरता अर्थतन्त्रका लागि प्रत्युत्पादक हुन्छ भन्नेकुरा प्रमुख सूचनादाताको रूपमा संलग्न व्यवसायीहरूले उठाउनुभएको थियो । अस्थिर नीतिले Business expectation मा प्रतिकुल प्रभाव पार्दछ । अतः आर्थिक नीतिहरू न्यूनतम पाँच वर्षका लागि स्थिर हुनुपर्दछ।

७. मालपोत बुझाउने कार्यालय, कर तथा सेवा दस्तुर बुझाउने कार्यालय, लाइसेन्स दिने कार्यालय, नगरपालिका तथा गाउँपालिकाका कार्यालयहरू, आदिमा भएको देशव्यापी आगजनी तथा तोडफोडले सेवा प्रदायक निकायहरू झन्झटिलो र बोझिलो भएको संकेत गर्दछ । अतः सेवा प्रदान गर्ने कार्यालयहरूमा सेवा कार्य अति सहज, पारदर्शी, छिटो र जनमैत्री हुनु जरुरी छ । यस्ता ठाउँहरूमा कमिसन तथा घुसखोरी हुनुहुँदैन ।

८. सेवा प्रणालीमा एकद्धार प्रणालीको अभाव जनआक्रोसको एक कारण थियो । व्यापार व्यवसाय गर्नेहरूका सेवा कार्यहरू एकद्धार प्रणालीमा आधारित हुनुपर्दछ । दर्ता, खारेजी, बर्हिगमन, मालपोत, कर तथा सेवा दस्तुर, अनुमति आदि सेवाहरू एकै ठाउँबाट प्रदान गरिनुपर्दछ ।

९. अख्तियार दुरुपयोग निवारण आयोग, सर्वोच्च अदालत आदि निकायहरूमा राजनैतिक नियुक्ति नभई प्रतिस्पर्धाका आधारमा सक्षम तथा इमान्दार व्यक्ति नियुक्ति हुनुपर्दछ र यसका लागि संविधान संशोधन आवश्यक देखिन्छ ।

१०. डिजिटल क्षेत्रको नियमन नियन्त्रणमुखी नभई अधिकारमैत्री र पारदर्शी हुनुपर्छ । अभिव्यक्ति स्वतन्त्रता, सूचनाको पहुँच र नागरिक सहभागिता सुरक्षित रहने गरि डिजिटल कानून र नियमन विकास गरिनुपर्छ ।

११. वढ्दो बेरोजगारीप्रति जेन्जीहरू चिन्तित देखिन्छन् । अतः शिक्षालाई रोजगारीसँग जोड्न आवश्यक छ । माध्यमिक शिक्षामा एउटा अनिवार्य व्यवसायिक विषय राख्नुपर्दछ । यसो भएमा जागीर नभएपनि व्यवसाय चलाएर उनीहरू जीविकोपार्जन गर्न सक्दछन् ।

१२. केही निजी लगानीकर्ताहरू राजनैतिक नेतृत्वमा पनि समाहित भएको हुँदा लगानीकर्ताहरूको आदर्श व्यक्तित्वमा धमिलोपना आएको पाइन्छ र त्यहि कारणले पनि लगानीकर्ताहरूका व्यवसायिक प्रतिष्ठानहरूमा आगजनी तथा तोडफोड भएको पाइयो । अतः लगानीकर्ताहरू कुनै राजनैतिक पार्टीसँग प्रत्यक्ष आवद्ध नभई स्वतन्त्र लगानीकर्ताका रूपमा चिनिनु राम्रो हुनेछ ।

१३. औद्योगिक व्यवसायीहरू पूर्ण नैतिकतामा चल्न आवश्यक छ । एक पैसा पनि कर छल्नु सामाजिक अपराध हो भन्ने कुरामा सहमत हुँदै प्रतिष्ठित तथा इमान्दार करदाताका रूपमा स्थापित हुनुपर्दछ । यसो भएमा सर्वसाधारणहरूका आदरका पात्रका रूपमा औद्योगिक व्यवसायीहरू पर्नुहुन्छ ।

१४. निजी लगानीकर्ताहरू पनि Backward and forward linkages नभएको अरवौंको लगानी गरि मुनाफामा मात्र केन्द्रित हुनुभन्दा ठूलो मात्रामा रोजगारी सिर्जना गर्ने र Backward and forward linkages भएका परियोजनाहरूमा लगानी गर्दा उनीहरूको छवि समाजमा राम्रो हुने र समाजले हेर्ने दृष्टिकोण पनि राम्रो हुँदै जानेछ ।

१५. सवल समाज निर्माणका लागि सबै पक्षका मानिसहरू नैतिक आचरणवान हुनु अति आवश्यक छ । नयाँ पुस्ताहरूले पनि के-कस्ता आचरणहरू समाज उपयोगी नैतिक आचरणको परिधिभित्र पर्दछ भन्ने कुराको ज्ञान राख्नुपर्दछ । हाल नेपालमा माध्यमिक तहको शिक्षावाट हाल नैतिक शिक्षा हटाइएको छ जुन व्यावहारिक आचरण सिकाइका लागि आवश्यक पाथ्यवास्तुमा पर्दछ । त्यसैले नेपालको माध्यमिक तहको शिक्षामा नैतिक शिक्षा अनिवार्य विषयका रूपमा राख्नुपर्दछ ।

१६. Gen-Z आन्दोलनबाट ८४ अर्व ४५ करोड ७७ लाख बराबरको भौतिक सम्पत्तिमा क्षति भएको देखिन्छ । अतः यो पुनः निर्माणको समय समेत हो । हाल बैंकिंङ क्षेत्रसँग प्रसस्त तरलता रहेको छ, बजारमा तरलताको माग पनि कम भएको देखिन्छ र व्याजदर पनि ऐतिहासिक रूपमा सस्तो छ। अतः सरकारले बैंकिंङ क्षेत्रवाट ऋण लिइ पुनः निर्माणको

कार्यलाइ तीव्रता दिनु उपयुक्त हुनेछ। यस्तो लगानीले एकातर्फ राष्ट्रिय आयमा वृद्धि हुनेछ भने अर्कोतर्फ समग्र मागमा वृद्धि भइ अर्थातन्त्र चलायमान भएर जानेछ ।

समग्रमा Gen-Z आन्दोलन युवाको क्षणिक आक्रोश नभई भ्रष्टाचार, कुशासन, आर्थिक अवसरको अभाव, सामाजिक अन्याय र संस्थागत असफलता विरुद्धको सामूहिक तथा संरचनागत प्रतिक्रिया हो। यस अध्ययनले सुशासन र संस्थागत सुधार, मेरिटमा आधारित प्रशासन, अनिवार्य डिजिटल गभर्नेन्स, समयसीमाबद्ध नीति कार्यान्वयन, गुणस्तरीय रोजगारी सिर्जना, शिक्षा र सीपलाई श्रम बजारसँग समन्वय, डिजिटल अधिकारको संरक्षण र नीति निर्माणमा युवाको संस्थागत सहभागिता आवश्यक रहेको निष्कर्ष प्रस्तुत गर्दछ । यी सुधारहरू कार्यान्वयन भए मात्र युवाको विश्वास पुनःस्थापना, सामाजिक स्थायित्व र दिगो लोकतान्त्रिक तथा आर्थिक विकास सम्भव हुने यस अध्ययनको निष्कर्ष हो ।

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

भाद्र २३-२४, २०८२ मा नेपालले ऐतिहासिक Gen-Z आन्दोलनको सामना गर्नुपर्‍यो । यो आन्दोलन सामाजिक संजालबाट प्रेरित भएर युवा नेतृत्वमा गरिएको थियो । भष्ट्राचार र सामाजिक सञ्जालहरूमा लगाइएको प्रतिबन्धहरूका विरुद्धमा सुरू भएको यो आन्दोलनले दुई दिनकै अन्तरालमा विकराल रूप धारण गर्‍यो (कान्तिपुर दैनिक, भाद्र २५, २०८२)।

पहिलो दिनमै काठमाडौं, पोखरा, बुटवल, विराटनगरजस्ता ठूला शहरहरूमा प्रदर्शन भयो । सामाजिक संजाल, अभिव्यक्ति स्वतन्त्रता, रोजगारी तथा भष्टाचाररहित सामाजिक व्यवस्थाको खोजीमा निस्केको युवा समुदायहरूको प्रदर्शनमाथि सरकारबाट बल प्रयोग गरियो (Kathmandu Post, ९, Sept २०२५)।

भाद्र २३ को घटनाबाट आक्रोशित जनसमुदायले दोस्रो दिन (भाद्र २४, २०८२) देशैभरि विशाल जनप्रदर्शन गरे । आक्रोशित भिडले नेपाल सरकारको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका प्रशासनिक भवनहरू क्रमशः सिंहदरबार, संसदभवन र सर्वोच्च अदालतहरू पूर्णरूपमा क्षति पुर्‍यायो। राजधानीको अतिरिक्त प्रदेश तथा स्थानीय तहका केही प्रशासनिक निकायका भवनहरूमा पनि व्यापक क्षति पुर्‍याइयो । विस्तारित भिडले केही राजनैतिक नेतृत्वहरूको घरमा समेत क्षति पुर्‍यायो (The New York Times, १२ Sep २०२५) । अन्ततः तत्कालिन प्रधानमन्त्रीको राजिनामा र त्यसपछि अन्तरिम सरकार गठन गरेपश्चात् विद्रोह सामान्य बन्न गयो ।

राष्ट्रिय योजना आयोगको प्रतिवेदनअनुसार सातै प्रदेशका ५४ जिल्लाका २६२ स्थानीय तहमा आन्दोलनका कारण क्षति पुगेको देखिन्छ । सेप्टेम्बर ८ मा २० जना, सेप्टेम्बर ९ मा ३७ जना र त्यसपछिका दिनहरूमा थप २० जनाको मृत्यु भएको उल्लेख गरिएको छ । सोहि प्रतिवेदनमा उल्लेख भएअनुरूप उक्त आन्दोलनका कारण कूल भौतिक क्षति करिब रु ८४.४५ अर्ब रहेको देखियो (राष्ट्रिय योजना आयोग, २०८२)।

युवाहरूको वर्षौंदेखि राजनीतिक परिवर्तन, संघीय पुनर्संरचना र बारम्बारका आश्वासनका बाबजुद सुशासनसम्बन्धी कुराहरूमा कुनै सुधार नभएको, सोहि किसिमले युवा उद्यमीहरूमा पनि समय सान्दर्भिक नियम कानून नहुनु, देशमा लगानीको वातावरणमा नहुनु र सरकारले निर्माण गरेका योजनाहरू पनि समयमा कार्यान्वन गर्न नसक्नुजस्ता चुनौतीहरू रहँदै आएको आवाज आन्दोलनपूर्व र आन्दोलनपश्चात् सडकमा युवाहरूबाट सुनिने गरेको थियो । यसै गरि युवा तथा विद्यार्थीहरूले पनि आफ्नो योग्यता सीपअनुसारको रोजगारी नपाउनु र रोजगारी प्राप्त भए पनि जीवन निर्वाह गर्न कठिन

भइरहेको जस्ता समस्या औँलाईरहेका थिए । यी सबै समस्याहरू आउनुमा सुशासन, जवाफदेहिता र आर्थिक असमानता रहेको चर्चा आन्दोलनकारीहरूबीच सुनिन्थ्यो ।

अन्तरिम सरकार गठन भइसकेपछि आन्दोलनले तातेको सडक शान्त बन्यो । आन्दोलन र आन्दोलनपछिका केही दिनहरूमा ७० भन्दा बढि व्यक्तिहरूले ज्यान गुमाए (Amnesty International Nepal, २०२५) । अर्कोतर्फ, आन्दोलनले उठान गरेका माग तथा आकांक्षाहरू पूर्ण रूपमा सम्वोधन हुन सकेको छैन । यसै सन्दर्भमा Gen-Z समूहको आन्दोलनका कारणहरू के-के थिए ? भष्ट्राचार तथा बेरोजगारका कारणले उनीहरू के-कति पीडित बनेका थिए ? यो आन्दोलनले सुशासन र अर्थतन्त्रमा के कस्तो असर पारेको छ ? अर्थतन्त्र र सामाजिक व्यवस्थालाई कसरी समुन्नत नेपालको निर्माणमा लगाउँन सकिन्छ ? आदि प्रश्नहरूको उत्तर पहिचान गर्नु राष्ट्र निर्माणका लागि एक आवश्यक कदम हो । यसै सन्दर्भमा रहेर अध्ययनका उद्देश्यहरू संगैको बुँदामा निर्दिष्ट गरिएको छ ।

## १.२ अध्ययनका उद्देश्यहरू

यस अध्ययनको सामान्य उद्देश्यअन्तर्गत नेपालमा सन् २०२५ को Gen-Z आन्दोलन, यसको मूल कारणहरू, र त्यसले पारेको दीर्घकालीन प्रभावहरूबारे स्पष्ट जानकारी प्राप्त गर्ने रहेको छ । यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नानुसार छन् ।

१. सन् २०२५ सेप्टेम्बरको Gen-Z आन्दोलनको मुख्य सामाजिक, आर्थिक तथा सुशासन सम्बन्धित कारणहरूको पहिचान गरि विश्लेषण गर्ने ।

२. भ्रष्टाचार, जवाफदेहिता, डिजिटल स्वतन्त्रता र रोजगारीप्रति रहेको कार्यप्रति युवाहरूको धारणाको अन्वेषण गर्ने ।

३. आन्दोलनले सुशासन र अर्थतन्त्रमा पारेको प्रभावको मूल्यांकन गर्ने ।

४. सुशासन र राज्यका निकायमा युवा सहभागिता अभिवृद्धिका लागि चाल्नुपर्ने कदमहरूको सन्दर्भमा आवश्यक सुझाव सिफारिस गर्ने।

## १.३ अध्ययनको महत्त्व

यस्ता संकटहरू भविष्यमा दोहोरिन नदिन सरकारले अपनाउन सक्ने व्यावहारिक तथा तथ्यमा आधारित नीतिगत कदमहरू पहिचान गर्नु अत्यावश्यक भएको सन्दर्भमा यस अध्ययनले आवश्यक विश्लेषण र ठोस सुझावहरू प्रस्तुत गरेको छ । अध्ययनबाट प्राप्त निष्कर्षहरूले राष्ट्रिय नीतिमा

सुधार, संस्थागत उत्तरदायित्व र जवाफदेहिताको वृद्धि, तथा नेपालको विकास योजनामा युवाहरूका अपेक्षा र आकांक्षा प्रभावकारी रूपमा समावेश गर्न महत्त्वपूर्ण भूमिका खेल्ने छ ।

दीर्घकालीन रूपमा यस अनुसन्धानका परिणामहरूले राष्ट्रिय नीतिलाई मार्गदर्शन गर्ने, संस्थागत सुधारलाई सुदृढ बनाउने, र युवा पुस्ताको सहभागितामूलक नीति निर्माणमा आधार प्रदान गर्ने छ । अतः यो अध्ययन केवल एउटा आन्दोलनको विश्लेषण मात्र नभई नेपालमा भविष्यमा स्थिर, समावेशी, उत्तरदायी र दिगो शासन संरचना निर्माणका लागि आवश्यक बौद्धिक तथा नीतिगत आधारका रूपमा अत्यन्त महत्त्वपूर्ण ठहरिने छ । हालसम्म Gen-Z आन्दोलनका मुख्य कारण, यसले पारेको सामाजिक तथा आर्थिक प्रभाव र यस सन्दर्भमा सरकारले लिनुपर्ने नीति तथा चाल्नुपर्ने कदमका बारेमा कुनै अध्ययन नभएको सन्दर्भमा यो अध्ययनको महत्त्व आफैमा प्रष्ट छ ।

## १.४ कार्यक्षेत्र

अध्ययनको सुरुमा नेपालका युवाहरूद्वारा नेतृत्व गरिएको Gen-Z आन्दोलनको पृष्ठभूमि बुझ्न व्यापक रूपमा पुस्तकालय विधिबाट साहित्य समीक्षा गरिएको छ । यस समीक्षामा दक्षिण एशिया, अफ्रिका तथा ल्याटिन अमेरिकामा भएका यस्तै प्रकृतिका आन्दोलनका अनुभवहरू, शैक्षिक लेख, नीतिगत कागजात, कानूनी संरचना, समाचार सामग्री, र नागरिक समाज संस्थाहरूका अभिलेखहरू समावेश गरिएको छ । यसले नेपालका ऐतिहासिक तथा वर्तमान शासन प्रणालीमा सुशासन र जवाफदेहिता अभिवृद्धिका लागि युवाहरूको भूमिकाबारे आधारभूत विश्लेषण प्रदान गरेको छ । साथै, नेपालमा बदलिँदो राजनीतिक प्रशासनिक संरचनाले युवालाई कसरी सम्बोधन गरिरहेको छ भन्ने विषयमा केही आधारहरू सिफारिस गरेको छ ।

पूर्वकार्य समीक्षाबाट प्राप्त आधारहरूको उपयोग गर्दै यो अध्ययनलाई व्यवस्थित नक्सांकन प्रदान गरिएको छ, जसले युवा नेतृत्वका सुशासन आन्दोलनहरूलाई प्रभावित गर्ने वा तिनबाट प्रभावित हुने प्रमुख पक्षहरू पहिचान गरिएको छ । त्यसअन्तर्गत युवा नेतृत्व, विद्यार्थी संगठन, सामाजिक अभियन्ता, थिङ्कट्याङ्क, एनजीओ, जनप्रतिनिधि, सरकारी कर्मचारी, र सुरक्षा निकायहरूलाई समेत समेटिएको छ । यी समूहहरूका प्रतिनिधिहरूसँग गुणात्मक अन्तर्वार्ता लिइएको छ, जसबाट युवा सहभागिता, सहभागितामा रहेका बाधा, संस्थागत प्रक्रिया, र सम्भावित सकारात्मक सहकार्यका अवसरबारे विविध दृष्टिकोणहरू सङ्कलन गरिएको छ । अध्ययन विशेषतः प्रादेशिक विविधता, लैंगिक आयाम, तथा पछाडि पारिएका युवाहरूका अनुभवहरूमा समेत केन्द्रित रहेको छ । गुणात्मक विश्लेषणलाई मजबुत बनाउनको लागि अध्ययन टोलीले संरचित प्रश्नावली तयार गरेर सातवटै प्रदेशमा सर्वेक्षण गरिएको थियो । जसले ग्रामीण तथा शहरी क्षेत्रका युवा, महिला, लैंगिक विविधता

भएका समूह, जातीय/जातिगत, विद्यार्थी, बेरोजगार युवा तथा अन्य युवाहरूको प्रतिनिधित्व सुनिश्चित गरेको छ ।

फिल्ड सर्वेक्षण सम्पन्न गरि परिमाणात्मक तथा गुणात्मक दुवै तथ्याङ्कको विस्तृत विश्लेषण गरिएको छ । परिमाणात्मक तथ्याङ्कमा प्रवृत्ति, सम्बन्ध, र प्रादेशिक भिन्नता पहिचान गर्न उपयुक्त सांख्यिक उपकरणहरू प्रयोग गरिएका छन् । गुणात्मक तथ्याङ्कलाई विषयगत रूपमा कोड गरि अन्तर्वार्ता तथा खुला प्रतिक्रियाबाट आएका प्रमुख विषयवस्तुहरू पहिचान गरिएको छ । अन्त्यमा, विभिन्न विधाबाट आएका प्रमाणहरूलाई त्रिकोणिकरण (Triangulation) गरी निष्कर्षहरूको विश्वसनीयता सुनिश्चित गरिएको छ ।

विश्लेषणबाट प्राप्त प्रमुख निष्कर्ष र प्रारम्भिक नीतिगत सुझावहरू समेटिएको विश्लेषणात्मक गरि यो प्रतिवेदन तयार गरिएको छ । साथै, अर्थ मन्त्रालयको आर्थिक नीति विश्लेषण महाशाखाका प्रमुखको उपस्थितिमा अनुसन्धानको लागि गठन गरिएको समितिका सदस्यहरूको उपस्थितिमा यो प्रतिवेदन प्रस्तुत गरि उक्त समितिका सदस्यहरूबाट प्राप्त सुझावहरूलाई समेत समावेश गरि यसलाई अन्तिम रूपमा तयार गरिएको छ ।

यी सबै प्रक्रिया अपनाउँदै अन्तिम प्रतिवेदन तयार गरिएको छ जसमा गहन विश्लेषण, नमुना अध्ययन (Case Study), नीतिगत सिफारिसहरू र विधि विधानसम्बन्धी परिशिष्टहरू समावेश गरि नीति निर्माताहरूका लागि संक्षिप्त र परिष्कृत नीतिसार (Policy Brief) तयार गरिएको छ, जसमा नेपालमा सुशासन र नीतिनिर्माण प्रक्रियामा युवाको सहभागिता सुदृढ गर्न आवश्यक प्रमुख मुद्दा र कार्यान्वयनयोग्य सिफारिसहरू समेत समेटिएको छ ।

## १.५ अध्ययनका सीमाहरू

यस अध्ययनलाई यथार्थपरक र परिणाममुखी बनाउन उपयुक्त विधि र उपायहरू अवलम्बन गरिएको छ । यस अध्ययनका सीमाहरू निम्नानुसार रहेका छन्ः

१. भ्रष्टाचार, डिजिटल स्वतन्त्रता, र सुशासनजस्ता संवेदनशील विषयहरूमा प्राप्त हुने तथ्याङ्कहरू उत्तरदाताहरूले पूर्वाग्रहमुक्त भएर उपलब्ध गराउने सम्भावना कम हुनसक्छ ।

२. प्रदेशगत प्रतिनिधित्व गर्नको लागि प्रदेश सदरमुकामलाई छनौट गर्दा विशेष गरि सीमान्तकृत समुदायका युवाहरू र डिजिटल पहुँच नभएका समूहको प्रतिनिधित्व कम हुन सक्दछ ।

३. अध्ययनको अवधि छोटो भएकोले गुणात्मक अनुसन्धानको अध्ययनको परिधिलाई सीमित पारिएको छ ।

४. युवा नेतृत्वमा भएका आन्दोलनबारे विश्वसनीय द्वितीय तथ्याङ्कहरूको कमीले गर्दा तुलना र विश्लेषणको अवस्थालाई धेरै बलियो बनाउन कठिन हुन सक्दछ ।

५. यस अध्ययनमा ३५ वर्षभन्दा कम उमेर भएका युवाहरूलाई मात्र समेटिएको छ ।

## १.६ अध्ययन विधि


यस Gen-Z आन्दोलन, यसको मूल कारणहरू, र यसको दीर्घकालीन प्रभाव अध्ययनका लागि विवरणात्मक र विश्लेषणात्मक दुवै अध्ययन विधि प्रयोग गरिएको छ । परिमाणात्मक तथा गुणात्मक दुवै प्रकारका विधिहरूले नेपालमा सन् २०२५ सेप्टेम्बरमा भएको युवा आन्दोलन हुनुमा विगतमा राज्य संचालन गर्ने व्यक्तिहरूको क्षमता, रोजगारी र सामाजिक न्यायका विषयमा नेपाली युवाका धारणाहरू व्यापक रूपमा विश्लेषण गरिएको छ । साथै, यस अध्ययन अनुसन्धानलाई थप वस्तुनिष्ठ तुल्याउने प्रयास गरिएको छ । यस अध्ययन अनुसन्धानबाट प्राप्त निष्कर्षहरू वास्तविक तथ्याङ्कमा आधारित छन् । तथ्याङ्कको विश्लेषणका लागि तथ्याङ्कीय विधिहरू प्रयोग गरिएको छ जसले गर्दा तथ्याङ्कको उचित प्रतिनिधित्वलाई सुनिश्चित गरेको छ । विभिन्न विधिबाट सङ्कलन गरिएको तथ्याङ्कलाई प्रशोधन गर्नुका साथै व्यवस्थित तवरबाट विश्लेषण गरि अनुसन्धान प्रतिवेदन तयार गरिएको छ । परिमाणात्मक तथ्याङ्कले प्रदेशगत र जनसांख्यिक भिन्नताअनुसार युवाहरूको धारणालाई प्रस्तुत गरेको छ । गुणात्मक विधिले युवाहरूका अनुभव, प्रेरणा, र अपेक्षाबारे वस्तुनिस्ठ विश्लेषण गरेकोछ । यी दुवै दृष्टिकोणको संयोजनले आन्दोलनपछिको नेपालको सामाजिक राजनीतिक परिवेशलाई समग्र रूपमा बुझ्न मद्दत गर्नेछ ।

### १.६.१ अध्ययनको प्रारूप

नेपालमा सन् २०२५ मा भएको Gen-Z आन्दोलनको कारण र परिणाम, सामाजिक सञ्चार माध्यमको भूमिका, तथा नीतिनिर्माताबाट युवाहरूको अपेक्षाबारे विश्लेषण गर्न अध्ययनको प्रारूप चित्र नं.१ मा देखाइएको छ । अध्ययनको प्रारूप विकासशील देशहरूमा युवा आन्दोलन, नागरिक सहभागिता, शासन, तथा सामाजिक न्यायसम्बन्धी साहित्य समीक्षाको आधारमा विकास गरिएको हो । यसले तीन प्रमुख आयामहरूबीचको अन्तरसम्बन्धलाई प्रकाश पार्दछ ।

**रेखाचित्र १.१ः**

अध्ययनको अवधारणात्मक प्रारूप




*स्रोतः* अनुसन्धानकर्ताद्वारा विकसित

## १. ६.२ तथ्याङ्क सङ्कलन

Gen-Z आन्दोलन, यसको मूल कारणहरू र यसको दीर्घकालीन प्रभाव अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरू प्राथमिक र द्वितीय स्रोतहरूबाट सङ्कलन गरिएको छ । मूलतः प्राथमिक स्रोतबाट सङ्कलन गरिएका तथ्याङ्कहरूको आधारमा अध्ययनको विश्लेषण गरिएको छ ।

### प्राथमिक तथ्याङ्क सङ्कलन

प्राथमिक तथ्याङ्क सङ्कलनका लागि Gen-Z आन्दोलन, यसको मूल कारणहरू, र यसको दीर्घकालीन प्रभाव अध्ययनका उद्देश्यहरू समेट्ने गरि सबै प्रदेशहरूको प्रतिनिधित्व हुने गरि सातवटै प्रदेशहरूका सदरमुकाम छनोट गरिएको छ । छनोट भएका प्रदेशमा Purposive Sampling छनोट विधिको प्रयोग गरि नमूना संकलन गरिएको छ । गुणात्मक तथ्याङ्क संकलनको लागि Gen-Z समूह तथा तिनीहरूसँग आवद्ध संघसंस्था, जनप्रतिनिधिहरू, कर्मचारीहरू, युवा तथा बुद्धिजीवी, गैरसरकारी संस्थाहरूबाट सङ्कलन गरिएको छ ।

**तथ्याङ्क सङ्कलनका लागि नमूना छनोटः**

फरक-फरक उद्देश्यहरूको आधारहरूलाई समेट्दै नमुना छनोटमा उद्देश्यमूलक वर्गीकरण र नमुना छनोट गरि तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको छ। जब कूल जनसंख्या १०,००० भन्दा धेरै वा अज्ञात हुन्छ, निम्न सूत्र प्रयोग गरी नमुना आकार निर्धारण गरिन्छः

$n = Z^2pq/d^2$

where:

n = sample size
Z = standard value for confidence level (usually 1.96 for 95% confidence)
p = estimated proportion of the population with a trait (use 0.5 if unknown)
q = 1 − p
d = acceptable margin of error (usually 0.05)

९५% विश्वासस्तर (Z = १.९५), p = ०.५, र ०.०५ को त्रुटि सीमाका आधारमा नमुना आकार लगभग ३८४ हुन्छ । हामीले गैर-प्रतिक्रिया त्रुटि (Non Response Error) १०% राख्यौं भने, अर्थात् ३८४.१६ × १०/१०० = ३८.४१ हुन्छ। त्यसैले कूल नमुना आकार (३८४.१६ + ३८.४१ = ४२२.५८ ≈ ४२३) तय गरिएको छ। नमूना छनोट प्रक्रिया एवं विधिबारे तालिका १.१ मा प्रस्तुत गरिएको छः

**तालिका १.१ः**

नमुना छनोटसम्बन्धी प्रक्रिया एवं विधि

| प्रदेश | जम्मा जनसंख्या | जिल्ला | नमुना छनोट |
|---|---|---|---|
| कोशी प्रदेश | ४,९६१,४१२ | बिराटनगर | ७२ |
| मधेश प्रदेश | ६,११४,६०० | जनकपुर | ८९ |
| बागमती प्रदेश | ६,११६,८६६ | हेटौडा/काठमाडौं | ८९ |
| गण्डकी प्रदेश | २,४६६,४२७ | पोखरा | ३६ |
| लुम्बिनी प्रदेश | ५,१२२,०७८ | भैरहवा | ७१ |
| कर्णाली प्रदेश | १,६८८,४१२ | सुर्खेत | २४ |
| सुदूरपश्चिम प्रदेश | २,६९४,७८३ | धनगढी | ३९ |
| जम्मा | २,९१,६४,५७८ | | ४२० |

**टिपोटः** माथि उल्लेखित तथ्याङ्क सङ्कलन विधिबाट तय भएको नमुना आकारलाई ७ वटै प्रदेशहरूको कूल जनसंख्याको अनुपातको आधारमा तयार पारिएको ।

तालिका १.१ ले ७ वटै प्रदेशहरूको कूल जनसंख्याको आधारमा तयार पारिएको नमुना आकारलाई देखाएको छ । जसअन्तर्गत प्रत्येक प्रदेशको कूल जनसंख्याको प्रतिशतको आधारमा नमुनाको आकार निर्धारण गरिएको छ । जनसंख्याको आधारमा सबैभन्दा बढि जनसंख्या बागमती र मधेश प्रदेशमा रहेको छ, यसैको आधारमा नमुना आकार ८९/८९ तय गरिएको छ । त्यसै गरि जनसंख्याको आधारमा लुम्बिनी, कोशी, सुदूरपश्चिम, गण्डकी र कर्णाली प्रदेशमा क्रमशः ७४, ७२, ३९, ३६ र २४ तय गरिएको छ ।

### संरचित प्रश्नावली सर्वेक्षण (Structure Questionnaire Survey)

युवाहरूका सुशासन, रोजगारी, सामाजिक न्याय, र नागरिक सहभागिताबारेका धारणाहरू परिमाणात्मक रूपमा संकलन गर्न संरचित प्रश्नावली प्रयोग गरिएको छ । प्रश्नावलीमार्फत Gen-Z पुस्ताले वर्तमान राजनीतिक प्रणालीप्रति के-कस्ता अपेक्षा, असन्तुष्टि तथा सुधारमा प्राथमिकता राख्छन् भन्ने खोज गरिएको छ । प्रश्नहरू सरल, स्पष्ट र तथ्यमा आधारित छन्, जसले उत्तरदाताले आफ्ना विचार सहज रूपमा व्यक्त गर्न सहज भएको छ । सर्वेक्षण बहुविकल्पीय र लाइकर्ट-स्केलमा आधारित प्रश्नहरूमा केन्द्रित रहेको छ । संकलित तथ्याङ्कले युवा पुस्ताको समस्या, आकांक्षा, र सुधारका सम्भावित दिशाहरू पहिचान गरेको छ ।

### प्रमुख सूचनादाता अन्तर्वार्ता (Key Informant Interviews)

नीतिनिर्माता, सुरक्षा निकायका प्रतिनिधिहरू, उधोगवाणिज्य संघका प्रतिनिधिहरू, स्थानीय निकायका प्रतिनिधिहरू, युवा अभियन्ता, शैक्षिक क्षेत्रका विज्ञ, तथा सुशासन र सामाजिक विकासका विशेषज्ञहरू तथा Gen-Z आन्दोलनका अभियन्ताहरूसँग अन्तर्वार्ता लिइएको छ । यी अन्तर्वार्ताले Gen-Z आन्दोलनका मूल कारण, यसको सामाजिक, राजनीतिक प्रभाव र आगामी नीतिगत दिशानिर्देशनबारे ज्ञान प्रदान गर्ने अपेक्षा गरिएको छ । अन्तर्वार्तामा सहभागी हुने व्यक्तिहरूले युवाहरूमा रहेको बढ्दो निराशा, रोजगारी अवसरको अभाव र राज्यको नागरिकप्रतिको जिम्मेवारीमा देखिएको फितलोपनाका बारेमा आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् ।

### समूह छलफल (Focus Group Discussions)

विभिन्न पृष्ठभूमिका युवाहरू, स्थानीय निकायका प्रतिनिधि तथा कर्मचारीहरू, शैक्षिक क्षेत्रका विज्ञहरूसँग समूहगत छलफल गरी सुशासन, रोजगारी र सामाजिक सुधारसम्बन्धी विचार, अनुभव र सुझावहरू संकलित गरिएको छ । समूहगत छलफलहरूले युवाहरूको सामूहिक धारणा, साझा

चुनौती र उनीहरूले देखेका सम्भावित समाधानहरू पहिचान गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । यस प्रक्रियाबाट प्राप्त गुणात्मक तथ्याङ्क Gen-Z पुस्ताको आकांक्षा, असन्तोषका मुख्य क्षेत्र र नीतिगत प्राथमिकताहरू बुझ्नका लागि उपयोगी आधार बन्नेछ ।

### द्वितीय तथ्याङ्क सङ्कलन

सरकार तथा संस्थागत प्रतिवेदन, युवा विकास तथा रोजगारीका तथ्याङ्क, सुशासनसम्बन्धी सूचकहरू, शैक्षिक लेख, नीतिगत कागजात र सामाजिक सञ्जाल विश्लेषणको लागि प्रयोग गरिएको छ । यसले सन् २०२५ सेप्टेम्बरको युवा आन्दोलनबारे व्यापक सन्दर्भ प्रदान गरेको छ । द्वितीयक स्रोतहरूले हालसम्म भएका अनुसन्धान, नीतिगत बहस र सरकार तथा अन्तर्राष्ट्रिय संस्थाहरूले प्रकाशित गरेका तथ्याङ्कलाई समेटेको छ, जसले प्राथमिक तथ्याङ्कलाई परिपूरक गरेको छ । सामाजिक सञ्जालमा देखिएका प्रवृत्ति, ह्यासट्याग अभियान र युवाहरूको अभिव्यक्तिले आन्दोलनका विविध आयामहरू बुझ्न सहयोग पुऱ्याएको छ । यसले आन्दोलनलाई उत्प्रेरित गर्ने संरचनागत समस्याहरू जस्तै बेरोजगारी, अवसरको असमानता र नीति कार्यान्वयनमा देखिएको कमजोरी पहिचान गर्न थप आधार उपलब्ध गराएको छ । द्वितीय तथ्याङ्क विश्लेषणले आन्दोलनले उठाएका मुद्दाहरूको ऐतिहासिक पृष्ठभूमि, क्षेत्रीय भिन्नता तथा नीतिगत प्रतिक्रियासमेत तुलना गर्न मद्दत गरेको छ ।

### १.६.३ तथ्याङ्कहरूको विश्लेषण

प्रमुख सूचनादाता (KIIs) र समूह छलफल (FGDs) लाई विषयगत विश्लेषण (Thematic Analysis) मार्फत मूल्यांकन गरिएको छ । यस प्रक्रियामा अन्तर्वार्ता र छलफलका अडियो/भिडियो अभिलेखहरूको कोडिङ र विषयहरू वर्गीकरण गरिएको छ, जसले सन् २०२५ को आन्दोलनबारे युवाहरूको बुझाइ र राज्य संस्थाप्रति उनीहरूको अपेक्षाहरूलाई स्पष्ट पारेको छ । यो विषयगत विश्लेषणले सहभागीहरूबीच भएका सामाजिक तथा राजनीतिक धारणाहरू र प्रवृत्तिहरू पहिचान गर्न मद्दत गरेको छ ।

सर्वेक्षणबाट सङ्कलित परिमाणात्मक तथ्याङ्कहरूको विश्लेषणमा R, STATA जस्ता सफ्टवेयरको प्रयोग गरिएको छ । यसले युवाहरूका धारणा र अनुभवका प्रवृत्तिहरूको जनसांख्यिकीय आधारमा तुलना र सम्बन्धहरूको अन्वेषण गरेको छ । अन्ततः त्रिकोणिकरण (Triangulation) विधिले गुणात्मक र मात्रात्मक स्रोतहरूबाट प्राप्त जानकारीलाई एकसाथ जोडेर अध्ययनको विश्वसनीयता बढाएको देखिन्छ। यसले युवा समस्या र सुशासनसम्बन्धी नीतिगत कमजोरीरूलाई हटाइ थप बलियो बनाउँदै प्रभावकारी नीति निर्माणमा सहयोग पुऱ्याउने छ ।

## १.७ अध्ययनको संरचना

पहिलो खण्डमा अध्ययनको पृष्ठभूमि, उद्देश्य, कार्यक्षेत्र र कार्यविधिको विस्तृत व्याख्या समावेश गरिएको छ । साथै, अध्ययनको दायरा, अनुसन्धान पद्धति, अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरू प्राथमिक र द्वितीय स्रोतहरूबाट सङ्कलनका स्रोतहरू उल्लेख गरिएको छ । दोस्रो खण्डमा पूर्व कार्यको समीक्षा, तेस्रो खण्डमा अनुसन्धानमा संलग्न व्यक्तिहरूको सामाजिक, आर्थिक र जनसांख्यिक विशेषतासहितको प्रोफाइल प्रस्तुत गरिएको छ । यसले अध्ययनमा संलग्न समूहको पृष्ठभूमि बुझ्न सहयोग पुऱ्याएको छ ।

चौथो खण्डमा Gen-Z आन्दोलनका मूल कारणहरूको विश्लेषण प्रस्तुत गरिएको छ । आन्दोलन उत्पन्न हुनुका संरचनागत, सामाजिक, आर्थिक र मनोभावनात्मक आधारहरू व्याख्या गरिएको छ । पाँचौं खण्डमा भ्रष्ट्राचार, डिजिटल स्वतन्त्रता र रोजगारीप्रति युवाहरूको धारणा प्रस्तुत गरिएको छ । छैठौं खण्डमा आन्दोलनले शुसासन र अर्थतन्त्रमा पारेको प्रभाव प्रस्तुत गरिएको छ । सातौं खण्डमा सुशासन र युवा सहभागिता अभिवृद्धिका लागि चाल्नुपर्ने कदमहरू र आठौं खण्डमा अध्ययनबाट प्राप्त निष्कर्षहरूको आधारमा सबल नेपाल निर्माणका लागि आवश्यक नीतिगत मार्गचित्र र कार्यान्वयनका लागि सुझावहरू प्रस्तुत गरिएको छ । यी सुझावहरूले आगामी दिशानिर्देशनमा योगदान पुऱ्याउने अपेक्षा राखिएको छ ।

# परिच्छेद दुई : पूर्व कार्यको समीक्षा

## २.१ पृष्ठभूमि

Gen-Z सन् 1997 पछि जन्मिएकाहरूलाई डिजिटल-नेटिभ पुस्तालाई मानिन्छ, जुन पुस्ता राजनीतिक चेतना, सामाजिक सञ्जाल, न्यायका मुद्दा, र संस्थागत अविश्वाससँग गहिरो रूपमा जोडिएको देखिन्छ (Najmi & Ismail, 2025; Castells, 2013)। आधुनिक युवा आन्दोलनहरू नेतृत्वविहिन, विकेन्द्रित र डिजिटल प्रविधिको माध्यममार्फत हुने गर्छ, जुन Gen-Z आन्दोलनको मुख्य विशेषता हो । Gen-Z आन्दोलनहरू प्रायः राजनीतिक दलप्रतिको अविश्वास, भ्रष्टाचार, जवाफदेहिताको अभावबाट उत्पन्न भएका देखिन्छन् (Foa & Mounk, 2016)। Gen-Z समूह युवाहरूको स्वतन्त्रता, समानता र पारदर्शितामा आधारित नयाँ राजनीतिक संस्कृति निर्माण गर्ने अभियान हो । यो कुनै एकादेशमा सीमित नभई अमेरिका, हङकङ, दक्षिण कोरिया, ताइवान, बेलारुस, म्यान्मार, चिली, भारतलगायत अनेकौं मुलुकमा प्रभावशाली रूपमा देखा परेको छ । Gen-Z ले प्रयोग गरेको डिजिटल रणनीति, सांगठनिक क्षमताहरू र सामाजिक मुद्दाप्रतिको संवेदनशीलताले धेरै देशमा राजनीतिक निर्णय र नीतिगत परिवर्तनहरूमा प्रत्यक्ष असर पारेको छ ।

स्विट्जरल्याण्डको डाभोसमा आयोजित विश्व आर्थिक मञ्च (WEF) को बैठकमा पेश भएको प्रतिवेदन RESISTING THE RULE OF THE RICH (Protecting freedom billionaire power) मा सरकारले लिएको आर्थिक नीतिका कारण जनमानसभित्र गुम्सिएको आक्रोश सन् २०२५ मा असमानता, भ्रष्टाचार र मितव्ययिता नीतिका विरुद्ध विश्वव्यापी विरोध प्रदर्शनका रूपमा विस्फोट भएको प्रतिवेदनमा उल्लेख छ (Oxfam International, 2026)।

यीमध्ये धेरैजसो प्रदर्शनहरू युवाहरूको नेतृत्वमा भएकाले यसलाई जेनजी विद्रोहको रूपमा चिनियो। यस्ता आन्दोलनहरू दक्षिण एशिया, उत्तर र पूर्वी अफ्रिका, दक्षिण-पूर्वी युरोप र ल्याटिन अमेरिकामा भएका थिए । प्रतिवेदनमा भनिएको छ धेरै ठाउँमा सरकारहरूले सम्पत्तिको पुनर्वितरण गर्नुको सट्टा असहमतिलाई दबाउने बाटो रोज्दा प्रदर्शनकारीहरूले कठोर दमनको सामना गर्नुपऱ्यो (Oxfam International, 2026)।

## २.२ बङ्गलादेश र इन्डोनेसियामा भएको Gen -Z आन्दोलनको समिक्षा

**बङ्गलादेश**

Gen-Z आन्दोलन बङ्गलादेशमा उदाएको एउटा नयाँ पुस्ता केन्द्रित सामाजिक तथा राजनीतिक अभियान थियो, जसले देशका युवाहरू, प्रविधि क्षेत्रमा संलग्न व्यक्तिहरू, श्रमिक समुदाय, महिला तथा अल्पसंख्यक समूहहरूलाई एउटै साझा प्लेटफर्ममा जोडेर व्यापक सुधारको माग अगाडि बढायो (Hossain et al., २०२५)। परम्परागत राजनीतिक संरचना, नेतृत्वशैली, व्यापक भ्रष्टाचार तथा राज्य निकायहरूको अकर्मण्यताबाट निराश जनतालाई वैकल्पिक दृष्टिकोण र नीतिगत पुनर्संरचनाको आशा दिलाउँदै यो आन्दोलन द्रुतगतिमा फैलियो । डिजिटल अभियान, अनलाइन संगठन तथा सामाजिक सञ्जालमा भएको व्यापक सहभागिताले आन्दोलनलाई देशभरि प्रभावकारी रूपमा परिचालन गर्न मद्दत गर्‍यो, जसका कारण हजारौं युवाहरू शान्तिपूर्ण आन्दोलन, सार्वजनिक बहस, नीतिसम्बन्धी छलफल तथा सडक प्रदर्शनमा सक्रिय भए । राज्यको संसाधन वितरणमा पारदर्शिता, न्याय प्रणालीमा सुधार, रोजगार सिर्जना, लैंगिक समानता तथा मानवअधिकार संरक्षणजस्ता ठोस विषय उठाइएका कारण आन्दोलनले व्यापक सामाजिक समर्थन प्राप्त गर्‍यो । सामाजिक सञ्जालमा आधारित नेतृत्व र हिंसाविहीन रणनीतिले यसलाई विश्वसनीय तथा जिम्मेवार अभियानका रूपमा स्थापित गर्‍यो, जसले लोकतान्त्रिक संस्थाहरूमा दबाव सिर्जना गर्दै सरकारलाई सुधारका कदम चाल्न बाध्य बनायो । अन्ततः जनतामा जागृत राजनीतिक चेतना, युवा पुस्ताको एकमत लामबद्धता, तथा पारदर्शिता र जवाफदेहिताको मागलाई मूल एजेण्डा बनाएको यस आन्दोलनले बङ्गलादेशमा नयाँ राजनीतिक संवाद, विकल्प र सुधार प्रक्रियाको सुरुवात गर्न सफल भयो ।

बङ्गलादेशमा Gen-Z नेतृत्वको आन्दोलनको प्रमुख कारणमध्ये सबैभन्दा महत्त्वपूर्ण कारण १५ वर्षसम्म कायम रहेको लामो स्वेच्छाचारी शासन रहेको देखिन्छ । एकै व्यक्ति र दलको हातमा राज्यसत्ता केन्द्रित हुनु, लोकतान्त्रिक संस्थाहरूलाई कमजोर पारिनु र शक्ति सन्तुलन तथा नियन्त्रणका संयन्त्रहरू क्षीण पारिनु मानिएको छ (Riaz, २०२३)। विशेष गरि सन् २०१४ को चुनावमा व्यापक धाँधली, मतदाताहरूमा डर/त्रास सिर्जना र वैधानिकताको अभावका कारण आलोचित रह्यो (Ahmed, २०२०)। यसै क्रममा विपक्षी दलहरूलाई कानूनी झमेलामा पार्ने,

गिरफ्तार गर्ने र राजनीतिक हिंसामार्फत क्रमशः कमजोर बनाइयो र लोकतान्त्रिक अभ्यासलाई देखावटी रूपमा सीमित पारियो (Lewis, २०१९)।

यस किसिमको स्वेच्छाचारी शासनसँगै लोकतान्त्रिक मूल्य-मान्यतामा र नागरिक स्वतन्त्रतामा गम्भीर संकुचनहरू देखापरे । सञ्चार माध्यममाथि कडा सेन्सरशिप लगाइयो, अभिव्यक्ति स्वतन्त्रतामा व्यापक प्रतिबन्ध लगाइयो र मानव अधिकार उल्लङ्घनका घटनाहरू सामान्य बन्दै गए (Amnesty International, २०२३)। नागरिकलाई जबर्जस्ती बेपत्ता पार्ने, मनपरी गिरफ्तारी गर्ने र शान्तिपूर्ण प्रदर्शनमाथि अत्यधिक बल प्रयोग गर्ने प्रवृत्तिले राज्य दमनकारी संरचनामा रूपान्तरण भएको अनुभूति जनताहरूमा बढ्दै गयो । विशेष गरि विद्यार्थी, नागरिक अभियन्ता र सरकारका आलोचकहरूलाई अत्यधिक दुःख दिएको कारणले युवापुस्तामा आक्रोश पैदा गर्‍यो (Sultana, २०१९)।

यसै गरि, विकासको नाममा फैलिएको भ्रष्टाचार, बढ्दो असमानता र विभेदयुक्त विकास प्रक्रियाले पनि आन्दोलनलाई मलजल गर्‍यो । देशमा आर्थिक प्रगति भएको दावी गरिए पनि देशभित्र व्यापक भ्रष्टाचार नियन्त्रण हुन सकेन र शिक्षित युवाहरूका लागि समेत समान किसिमको अवसरहरूमा कमि हुँदै गयो । राज्यका स्रोत, रोजगारी र अवसरहरू राजनीतिक रूपमा जोडिएका सीमित सम्भ्रान्त वर्गको नियन्त्रणमा भएको अनुभूतिले आम युवामा गहिरो असन्तोष बढायो (Lewis, २०१९)।

यस असन्तोषलाई प्रत्यक्ष विस्फोट गराउने प्रमुख उत्प्रेरकमा जुन ५ मा उच्च अदालतद्वारा स्वतन्त्रता सेनानीका सन्तानका लागि छुट्टाइएको ३० प्रतिशत कोटा पुनःस्थापना गर्ने निर्णय बन्न पुग्यो । सन् २०१८ मा हटाइएको उक्त कोटा पुनः लागू हुँदा विद्यार्थीहरूले यसलाई विभेदकारी, पुरानो र मेरिटमा आधारित रोजगारी प्रणालीविरुद्धको कदमका रूपमा बुझे (Hossain & Obaidullah, २०२४)। सीमित रोजगारीका अवसरबीच यस निर्णयले शिक्षित युवाहरूलाई भविष्यमा प्रत्यक्ष असर पार्ने भएकाले आन्दोलनले थप गति लियो ।

आन्दोलनलाई अझ उग्र बनाउने अर्को कारण राजनीतिक नेतृत्वको अपमानजनक र विभेदकारी अभिव्यक्ति समेत थियो । प्रधानमन्त्री शेख हसिनाले कोटा प्रणालीको विरोध गर्नेहरूलाई 'रजाकार'सँग तुलना गरेपछि युवापुस्तामा व्यापक आक्रोश फैलियो । 'रजाकार' शब्द सन् १९७१ को मुक्ति संग्राममा विश्वासघातसँग जोडिएको गहिरो ऐतिहासिक कलङ्क भएकाले यसलाई लोकतन्त्रमा असहमति राख्न पाउने अधिकार माथिको अपमान, विद्यार्थीहरूको मागको नैतिक अवमूल्यन र विपक्षलाई मौन गराउने रणनीतिका रूपमा बुझियो ।

राज्यद्वारा शान्तिपूर्ण प्रदर्शनमाथि गरिएको हिंसात्मक दमनले आन्दोलनलाई निर्णायक मोडमा पुऱ्यायो। प्रहरीद्वारा रबर बुलेट प्रहार र अत्यधिक बल प्रयोग गरिनु, २३ वर्षीय विद्यार्थी अबु सईदको मृत्यु हुनु आन्दोलनको टर्निङ प्वाइन्ट बन्यो । ४९० भन्दा बढी घाइते तथा मृतकको संख्या बढ्दै जाँदा जनआक्रोश व्यापक रूपमा बढ्दै जनआन्दोलनमा रूपान्तरण भयो (Hossain & Obaidullah, २०२४)।

यससँगै, सरकारले पटक-पटक मोबाइल इन्टरनेट बन्द गर्नु, सेना, बीजीबी र सुरक्षा बल परिचालन गर्नु तथा देशव्यापी कर्फ्यु लगाउनुले स्थिति झनै उग्र बन्दै गयो । यी कदमहरूले असहमति दबाउन असफल हुनुका साथै राज्यको स्वेच्छाचारी चरित्रलाई अझ प्रष्ट बनायो र आन्दोलनलाई थप कट्टर बनायो । अन्ततः Gen Z पुस्ताले आन्दोलनलाई ऐतिहासिक बनाए । सामाजिक सञ्जालमार्फत छिटो संगठित हुने क्षमता रहेको, पारदर्शिता र जवाफदेहिता खोज्ने प्रवृत्तिले Gen Z लाई बङ्गलादेशको राजनीतिक परिवर्तनको निर्णायक शक्ति बनायो ।

**इन्डोनेसिया**

इन्डोनेसियामा पनि Gen-Z आन्दोलनले युवा जनसंख्या, डिजिटल संस्कृतिको विस्तार, सामाजिक असमानता र पारदर्शी शासनको अभावप्रति बढ्दो असन्तुष्टिलाई एउटै प्लेटफर्ममा जोड्दै व्यापक जनसमर्थन जुटाउन सफल भयो । आन्दोलन मुख्यतः Generation Z (Gen-Z) को नेतृत्वमा अघि बढ्यो, जसले परम्परागत राजनीतिक दलप्रतिको अविश्वास, भ्रष्टाचार र राज्य संयन्त्रमा अकर्मण्यताको विरुद्ध आवाज उठायो ।यस प्रकारको आन्दोलन सफल हुनमा मुख्य कारणहरूमा युवा जनसंख्याको ठूलो हिस्सा, डिजिटल उपकरण र सामाजिक सञ्जालको प्रभावकारी प्रयोग, भ्रष्टाचार र पारदर्शिताप्रतिको असन्तुष्टि र समावेशी एजेन्डा सामेल भएको पाईन्छ (Pradana et al., २०२०)।

राजनीतिक परिवर्तन ल्याउन आन्दोलनले तल्लोस्तरबाट सुरु गरि डिजिटल नेटवर्क, स्थानीयस्तर र क्याम्पसमा आधारित संगठनमार्फत ग्रामीण क्षेत्रसम्म फैलाएको देखिन्छ । यसले महँगी, बेरोजगारी, शिक्षण शुल्क, पर्यावरणीय संरक्षण र पारदर्शी प्रशासनसम्बन्धी मागहरूलाई राष्ट्रिय नीति एजेन्डामा राखेको देखिन्छ । ठूलो डिजिटल पहुँच र युवा मतदाताको दबावले परम्परागत राजनीतिक दललाई Gen-Z का एजेन्डाहरूलाई स्थापित गर्न बाध्य बनायो र केही स्वतन्त्र उम्मेदवारहरूलाई स्थानीय तहमा विजय समेत गराउन सफल भयो (Santoso, २०२२)।

सरकारमाथि दबाव बढाउदै भ्रष्टाचारका प्रमाणहरू सार्वजनिक गर्न, डिजिटल प्रविधिको प्रयोग गर्दै प्रशासनमा पारदर्शिता र जवाफदेहिता बढाउन मद्दत गरेको पाइन्छ । साथै, अन्तर्राष्ट्रिय मिडिया,

NGO र प्रवासी समुदायको समर्थनले सरकारलाई सुधार कदम चाल्न उत्प्रेरित गर्‍यो । Gen-Z आन्दोलनले व्यापक युवा सहभागिता, डिजिटल प्रविधिको प्रयोग, समावेशी एजेन्डा, भ्रष्टाचारविरुद्धको दृढ धारणा र नीति सुधारको दबावमार्फत इन्डोनेसियामा महत्त्वपूर्ण राजनीतिक परिवर्तन ल्याउन सफल भयो । यसले परम्परागत राजनीतिक संरचना र शासन प्रणालीलाई नयाँ पुस्ताको आवश्यकताअनुरूप परिमार्जन गर्न बाध्य बनाएको देखिन्छ (Glarity, २०२५)।

सन् २०२५ को अगस्ट सेप्टेम्बरमा इन्डोनेसियामा Gen-Z को नेतृत्वमा भएको आन्दोलन आकस्मिक वा क्षणिक असन्तुष्टिको परिणति नभई लामो समयदेखि संलिदै आएको आर्थिक, राजनीतिक, सामाजिक र लोकतान्त्रिक संरचनागत समस्याहरूको विस्फोट थियो (Glarity, २०२५)। यस आन्दोलनलाई इन्डोनेसियाली समाजमा युवापुस्ताले भोग्दै आएको असुरक्षा, विभेद र अन्याय विरुद्धको गहिरो अभिव्यक्ति मानिएको छ ।

इन्डोनेसियामा Gen- Z आन्दोलनको मूल जड आर्थिक असन्तोष रहेको थियो । देशमा कायम रहेको श्रम बजारको संरचनाले युवापुस्तालाई स्थायी, सुरक्षित र सम्मानजनक रोजगारी प्रदान गर्न असक्षम भएको देखिन्छ । इन्डोनेसियामा भएका करिब ८० प्रतिशत रोजगारीहरू अनौपचारिक क्षेत्रमा सीमित छन्, जुन सामाजिक सुरक्षा, रोजगारीको स्थायित्व र श्रमिक अधिकारका दृष्टिले समेत अत्यन्त कमजोर देखिएका छन् ।

विशेष गरि गिग अर्थतन्त्र (Gig Economy) को तीव्र विस्तारले युवाहरूलाई थोरै तलबमा काम गर्नुपर्ने वाध्यता र अत्यधिक अस्थायी प्रकृतिको काममा निर्भर बनाएको देखिन्छ (ILO, २०२२)। कोभिड-१९ महामारीपछिको आर्थिक मन्दी, उपभोगमा आएको गिरावट र सुस्त आर्थिक वृद्धिले यो समस्या झनै गहिरो बनाएको थियो । युवाहरूका लागि शिक्षा र रोजगारीबीचको सम्बन्ध कमजोर बन्दै गएको पाइन्छ । उच्च शिक्षा हासिल गरे पनि उपयुक्त रोजगारी नपाउने अवस्थाले Gen Z मा निराशा, आक्रोश र सरकारी प्रणालीप्रति अविश्वासको प्रमुख कारण बनेको देखिन्छ ।

आर्थिक असन्तोषलाई अझ तीव्र बनाउने अर्को कारण जीवनयापन लागतमा तीव्र वृद्धि हुनु पनि रहेको थियो । खाद्यान्न, आवास, यातायात र सार्वजनिक सेवाको मूल्यवृद्धिले शहरी युवाहरू नराम्ररी प्रभावित भएका थिए । यसै परिप्रेक्ष्यमा, सरकारद्वारा लागू गरिएको कडा मितव्ययिता नीतिले समेत जनताहरूको असन्तोष अझ बढाएको थियो । सामाजिक सुरक्षा, शिक्षा र स्वास्थ्यजस्ता क्षेत्रमा खर्च कटौती गरिनु आम नागरिकका लागि प्रत्यक्ष आर्थिक दबावको कारण बनेको थियो (World Bank,

२०२१)। युवापुस्ताले यसलाई आर्थिक संकटको बोझ कमजोर वर्गमाथि थोपर्ने नीतिका रूपमा लिएको देखिन्छ ।

इन्डोनेसियामा Gen Z आन्दोलनको अर्को मुख्य कारण भ्रष्टाचार र राजनीतिक सम्भ्रान्त वर्गमा केन्द्रित रहनु पनि देखिन्छ । राजनीतिक नेतृत्व र उच्च पदस्थ अधिकारीहरूमा मौलाएको भ्रष्टाचारले राज्यप्रति जनविश्वास गम्भीर रूपमा कमजोर बनाएको देखियो । विशेष गरि संसद् सदस्यहरूको आवास भत्तामा अत्यधिक वृद्धि गर्ने निर्णयले आन्दोलनलाई आक्रामक बनायो (Glarity, २०२५)। जनताको ठूलो हिस्सा आर्थिक सङ्कटमा परिरहेको समयमा राजनीतिक नेताहरूले आफ्नै सुविधा बढाउनु नैतिक रूपमा असान्दर्भिक र जनताप्रतिको अन्यायको रूपमा बुझियो । यस घटनाले राजनीतिक नेतृत्व र आम नागरिकबीचको दूरीलाई झनै बढायो । युवाहरूका दृष्टिमा, राजनीतिज्ञहरूको विलासी जीवनशैली र आम नागरिकको दैनिकीबीचको तीव्र विरोधाभासले राज्य संरचना केही सीमित परिवार र समूहको हितका लागि मात्र काम गरिरहेको अनुभूति पैदा गराएको थियो (Nugroho, २०२१)।

Gen Z आन्दोलनको अर्को महत्त्वपूर्ण कारण लोकतान्त्रिक मूल्य मान्यता साँघुरिँदै गएको अनुभूति हुनु पनि थियो । पछिल्ला वर्षहरूमा अभिव्यक्ति स्वतन्त्रता, विरोध प्रदर्शनको अधिकार र संस्थागत स्वतन्त्रतामा सरकारले क्रमशः नियन्त्रण गर्दै गएको आरोप समेत देखिन्छ । भ्रष्टाचार नियन्त्रणको संयन्त्र कमजोर पारिएको, संवैधानिक प्रक्रियामा राजनीतिक हस्तक्षेप बढेको र निर्वाचन प्रक्रियाको निष्पक्षतामाथि उठेको प्रश्नले युवाहरूमा लोकतन्त्रको भविष्यप्रति गहिरो चिन्ता व्यक्त गरेको देखिन्छ (Knecht & Sutanto, २०२२)।

राज्यद्वारा गरिएको दमन स्वयं आन्दोलन फैलिनुको एक महत्त्वपूर्ण कारण बनेको थियो । प्रदर्शनका क्रममा प्रहरीले अत्यधिक बल प्रयोग गरेको देखिन्छ । विशेष गरि अफान कुर्नियावानको प्रहरी कुटपिटका कारण मृत्युले आन्दोलनलाई अझ देशव्यापी बनायो । यस घटनाले राज्य संयन्त्रको नैतिक र संस्थागत असफलतालाई उजागर गर्‍यो । प्रहरी हिंसाले आन्दोलन दबाउन खोज्दा आन्दोलन थप आक्रोशमा परिणत भएको देखिन्छ ।

Gen Z आन्दोलनलाई बढाउने अर्को कारण सामाजिक संजालको प्रयोग गरि संगठित हुने र सूचना सम्प्रेषित गर्नुलाई समेत लिइएको पाइयो । TikTok, Instagram र अन्य सामाजिक सञ्जालमार्फत युवाहरूले सूचना आदान प्रदान, आन्दोलनको समन्वय र राजनीतिक विमर्श निर्माण गर्ने गरेको पाइयो। सरकारले सामाजिक सञ्जालमाथि नियन्त्रण गर्न खोज्नु, TikTok लाई अस्थायी रूपमा बन्द

गर्नु र आन्दोलन "उक्साउने" आरोपमा डिजिटल अभियन्ताहरूलाई पक्राउ गर्नुले युवाहरूमा डिजिटल अधिकारमाथि आक्रमण भइरहेको अनुभूति गराएको पाइयो । यसले आन्दोलनलाई थप वैचारिक र संगठित बनाएको देखिन्छ (Glarity, २०२५) ।

राजनीतिक र आर्थिक शक्ति वृद्ध पुस्ताको नियन्त्रणमा सीमित रहेको, अवसरहरू पारिवारिक र सम्बन्धका आधारमा बाँडिने (nepotism) र युवालाई निर्णय प्रक्रियाबाट बाहिर राख्ने कारणले व्यापक असन्तोष पैदा गरेको देखिन्छ (Glarity, २०२५)। युवाहरूले यसलाई वृद्ध पुस्ताद्वारा शासित प्रणालीका रूपमा समेत व्याख्या गरेका थिए जहाँ भविष्य निर्माण गर्ने पुस्तालाई वर्तमानमा नै बहिष्कृत गरिएको अनुभूतिको रूपमा लिइयो । समग्रमा, इन्डोनेसियामा देखिएको Gen Z आन्दोलन आर्थिक असुरक्षा, भ्रष्टाचार, लोकतान्त्रिक मूल्यमान्यतामा भएको ह्रास, राज्यको दमन र युवा पुस्तामाथिको अन्यायजस्ता बहुआयामिक कारणहरूको परिणाम थियो ।

## २.२ Gen-Z ले विश्वभरका परिवर्तनको लागि राजनीतिक आन्दोलनहरूमा प्रभाव पार्न प्रयोग गरेका प्रमुख रणनीतिहरू

Gen-Z ले परिवर्तनको लागि प्रयोग गरेका रणनीतिहरू यस प्रकार छन्ः

### २.१ विकेन्द्रित संगठन (Decentralized Organization)

Gen-Z movement मा कुनै एक नायक वा शीर्ष नेता हुँदैन, समूहगत नेतृत्व मोडेल अपनाईन्छ । यसले आन्दोलनलाई दमन, निगरानी, वा गिरफ्तारजस्ता जोखिमबाट जोगाउँछ । नेतृत्वमा सामुहिक सहभागीता, लचिलोपन हुन्छ जसले गर्दा आन्दोलनलाई निरन्तरता दिन मद्दत देखिन्छ ।

### २.२ ह्यासट्याग क्रियाकलाप (Hashtag Activism)

MeToo, BlackLivesMatter, MilkTeaAlliance जस्ता ह्यासट्यागहरू डिजिटल आन्दोलनको केन्द्रमा रहेका हुन्छन् । ह्यासट्यागको प्रयोगले संदेशलाई छिटो फैलाउँछ, ठुलो क्षेत्रका युवालाई एकै मोर्चामा ल्याउँछ ।त्यसैगरी मूलधारका मिडियाले नदेखाएका मुद्दाहरूलाई समेत उठाउँछ ।

### २.३ डिजिटल संचालन (Digital Mobilization)

Gen -Z ले TikTok, Telegram, Instagram, Reddit लगायतका प्लेटफर्म प्रयोग गरि अभियानहरू सञ्चालन गदर्छन् । यी प्लेटफर्महरू प्रयोग गरेर छोटो समयमा जानकारी आदान प्रदान हुन्छ ।

छोटो भिडिओ, पोस्ट र स्टोरीमार्फत जनचेतना बढाइन्छ जसलेगर्दा यस प्रकारको आन्दोलनका गतिविधिहरूलाई द्रुत रूपमा समन्वय गर्ने प्रभावकारी भएको देखिन्छ ।

### २.४ मीम राजनीतिकरण (Meme Politics)

मीममार्फत गरिने राजनीतिक व्यंग्य युवालाई राजनीति चासोमा नजिक ल्याउने प्रभावकारी साधन बनेको छ । मीमहरूले जटिल राजनीतिक विषयलाई रोचक बनाएर दमनकारी राज्य संयन्त्रलाई व्यंग्यात्मक रूपमा चुनौती दिन मद्दत गरि विचारलाई भाइरल बनाउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

### २.५ जन-आधारित प्रत्यक्ष सहयोग (Crowdsourced Funding)

Gen- Z Movement को लागि जुटाईने आर्थिक स्रोत जन-आधारित प्रत्यक्ष सहयोगमा निर्भर भएको पाईन्छ । यसले आन्दोलनलाई स्वतन्त्र, पारदर्शी र दीगो बनाउनुको साथै राजनीतिक दल वा अन्य निकायबाट आउने दबाबबाट मुक्त हुन्छ र अभियानका लागि आवश्यक स्रोतहरू छिटो जुटाउन सघाउँने देखिन्छ।

# परिच्छेद तीन : सामाजिक-आर्थिक विशेषता

## ३.१ पृष्ठभूमि

नेपालको Gen-Z पुस्ता प्रविधिमैत्री, शिक्षित र सामाजिक सञ्जालसँग जोडिएको सक्रिय पुस्ता हो । यो पुस्ता शहरीकरण, बेरोजगारी, असमान अवसर, महँगी र गुणस्तरीय शिक्षाको अभावजस्ता सामाजिक-आर्थिक समस्याबाट प्रत्यक्ष रूपमा प्रभावित छ । परम्परागत शासकीय संरचना, रोजगारीको अभाव र आर्थिक असुरक्षाले उनीहरूमा असन्तोष सिर्जना गरेको देखिन्छ । यिनै संरचनात्मक सीमाहरूका कारण Gen-Z आन्दोलन उत्पन्न भएको देखिन्छ । आन्दोलनले समावेशी विकास, उत्तरदायी शासन र अवसरमुखी सवल नेपाल निर्माणको लागि नयाँ बहस र दबाव सिर्जना गरेको पाइन्छ ।

## ३.२ उत्तरदाताको सामाजिक तथा आर्थिक विशेषता

Gen-Z आन्दोलनसम्बन्धी अध्ययनमा संलग्न उत्तरदाताहरूको सामाजिक-आर्थिक विवरणले उत्तरदाताहरूको उमेर समूह, लिङ्ग, शिक्षाको स्तर, पेशाजस्ता पक्षहरू उजागर गर्दछ । जसका आधारमा Gen-Z आन्दोलनप्रतिको धारणा, सहभागिता र अपेक्षालाई राम्रोसँग बुझ्न मद्दत गर्दछ । उत्तरदाताको व्यक्तिगत पृष्ठभूमि विश्लेषणले अध्ययनको विश्वसनीयता बढाउनुका साथै प्राप्त निष्कर्षलाई यथार्थपरक बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ ।

## ३.३ उत्तरदाताको, लिङ्ग, जात/जाति, शिक्षा र उमेरको अवस्था


### ३.३.१ उत्तरदाताको लिङ्ग

कुनै पनि आन्दोलनमा पुरुष महिला दुवैको सहभागिता रहन्छ तर मात्रात्मक हिसावले कस्को प्रतिनिधित्व बढि छ पहिचान गर्नु आवश्यक हुन्छ । तलको रेखाचित्रमा Gen-Z आन्दोलन/प्रदर्शनमा सहभागी भएका/नभएका व्यक्तिहरूको लैङ्गिक वितरण प्रस्तुत गरिएको छ ।

रेखाचित्रमा ४२० उत्तरदाताहरूमध्ये Gen-Z आन्दोलनमा सहभागी भएकामध्ये ६७ प्रतिशत पुरुष र ३३ प्रतिशत महिला रहेका छन् भने सहभागी नभएकामध्ये ६५ प्रतिशत महिला र ३५ प्रतिशत पुरुष रहेका छन् । Gen-Z आन्दोलनमा प्रत्यक्ष सहभागीको हिसावले पुरुषको तुलनामा महिलाको सहभागिता धेरै कम देखिन्छ ।

**रेखाचित्र ३.१**

आन्दोलनमा सहभागी भए नभएको वारे (प्रतिशतमा)





*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

## ३.३.२ उत्तरदाताको जात/जाति

नेपालको सामाजिक संरचना, जातीय र सांस्कृतिक विविधताले भरिपूर्ण छ । तर यही विविधता कहिलेकाहीँ सामाजिक, आर्थिक र संरचनागत असमानताको आधार पनि बन्न पुग्छ । शिक्षा, रोजगारी, पहुँच, आर्थिक अवस्था र सामाजिक सशक्तिकरणमा हुने असमानताले केही जातीय समूहहरूलाई बढि असुरक्षित वा निःसहाय (vulnerable) बनाउँछ । यस सन्दर्भमा तलको रेखाचित्रले Gen-Z आन्दोलन/प्रदर्शनमा सहभागी भएका/नभएका व्यक्तिहरूको जातिगत विवरणलाई देखाउने प्रयास गरिएको छ।

**रेखाचित्र ३.२**

जात/जाति (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


माथिको रेखाचित्रमा Gen-Z आन्दोलनमा सहभागी भएकामध्ये आदिवासी/जनजाति २५ प्रतिशत, खस/आर्य ३३ प्रतिशत, दलित ७ प्रतिशत, मधेशी ३३ प्रतिशत र मुस्लिम/थारु २ प्रतिशत रहेका छन् । सोही प्रकारले Gen-Z आन्दोलनमा सहभागी नभएकामध्ये आदिवासी/जनजाति २८ प्रतिशत, खस/आर्य ४० प्रतिशत, दलित १२ प्रतिशत, मधेशी १८ प्रतिशत र मुस्लिम/थारु २ प्रतिशत रहेका छन् ।

## ३.३.३ उत्तरदाताको शिक्षा

शिक्षा व्यक्ति र समुदायको सशक्तिकरणको मुख्य आधार हो । शिक्षाले रोजगारीका अवसर, चेतनाको स्तर, आत्मविश्वास र निर्णय क्षमता बढाउन महत्त्वपूर्ण भूमिका खेल्दछ । रेखाचित्रले Gen-Z आन्दोलन/प्रदर्शनमा सहभागी भएका/नभएका व्यक्तिहरूको शैक्षिक पृष्ठभूमिलाई प्रस्तुत गरेको छ ।

**रेखाचित्र ३.३**

उत्तरदाताको शैक्षिकस्तर (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


रेखाचित्रमा Gen-Z आन्दोलनमा सहभागी उत्तरदाताहरूमा शिक्षाको आधारमा विश्लेषण गर्दा माध्यमिक, स्नातक र स्नातकोत्तर शिक्षा हासिल गरेका उत्तरदाताहरू ९८ प्रतिशत जति छन् भने आधारभूत र सामान्य लेखपढ गर्ने उत्तरदाता जम्मा २ प्रतिशत रहेको छन् । अधिकांस उत्तरदाता शिक्षित भएको हुँदा यसबाट फिल्ड सर्वेक्षणबाट आएको सूचना बढि विश्लेषणयुक्त भएको निष्कर्ष निकाल्न सकिन्छ ।

## ३.३.४ उत्तरदाताको उमेर

नेपालजस्तो विकासोन्मुख देशहरूमा पटक-पटक आन्दोलन/प्रदर्शनमा भइरहन्छ यसै सन्दर्भमा Gen-Z आन्दोलन/प्रदर्शनमा सहभागी भएका/नभएका व्यक्तिहरूको उमेर पहिचान गर्नु आवश्यक हुन्छ । यसै सन्दर्भमा, तलको रेखाचित्रले Gen-Z आन्दोलनका उत्तरदाताहरूको उमेरगत वितरण प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ३.४**

उत्तरदाताहरूको उमेरगत अवस्था (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

माथिको रेखाचित्रमा ४२० उत्तरदाताहरूमध्ये Gen-Z आन्दोलन/प्रदर्शनमा सहभागी भए/नभएको विश्लेषण गर्दा ४३ प्रतिशत उत्तरदाताहरू Gen-Z आन्दोलनमा सहभागी भएकोमा सहभागी भएकामध्ये १६ देखि २० वर्षको उमेर समूहका ४५ प्रतिशत, २१ देखि २५ वर्षको उमेर समूहका ४३ प्रतिशत, २६ देखि ३० वर्षको उमेर समूहका ९ प्रतिशत र ३१ देखि ३५ वर्षको उमेर समूहका ३ प्रतिशत रहेका छन् । तर उत्तरदाताहरूमध्ये ५७ प्रतिशतले आफुहरू उक्त आन्दोलनमा सहभागी नभएको उल्लेख गरेका छन् । माथिको रेखाचित्रअनुसार जति उमेर बढि हुँदै जान्छ आन्दोलनमा सहभागिता हुने प्रतिशत घट्दै गएको देखिन्छ ।

## ३.३.५ पेशा

सामान्यतया नेपालमा हुने विगतका आन्दोलनहरूमा विद्यार्थीहरू र बेरोजगार युवाहरूको संलग्नता बढि पाईने गरेकोमा सन् २०२५ Gen-Z आन्दोलन/प्रदर्शनमा कुन पेशागत समूहको सहभागिता बढि भएको/नभएको जानकारीको लागि तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३:१**

उत्तरदाताहरूको पेशा (प्रतिशतमा)

| पेशा | सहभागी भएको (%) | सहभागी नभएको (%) |
|---|---|---|
| जागिरे (निजी) | ११ | १० |
| जागिरे (सरकारी) | ० | २ |
| बेरोजगार | १७ | ६ |
| विद्यार्थी | ६६ | ७९ |
| स्वरोजगार | ६ | ३ |
| जम्मा | १०० | १०० |

*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

तालिकामा ४२० उत्तरदाताहरूमध्ये पेशागत हिसावले Gen-Z आन्दोलन/प्रदर्शनमा सहभागी भए/नभएको विश्लेषण गर्दा सहभागी भएकामध्ये सवैभन्दा बढि ६६ प्रतिशत विद्यार्थी, १७ प्रतिशत बेरोजगार, ११ प्रतिशत निजी क्षेत्रका जागिरे र ६ प्रतिशत स्वरोजगार देखिन्छन् । सोहीप्रकार Gen-Z आन्दोलनमा सहभागी नभएकोमा पनि सबैभन्दा बढि ७९ प्रतिशत विद्यार्थी, ६ प्रतिशत बेरोजगार, १० प्रतिशत निजी क्षेत्रका जागिरे, ३ प्रतिशत स्वरोजगार र २ प्रतिशत सरकारी क्षेत्रका जागिरे देखिन्छन्। तुलनात्मक हिसाबले हेर्दा बेरोजगार र स्वरोजगारको उपस्थिति Gen-Z आन्दोलनमा बढि देखिन्छ।


### ३.३.६ आर्थिक अवस्था

रोजगारीको अभाव र आर्थिक असुरक्षाले समेत युवाहरूलाई आन्दोलनतर्फ आकर्षित गर्न उत्प्रेरित गर्दछ। ४२० उत्तरदाताहरूमध्ये कुन-कुन आर्थिक समूहका उत्तरदाताहरू रहेका छन् भन्ने जानकारीको लागि तलको तालिकामा प्रस्तुत गरिएको छ ।

रेखाचित्रमा ४२० उत्तरदाताहरूलाई आर्थिक अवस्थाको आधारमा विश्लेषण गर्दा Gen-Z आन्दोलन सम्बन्धमा छनौट भएका उत्तरदाताहरूमध्ये धेरैजसो अर्थात ८२ प्रतिशत मध्यम, ९ प्रतिशत कमजोर, ४ प्रतिशत उच्च, ३ प्रतिशत अति कमजोर र २ प्रतिशत अति उच्च वर्गका रहेका छन् ।

**रेखाचित्र ३.६**

उत्तरदाताहरूको आर्थिक अवस्था (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

**परिच्छेद सारांश**

माथिका परिमाणात्मक विश्लेषणका आधारमा यस परिच्छेदको सारांश निम्नानुसार प्रस्तुत गर्न सकिन्छ।

यस अध्ययनमा नेपालको Gen-Z आन्दोलनको पृष्ठभूमि तथा उत्तरदाताहरूको सामाजिक-आर्थिक अवस्थाको समग्र अवस्था प्रस्तुत गरिएको छ । ४२० उत्तरदाताहरूको विश्लेषणबाट Gen-Z आन्दोलनमा पुरुषको सहभागिता महिलाको तुलनामा बढि देखिएको छ । जातीय हिसाबले आदिवासी/जनजाति, खस/आर्य र मधेशी समूहको उल्लेखनीय उपस्थिति रहेको छ । जसले आन्दोलन बहुजातीय स्वरूपको रहेको संकेत गर्दछ । शैक्षिक दृष्टिले सहभागीहरूमा माध्यमिकदेखि स्नातकोत्तर तहसम्म अध्ययन गरेका युवाहरूको अत्यधिक उपस्थिति (९८ प्रतिशत) पाइएकाले आन्दोलन सचेत र विश्लेषण गर्न सक्षम समूहद्वारा सञ्चालित रहेको देखिन्छ ।

उमेरगत विश्लेषणमा १६-२५ वर्ष उमेर समूहको सहभागिता सबैभन्दा बढि रहेको र उमेर बढ्दै जाँदा सहभागिता घट्दै जाने प्रवृत्ति देखाएको छ । पेशागत रूपमा विद्यार्थी, बेरोजगार र स्वरोजगार युवाहरूको सहभागिता तुलनात्मक रूपमा बढि देखिएको छ । आर्थिक अवस्थाको आधारमा अधिकांश उत्तरदाता मध्यम वर्गका रहेकाले आर्थिक असुरक्षा र रोजगारीको अभाव Gen-Z आन्दोलनको प्रमुख प्रेरक तत्वका रूपमा रहेको देखिन्छ । समग्रमा, Gen-Z आन्दोलन नेपालको समकालीन सामाजिक-आर्थिक समस्याप्रतिको युवा पुस्ताको सचेत प्रतिक्रिया र दबाबको स्वरूपका रूपमा स्थापित भएको निष्कर्ष निकाल्न सकिन्छ ।

# परिच्छेद चार : Gen-Z आन्दोलनको मुख्य सामाजिक, आर्थिक तथा सुशासन सम्बन्धित कारण

## ४.१ पृष्ठभूमि

यो आन्दोलन पहिलेदेखि नै विद्यमान संरचनागत, सामाजिक, आर्थिक तथा मनोभावनात्मक कारणहरूबाट उत्पन्न भएको बहुआयामिक अभिव्यक्तिहरूका रूपमा बुझ्न सकिन्छ । डिजिटल प्रविधि, सामाजिक सञ्जाल तथा विश्वव्यापी सूचना प्रवाहको तीव्र पहुँचमा हुर्किएको Gen-Z पुस्ता विगतका पुस्ताहरूभन्दा बढि सचेत, प्रश्नशील तथा अपेक्षामूलक देखिन्छ । लोकतान्त्रिक शासन व्यवस्थाप्रति उच्च अपेक्षा राख्ने Gen-Z युवाहरूको यथार्थ भोगाइ ती अपेक्षासँग मेल खान नसक्दा असन्तोष, आक्रोश तथा संगठित प्रतिरोधका रूपमा आन्दोलन देखा परेको पाइन्छ ।

संरचनागत दृष्टिले हेर्दा, नेपालमा लामो समयदेखि विद्यमान कमजोर शासन प्रणाली, निरन्तरको राजनीतिक अस्थिरता, नीति निर्माण र कार्यान्वयनबीचको ठूलो अन्तर, शासन प्रणाली क्रमशः कमजोर पार्दिँदै लैजानु तथा संस्थागत क्षमताको अभावले युवाहरूमा गहिरो निराशा पैदा गरेको देखिन्छ । राज्यका औपचारिक संरचनाहरूले जनसंख्याको सबैभन्दा ठूलो हिस्सा ओगट्ने युवाहरूको आवाज, आवश्यकता र सम्भावनालाई पर्याप्त रूपमा समेट्न नसक्दा Gen-Z पुस्ताले प्रणालीगत सुधारको मागसहित आन्दोलन सुरु गरेको अवस्था देखिन्छ ।

सामाजिक आधारमा, नेपाली समाजमा विद्यमान पुस्तागत अन्तर, परम्परागत सोच र आधुनिक चेतनाबीचको टकराव, साथै पहिचान, लैङ्गिक समानता, सामाजिक न्याय र समावेशिताका सवालहरूमा राज्य तथा समाजको ढिलो सम्बोधन Gen-Z असन्तोषका प्रमुख कारणका रूपमा देखिन्छ । शिक्षित तथा डिजिटल रूपमा सशक्त युवाहरूले विश्वव्यापी अभ्यास र स्थानीय यथार्थबीचको अन्तरलाई नजिकबाट तुलना गर्ने हुँदा सामाजिक अन्याय, विभेद तथा अवसरको असमान वितरणप्रति उनीहरूको सहनशीलताको बाध क्रमशः टुट्दै गएको पाइन्छ ।

आर्थिक दृष्टिले, बेरोजगारी, अल्परोजगारी, न्यून तलब, अस्थायी रोजगारी, वैदेशिक रोजगारीमा अत्यधिक निर्भरता तथा उत्पादनमूलक अर्थतन्त्रको कमजोर अवस्थाले Gen-Z युवाहरूमा गम्भीर प्रश्नहरू खडा गर्दै भविष्यप्रति असुरक्षित रहेको देखाउछ । उच्च शिक्षा हासिल गरेपछि पनि योग्यताअनुसारको रोजगारी नपाउनु, उद्यमशीलताका लागि आवश्यक नीति, पूँजी र संरचनागत कुराहरूको अभाव हुनु, तथा आर्थिक गतिशीलताका अवसर सीमित रहनुले युवाहरूमा विद्यमान प्रणालीप्रतिको विश्वास क्रमशः घट्दै गएको देखिन्छ ।

मनोभावनात्मक आधारमा, निरन्तरको असफलताको अनुभूति, अपेक्षा र यथार्थबीचको फरक, राजनीतिक नेतृत्वप्रतिको विश्वासमा कमी, सामाजिक सञ्जालमार्फत नेपाल र अन्य देशहरूको निरन्तर


तुलना तथा भविष्यप्रतिको अनिश्चितताले Gen-Z युवाहरूमा आक्रोश, निराशा र असुरक्षाको भावना गहिरिँदै गएको पाइयो । यस पुस्ताले आफ्ना भावना तथा असन्तोष व्यक्त गर्न परम्परागत माध्यमभन्दा डिजिटल प्लेटफर्मलाई प्राथमिकता दिने भएकाले उनीहरूको असन्तोष छिटो संगठित भई आन्दोलनको स्वरूपमा परिणत भएको देखिन्छ ।


## ४.२ Gen-Z आन्दोलनमा सहभागिता

नेपालमा विभिन्न समयमा सानाठूला आन्दोलनहरू भइरहन्छन् । कतिपय व्यक्तिहरू त्यस्ता आन्दोलनमा सहभागी भइरहने गर्दछन् । तलको रेखाचित्रले Gen-Z आन्दोलन/प्रदर्शनमा हाल सहभागी भएका/नभएका व्यक्तिहरूको पहिलेपहिलाका आन्दोलनमा सहभागिता रहे/नरहेको अवस्थालाई निम्न रेखाचित्रमा प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ४.१**

Gen-Z आन्दोलन उत्तरदाताहरूको सहभागिताको अवस्था (प्रतिशतमा)






*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

रेखाचित्रमा ४२० उत्तरदाताहरूमध्ये ४२ प्रतिशत अहिलेको आन्दोलनमा सहभागी भएको पाइयो भने ५८ प्रतिशत आन्दोलनहरूमा सहभागी नभएको पाईयो । अहिलेको Gen-Z आन्दोलनमा सरिक भएका र नभएका उत्तरदाताहरूको विगतका आन्दोलनहरूमा सहभागी भए/नभएको विश्लेषण गर्दा अहिलेको Gen-Z आन्दोलनमा सरिक भएका मध्येबाट केवल २ प्रतिशत मात्र पहिलेको आन्दोलनहरूमा सहभागी भएको देखियो भने अहिलेको Gen-Z आन्दोलनमा सरिक नभएका मध्येबाट केवल ३ प्रतिशत पहिलेको आन्दोलनहरूमा सहभागी भएको देखियो । अतः अहिलेको Gen-Z आन्दोलनमा सरिक भएकामध्ये धेरैजसो पहिलेको आन्दोलनहरूमा सहभागि नभएको देखिन्छ ।


## ४.३ आन्दोलनमा सहभागिता हुनुको कारण

आन्दोलनमा सरिक भएका व्यक्तिहरू विविध अपेक्षा राखेर आन्दोलनमा सहभागिता हुने गर्दछन् । Gen-Z आन्दोलनमा सरिक भएका व्यक्तिहरू के सोचेर आन्दोलनमा सहभागिता भएका थिए भन्ने कुरालाई निम्न रेखाचित्रमा प्रस्तुत गरिएको छ ।

रेखाचित्रमा Gen-Z आन्दोलनमा सरिक भएका व्यक्तिहरूमा सबैभन्दा बढि करिब ५० प्रतिशत शासकहरूप्रतिको असन्तुष्टिको कारणले, करिब २० प्रतिशत व्यवस्थाप्रतिको असन्तुष्टिको कारणले, करिब ८ प्रतिशत के होला भन्ने जिज्ञासाको कारणले र बाँकीले देशभित्र गरिखाने वातावरण सृजना गर्न सकिन्छ भन्ने सोच लिएर र १ प्रतिशत साथीसँगको दबाब वा प्रभावले आन्दोलनमा सहभागिता भएको बताएका छन् । यसबाट के प्रस्ट बुज्न सकिन्छ कि विगत लामो समयदेखिका शासकहरूले गरेको व्यवहार र शासनपद्धतिबाट जनताहरू बढि नै असन्तुष्टि रहेको कारणले गर्दा आन्दोलनमा सरिक भएको देखिन्छ ।

**रेखाचित्र ४.२**

Gen-Z आन्दोलनमा सहभागिताको कारण (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


## ४.४ Gen-Z आन्दोलनप्रतिको धारणा

देश तथा समाजमा आन्दोलन हुनुमा विविध कारणहरू जिम्मेवार हुने गर्दछन् । नेपालमा सन् २०२५ मा भएको Gen-Z आन्दोलन हुनुको कारणबारे जिज्ञासा राख्दा आन्दोलनमा सरिक भएका व्यक्तिहरूले धेरै कारण उल्लेख गरे तापनि प्रमुख कारणहरू के-के रहेका थिए भन्ने सन्दर्भलाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

रेखाचित्रमा Gen-Z आन्दोलन हुनुको कारणबारे जिज्ञासा राख्दा सबैभन्दा बढि करिव ५५ प्रतिशत उत्तरदाताहरूले व्यापक भष्ट्राचार र जवाफदेहिताको अभावको कारणले, करिव २६ प्रतिशतले कमजोर सुशासन र राजनीतिक नेतृत्वप्रति घट्दो विश्वासको कारणले, करिव १२ प्रतिशतले बेरोजगार र सीमित आर्थिक अवसरहरूको कारणले र करिव ७ प्रतिशतले समाजिक संजाल तथा अभिव्यक्ति माथिको प्रतिबन्धको कारणले आन्दोलन भएको बताउँछन् । अतः यसबाट के प्रष्ट बुझ्न सकिन्छ भने व्यापक भष्ट्राचार र जवाफदेहिताको अभाव नै आन्दोलन हुनुको प्रमुख कारण देखिन्छ ।

**रेखाचित्र ४.३**

Gen-Z आन्दोलनको मुख्य कारण (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

## ४.५ Gen-Z आन्दोलनको सामाजिक कारणहरू

शिक्षित, प्रविधिमैत्री र सामाजिक सञ्जालसँग जोडिएको यो पुस्ताले बेरोजगारी, सामाजिक असमानता, अवसरको अभाव, भ्रष्टाचार, महँगी तथा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँचको कमीलाई प्रमुख सामाजिक समस्याका लिएको पाइन्छ । यसै सन्दर्भमा यस अध्ययनले स्थलगत सर्वेक्षणबाट प्राप्त सामाजिक कारणहरूलाई निम्न शीर्षकअन्तर्गत व्याख्या गरेको छ ।

### ४.५.१ राज्यका सेवा प्रवाह (शिक्षा, स्वास्थ्य, प्रशासन) मा रहेको असन्तुष्टि


देशमा राज्यले उपलब्ध गराउने सेवाहरू जस्तै शिक्षा, स्वास्थ्य, प्रशासनमा रहेको असन्तुष्टि कारणले नागरिकहरूले Gen-Z आन्दोलन भएको सन्दर्भमा उत्तरदाताहरूको धारणालाई रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

रेखाचित्रमा Gen-Z आन्दोलन हुनुको कारणहरूमध्ये राज्यले उपलब्ध गराउने सेवाहरू जस्तै शिक्षा, स्वास्थ्य, प्रशासनमा रहेको असन्तुष्टि र Gen-Z आन्दोलनबीचको सम्बन्धको सन्दर्भमा जिज्ञासा राख्दा सबैभन्दा बढि ४८ प्रतिशत उत्तरदाताहरूले सकारात्मक, ३३ प्रतिशतले अत्यन्त सकारात्मक, १० प्रतिशतले तटस्थ, ७ प्रतिशतले नकारात्मक र २ प्रतिशतले कुनै सम्बन्ध नभएको बताएका छन् । करिव तीन चौथाई उत्तरदाताहरूले राज्यले उपलब्ध गराउने सेवाहरू जस्तै शिक्षा, स्वास्थ्य,

प्रशासनमा रहेको असन्तुष्टिको कारणले गर्दा पनि आन्दोलनमा नागरिकहरूको सहभागिता बढाएको बुझाइ देखिन्छ।

**रेखाचित्र ४.४**

राज्यका सेवा प्रवाह (शिक्षा, स्वास्थ्य, प्रशासन)मा रहेको असन्तुष्टि (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


## ४.५.२ राजनीतिक नेतृत्वप्रतिको विश्वास

जब राजनीतिक नेतृत्वप्रति नागरिकहरूको विश्वास घट्दै जान्छ तब ती देशहरूमा आन्दोलन हुने सम्भावना बढ्दै जान्छ । Gen-Z आन्दोलन हुनुमा राजनीतिक नेतृत्वप्रति घट्दो विश्वास सम्बन्धमा उत्तरदाताहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।


माथिको रेखाचित्रमा Gen-Z आन्दोलन र राजनीतिक नेतृत्वप्रति विश्वासबीचको सम्बन्धमा जिज्ञासा राख्दा सबैभन्दा बढि ४९ प्रतिशतले सकारात्मक, ४० प्रतिशतले अत्यन्त सकारात्मक, ७ प्रतिशत तटस्थ, ३ प्रतिशतले नकारात्मक र १ प्रतिशत मात्र अत्यन्त नकारात्मक सम्बन्ध रहेको पाइयो । अधिकांश उत्तरदाताहरूले शासन गरेका राजनीतिक नेतृत्वप्रति दिनप्रतिदिन घट्दो विश्वासले गर्दा आन्दोलनमा नागरिकहरूको सहभागिता भएको बुझ्न सकिन्छ ।

**रेखाचित्र ४.५**

Gen-Z आन्दोलन र राजनीतिक नेतृत्वप्रतिको घट्दो विश्वास बीच सम्बन्ध (प्रतिशतमा)




**राजनीतिक नेतृत्वप्रति घट्दो विश्वास (प्रदेशअनुसार, प्रतिशतमा)**




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

प्राप्त नातिजालाई प्रदेशगत नियाल्दा कोशी प्रदेशका सबै उत्तरदाताहरू राजनीतिक नेतृत्वप्रति घट्दो विश्वास सम्बन्धमा सहमत र पूर्ण सहमत देखिन्छन् । कर्णाली र लुम्बिनी प्रदेशका कुनैपनि उत्तरदाताहरू राजनीतिक नेतृत्वप्रति घट्दो विश्वास सम्बन्धमा सम्बन्धमा असहमत देखिदैनन् भने बागमती र गण्डकी प्रदेशका थोरै उत्तरदाताहरू राजनीतिक नेतृत्वप्रति घट्दो विश्वास सम्बन्धमा

असहमत देखिन्छन् । मधेश र सुदूरपश्चिम प्रदेशका केही उत्तरदाताहरू राजनीतिक नेतृत्वप्रति घट्दो विश्वास सम्बन्धमा असहमत समेत प्रकट गरेको देखिन्छ । समग्रमा, हेर्दा राजनीतिक नेतृत्वप्रतिको घट्दो विश्वासको कारणले युवाहरूलाई आन्दोलन सहभागी हुन थप बल पुगेको देखिन्छ ।

## ४.६ Gen-Z आन्दोलनको आर्थिक कारणहरू


नेपालमा Gen-Z पुस्ताको आन्दोलन आर्थिक असुरक्षा र भविष्यप्रतिको अनिश्चितताबाट गहिरो रूपमा प्रभावित भएको पाईन्छ । उच्च शिक्षापछि पनि रोजगारीको अभाव, न्यून आय, बढ्दो महँगी, असमान आय वितरण, रोजगारीको लागि वैदेशिन बाध्यता तथा उद्यम र लगानीका अवसरको सीमितताले यो पुस्तामा असन्तोष बढेको छ । देशमा आर्थिक वृद्धि भएतापनि त्यसको लाभ समान रूपमा नपुग्दा र सीप र रोजगारबीचको असन्तुलन कायम रहँदा Gen-Z ले संरचनागत आर्थिक सुधारको माग राखेको पाइन्छ । यही सन्दर्भमा यस अध्ययनले स्थलगत सर्वेक्षणबाट प्राप्त आर्थिक कारणहरूलाई निम्न शीर्षकअन्तर्गत राखी विश्लेषण गरिएको छ ।

### ४.६.१ बढ्दो बेरोजगारी

नेपालमा सन् २०२५ मा भएको Gen-Z आन्दोलन हुनुमा बढ्दो बेरोजगारीबारे उत्तरदाताहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ४.६**

Gen-Z आन्दोलन र बढ्दो बेरोजगारीबीचको सम्बध (प्रतिशतमा)



*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

रेखाचित्रमा Gen-Z आन्दोलन र बढ्दो बेरोजगारीबीचको सम्बध कस्तो छ भन्ने प्रश्नमा सबैभन्दा बढि ४२ प्रतिशत उत्तरदाताहरू सकारात्मक सम्बन्ध, २३ प्रतिशत अत्यन्त सकारात्मक सम्बन्ध, ७ प्रतिशत तटस्थ, १८ प्रतिशत नकारात्मक सम्बन्ध र १० प्रतिशत कुनै सम्बन्ध छैन भन्ने देखियो । करिव दुई तिहाई उत्तरदाताहरू बढ्दो बेरोजगारी आन्दोलन हुनुको कारण हो भन्नेमा सहमत देखियो। यसर्थ, यो पनि आन्दोलनका कारणहरू मध्यको एक कारण बढ्दो बेरोजगारी पनि रहेको प्रष्ट बुझ्न सकिन्छ ।


## ४.६.२ आर्थिक अस्थिरता

नेपालमा वि.स. २०८२ भाद्रमा भएको Gen-Z आन्दोलन हुनुमा आर्थिक अस्थिरताबारे उत्तरदाताहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

रेखाचित्रमा Gen-Z आन्दोलन हुनुको कारणमा आर्थिक अस्थिरताको सम्बन्धको बारेमा जिज्ञासा राख्दा सबैभन्दा बढि ४५ प्रतिशतले उत्तरदाताहरू सकारात्मक सम्बन्ध, ३८ प्रतिशतले अत्यन्त सकारात्मक सम्बन्ध, ९ प्रतिशतले तटस्थ, ६ प्रतिशतले नकारात्मक सम्बन्ध र २ प्रतिशतले कुनै सम्बन्ध नरहेको देखाएका छन् । तीन चौथाईभन्दा बढि उत्तरदाताहरूमा देशभित्र विद्यमान महँगी, मूल्यवृद्धि र आर्थिक अस्थिरता रहेको भन्ने बुझाइले पनि आन्दोलनमा नागरिकहरूको सहभागिता भएको अनुमान गर्न सकिन्छ । नेपाल सरकारद्वारा प्रकाशन गर्ने विवरणमा मूल्यवृद्धि कम देखिए तापनि सर्वसाधारणले प्रयोग गर्ने सरसामानहरूको मूल्य भने आकासिएको गुनासो आम सर्वसाधारणको रहेको छ ।

**रेखाचित्र ४.७**

Gen-Z आन्दोलन र आर्थिक अस्थिरताको सम्बन्ध (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

## ४.७ Gen-Z आन्दोलनको सुशासन संबन्धित कारणहरू


### ४.७.१ न्याय, पारदर्शिता र जवाफदेहिता

नागरिकहरूले देशमा न्याय, पारदर्शिता र जवाफदेहिता खोजेको कारणले गर्दा Gen-Z आन्दोलन भएको सन्दर्भमा उत्तरदाताहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

रेखाचित्रमा Gen-Z आन्दोलन र देशमा न्याय, पारदर्शिता र जवाफदेहिताबीचको सम्बन्धको सन्दर्भमा जिज्ञासा राख्दा सबैभन्दा बढि ५१ प्रतिशत उत्तरदाताहरू अत्यन्त सकारात्मक, ४४ प्रतिशत सकारात्मक, ३ प्रतिशत तटस्थ र २ प्रतिशत नकारात्मक सम्बन्ध रहेको पाइयो ।

**रेखाचित्र ४.८**

न्याय, पारदर्शिता, जवाफदेहिता र Gen-Z आन्दोलन बिचको सम्बन्ध (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

## ४.७.२ सार्वजनिक संस्थाहरूमा रहेको भ्रष्टाचार

नेपालमा सन् २०२५ मा भएको Gen-Z आन्दोलन हुनुमा सार्वजनिक संस्थाहरूमा रहेको उच्चस्तरको भ्रष्टाचारबारे उत्तरदाताहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।


माथिको रेखाचित्रमा Gen-Z आन्दोलन र सार्वजनिक संस्थाहरूमा रहेको भ्रष्टाचारको स्तरबीचको सम्बन्धको बारेमा जिज्ञासा राख्दा सबैभन्दा बढि ५२ प्रतिशत उत्तरदाताहरू अत्यन्त सकारात्मक, ३८ प्रतिशत सकारात्मक, ४ प्रतिशत तटस्थ, ५ प्रतिशत नकारात्मक र १ प्रतिशत अत्यन्त नकारात्मक रहेको जनाएका छन् । ९० प्रतिशतभन्दा बढि उत्तरदाताहरूमा सार्वजनिक संस्थाहरूमा उच्चस्तरको भ्रष्टाचार रहेको भन्ने बुझाइले आन्दोलन थप सशक्त भएको अनुमान गर्न सकिन्छ ।

प्राप्त भएको नातिजालाई प्रदेशगत नियाल्दा कोशी प्रदेशका सबै उत्तरदाताहरू सार्वजनिक संस्थाहरूमा रहेको उच्चस्तरको भ्रष्टाचार सम्बन्धमा सहमत र पूर्ण सहमत देखिन्छन् । बागमती प्रदेशका अधिकांस उत्तरदाताहरू सार्वजनिक संस्थाहरूमा उच्चस्तरको भ्रष्टाचार रहेको सम्बन्धमा सहमत र


देखिन्छन् भने कर्णाली, गण्डकी र सुदूरपश्चिम प्रदेशका थोरै उत्तरदाताहरू सार्वजनिक संस्थाहरूमा रहेको उच्चस्तरको भ्रष्टाचार सम्बन्धमा असहमत देखिन्छन् । मधेश र लुम्बिनी प्रदेशका केही उत्तरदाताहरू सार्वजनिक संस्थाहरूमा रहेको उच्चस्तरको भ्रष्टाचार सम्बन्धमा असहमतिसमेत प्रकट गरेको देखिन्छ । समग्रमा हेर्दा सार्वजनिक संस्थाहरूमा रहेको उच्चस्तरको भ्रष्टाचारको कारणले युवाहरूलाई आक्रोशित तुल्यायो र आन्दोलन थप बल पुऱ्याएको देखिन्छ।

**रेखाचित्र ४.९**

Gen-Z आन्दोलन र सार्वजनिक संस्थाहरूमा भ्रष्टाचारको स्तरबीचको सम्बन्ध (प्रतिशतमा)




**(प्रदेशअनुसार, प्रतिशतमा)**



*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

## ४.८ Gen-Z आन्दोलनको माध्यम

नेपालमा Gen-Z पुस्ताको आन्दोलनमा सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म, अनलाइन समाचार तथा वैकल्पिक मिडियामार्फत यो पुस्ता छिटो सूचना आदान-प्रदान गर्ने, विचार निर्माण गर्ने र सामूहिक आवाज संगठित गर्ने क्षमतामा पुगेको देखिन्छ । यही सन्दर्भमा अध्ययनले स्थलगत सर्वेक्षणबाट पहिचान गरिएका आन्दोलनका प्रमुख माध्यमहरूलाई निम्न शीर्षकअन्तर्गत प्रस्तुत गरिएको छ ।


### ४.८.१ डिजिटल प्लेटफर्म

नेपालमा भएको Gen-Z आन्दोलनमा कुनै व्यक्ति/दलको नेतृत्व नहुँदा-नहुँदै पनि यस्तो व्यापक युवाहरूको सहभागिताको सन्दर्भमा डिजिटल प्लेटफर्महरूले खेलेको भूमिकाको सम्बन्धमा युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

रेखाचित्रमा Gen-Z आन्दोलन र डिजिटल प्लेटफर्महरूको प्रयोगबीचको सम्बन्धमा जिज्ञासा राख्दा सबैभन्दा बढि ४४ प्रतिशतले सकारात्मक, ३७ प्रतिशतले अत्यन्त सकारात्मक, १० प्रतिशतले तटस्थ, ७ प्रतिशतले नकारात्मक र २ प्रतिशतले कुनै सम्बन्ध छैन भन्ने धारणा राखेको पाइयो । तीन चौथाईभन्दा बढिले डिजिटल प्लेटफर्महरूका माध्यमले आन्दोलनलाई अगाडि बढाउन सहज भूमिका निर्वाह गरेको धारणा राख्नुले डिजिटल प्लेटफर्महरूको माध्यमबाट आन्दोलनलाई अगाडि लैजानको लागि सहज रूपमा प्रयोग गरेको देखिन्छ ।

**रेखाचित्र ४.१०**

Gen-Z आन्दोलनमा डिजिटल प्लेटफर्महरूको भूमिका (प्रतिशतमा)





*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


## ४.९ सन् २०२५ सेप्टेम्बरको Gen-Z आन्दोलनमा भएको क्षतिको कारण

Gen-Z आन्दोलनमा नेपालमा ७७ जनाले ज्यान गुमाउनुको साथसाथै सरकारी र निजी क्षेत्रको अरबौंको भौतिक सम्पतिहरू नष्ट हुन गयो । यसरी आन्दोलनमा भएको क्षतिको सम्बन्धमा उत्तरदाताहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ४.११**

आन्दोलनमा भएको क्षतिको कारण (प्रतिशतमा)






*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

रेखाचित्रमा Gen-Z आन्दोलनको सिलसिलामा भएको क्षतिको सम्बन्धमा सन्दर्भमा जिज्ञासा राख्दा सबैभन्दा बढि ५५ प्रतिशत युवाहरूले सरकारको कमजोरी औँलाएका छन् भने ३७ प्रतिशत युवाहरूले अस्वभाविक तत्वको घुसपैठको कारण औँलाएका छन् र ८ प्रतिशतले यस्तो क्षति आन्दोलनमा स्वभाविक परिणामको रूपमा लिएको देखियो । यसलाई विश्लेषण गर्दा यदि सरकारले उपयुक्त समयमा सहि निर्णय लिन सकेको भए यति ठूलो क्षति मुलुकले व्यहोर्नु पर्ने थिएन भन्ने बुझाइ धेरै युवाहरूको रहेको छ ।

प्राप्त भएको नातिजालाई प्रदेशगत रूपमा हेर्दा कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका अधिकांश उत्तरदाताहरूले आन्दोलनको सिलसिलामा भएको क्षतिमा सरकारको कमजोरी र अस्वभाविक तत्वको घुसपैठको कारणले देशमा क्षति भएको जनाएका छन् । कर्णाली र सुदूरपश्चिम प्रदेशका केही उत्तरदाताहरूले आन्दोलन सिलसिलामा भएको क्षतिमा सरकारको कमजोरी र अस्वभाविक तत्वको घुसपैठको अतिरिक्त आन्दोलनको स्वभाविक परिणामको रूपमा समेत हेरेको पाईन्छ । समग्रमा, विश्लेषण गर्दा यदि सरकारले उपयुक्त समयमा सहि निर्णय लिन सकेको भए यति ठूलो क्षति मुलुकले व्यहोर्नु पर्ने थिएन भन्ने बुझाइ धेरै युवाहरूको रहेको छ ।

## ४.१० युवाहरूको सामाजिक, आर्थिक तथा सुशासन सम्बन्धि कारणहरूको तथ्यांकीय विवरण

यस अध्ययनमा प्रयोग गरिएको तथ्यांकीय विश्लेषणले औसत (Mean), मानक विचलन (Standard Deviation) जस्ता सूचकहरूको माध्यमबाट युवाहरूको धारणा कत्तिको सकारात्मक, नकारात्मक वा मिश्रित छ भन्ने मात्र होइन, ती धारणाहरू कत्तिको एकरुपता वा विविधता छन् भन्ने पक्षसमेत

देखाउँदछ । यसरी प्रस्तुत गरिएको तथ्यांकीय विवरणले युवाहरूको सामाजिक, आर्थिक तथा सुशासनसम्बन्धी असन्तुष्टिका मूल कारणहरू पहिचान गर्न, नीतिगत कमजोरीहरू देखाउन तथा भविष्यका सुधारका लागि प्रमाणमा आधारित सुझावहरू दिन महत्त्वपूर्ण आधार प्रदान गर्दछ ।

तालिकाले Gen-Z आन्दोलनका सामाजिक, आर्थिक तथा कारणहरूप्रति उत्तरदाताहरूको धारणा स्पष्ट रूपमा प्रस्तुत गरेको छ । महँगी, मूल्यवृद्धि तथा आर्थिक अस्थिरताले युवाहरूको असन्तुष्टि बढाई आन्दोलनलाई बलियो बनायो भन्ने प्रश्नको औसत मान १.८९ र मानक विचलन ०.९४ रहेको छ जसले अधिकांश उत्तरदाताहरू यस प्रश्नको सहमत रहेको र यस विषयमा धारणा तुलनात्मक रूपमा एकरूप भए पनि केही भिन्नता रहेको संकेत गर्दछ।

राजनीतिक नेतृत्वप्रति घट्दो विश्वास Gen-Z आन्दोलनको महत्त्वपूर्ण सामाजिक कारण थियो भन्ने प्रश्नमा औसत मान १.७७ र मानक विचलन ०.८२ रहेको छ । यसले राजनीतिक नेतृत्वप्रति अविश्वास आन्दोलनको प्रमुख कारणको रूपमा उत्तरदाताहरूले स्वीकार गरेको देखाउँछ र धारणाका बीच मध्यमस्तरको विविधता रहेको देखिन्छ।

**तालिका ४.१ः**

युवाहरूको सामाजिक, आर्थिक तथा सुशासन सम्बन्धि कारणहरूप्रतिको धारणा

| **विवरण** | **औसत (Mean)** | **मानक विचलन (S.D.)** |
|---|---|---|
| आर्थिक अस्थिरताले Gen-Z आन्दोलनसँग के कत्तिको सम्बन्ध राख्छ | १.८९ | ०.९४ |
| राजनीतिक नेतृत्वप्रतिको घट्दो विश्वास र Gen-Z आन्दोलनबीचको सम्बन्ध देख्नुहुन्छ | १.७७ | ०.८२ |
| डिजिटल प्लेटफर्महरूको प्रयोग र Gen-Z आन्दोलनबीच रहेको सम्बन्ध | १.९३ | ०.९६ |
| युवाहरूले न्याय, पारदर्शिता र जवाफदेहितासम्बन्धी बिषयहरूमा राखेका अपेक्षाहरू र Gen-Z आन्दोलनबीचको सम्बन्ध | १.५८ | ०.६९ |
| राज्यका निकायबाट प्रदान गरिने सेवा प्रवाह (शिक्षा, स्वास्थ्य, प्रशासन)प्रति रहेको सन्तुष्टिको स्तर र Gen-Z आन्दोलनबीचको सम्बन्धमा | १.९७ | ०.९३ |

स्रोतः स्थलगत सर्वेक्षण तथ्याङ्क २०८२मा आधारित अनुसन्धानकर्ताद्वारा गणना

डिजिटल प्लेटफर्महरूले असन्तुष्टिको अभिव्यक्ति, अभियान तथा संगठित आन्दोलनलाई सहज बनाएको भन्ने प्रश्नको औसत मध्यम मान १.९३ र मानक विचलन ०.९६ रहेको छ, जसले डिजिटल माध्यमहरू Gen-Z आन्दोलनमा प्रभावकारी साधनका रूपमा प्रयोग भएकोप्रति उत्तरदाताहरूको उच्च सहमति रहेको तर यस्को मात्रामा भने केही भिन्नता रहेको संकेत देखिन्छ ।

युवाहरूले न्याय, पारदर्शिता र जवाफदेहिता खोजेको कारण आन्दोलन उत्पन्न भयो भन्ने प्रश्नको औसत मान १.५८ र मानक विचलन ०.६९ रहेको छ । यस कारणप्रति उत्तरदाताहरूको सहमति उच्च देखिन्छ र धारणामा समेत तुलनात्मक रूपमा स्थिरता बढी रहेको देखिन्छ।

त्यस्तै गरि, राज्यका सेवा प्रवाहमा रहेको असन्तुष्टि आन्दोलनको एक प्रमुख कारक थियो भन्ने प्रश्नमा औसत मान १.९७ र मानक विचलन ०.९३ रहेको छ । यहाँ सार्वजनिक सेवाप्रतिको असन्तुष्टि पनि आन्दोलन उत्पन्न गराउने महत्त्वपूर्ण कारणका रूपमा उत्तरदाताहरूले लिएको संकेत गर्दछ तर धारणामा भने केही भिन्नता रहेको देखिन्छ ।

## ४.११ गुणात्मक विश्लेषण (प्रमुख सूचनादाता/समूह छलफल)

Gen-Z आन्दोलन सामाजिक सञ्जालमाथिको प्रतिबन्धको विरोधमात्र नभएर, ................ यो नेपालमा विगतदेखि गहिरिँदै आएको भ्रष्टाचार, कुशासन, अन्याय, अवसरको अभाव र संस्थागत असफलताको सामूहिक विस्फोट........ ।

(Gen-Z अभियन्ता, कोशी प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

............................ पछिल्ला वर्षहरूमा उच्च शिक्षा हासिल गर्ने Gen-Z युवाहरूको संख्या तीव्र रूपमा बढेको छ ।............. तर शिक्षा विस्तारसँगै योग्यता, सीप र दक्षताअनुसार रोजगारी सिर्जना हुन नसक्नु यस पुस्ताको असन्तोषको मूल कारण बनेको छ ।

(कोशी प्रदेश, सामूहिक छलफलमा सहभागी)

"Gen-Z आन्दोलनको मुख्यकारण नेताहरूप्रतिको आक्रोस ................... राज्य संरचनाले आन्दोलनको नजरअन्दाज गर्न नसक्नु ............"

(सुरक्षा निकाय, लुम्बिनी प्रदेश, प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

.... सरकारी क्षेत्रमा सीमित पद, समयमै पदपूर्ति नहुनु, राजनीतिक हस्तक्षेप तथा पहुँचको आधारमा नियुक्ति हुने प्रवृत्तिले युवाहरूमा गहिरो असन्तोष जन्माएको छ । निजी क्षेत्रमा रोजगारी उपलब्ध भए तापनि ती प्रायः अस्थायी, न्यून तलब, सामाजिक सुरक्षाविहीन र शोषणयुक्त हुने गुनासो व्यापक छ ।

(Gen-Z अभियन्ता, मधेश प्रदेश, प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

देशभित्र आत्मसम्मानजनक रोजगारी नपाउँदा वैदेशिक रोजगारीमा जानुपर्ने अवस्था .................... वैदेशिक रोजगारी पनि जोखिमपूर्ण, परिवारबाट विछोड र असुरक्षित अवस्थासँग जोडिएको हुँदा यसले Gen-Z युवाहरूमा आक्रोश, निराशा, हीनभावना र राज्यप्रणालीप्रति गहिरो अविश्वास पैदा गरेको छ ............................।

(बागमती प्रदेश, Gen-Z अभियन्तासँगको अन्तर्वार्ता)

............... युवाको भावनात्मक आक्रोश मात्र नभई राज्य सञ्चालन प्रणालीप्रति गहिरो अविश्वासको अभिव्यक्ति हो । देशमा गरिखाने वातावरण नबन्नु, योग्यताभन्दा पहुँचवालालाई प्राथमिकता दिइनु र न्याय प्रणालीमा समेत असमान किसिमको व्यबहार देखिनुजस्ता कारणहरूले यो आन्दोलन जन्माएको बुझाइ छ ।

(कर्णाली प्रदेश, Gen-Z अभियन्तासँगको अन्तर्वार्ता)

नेपालमा भ्रष्टाचार प्रणालीगत समस्या बनेको छ ।................ नीति निर्माणदेखि सेवा प्रवाहसम्म विचौलियाको हावी छ ........... ।

(उद्योग वाणिज्य संघ, कोशी प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

सार्वजनिक सम्पत्ति दोहन, ठेक्का सम्झौतामा चलखेल, ..................... र राजनीतिक संरक्षणमा हुने आर्थिक गतिविधिले जनताको विश्वास टुटाएको छ ।

(सुदूरपश्चिम प्रदेश, Gen-Z अभियन्तासँगको अन्तर्वार्ता)

उच्च शिक्षित युवाहरू बेरोजगार छन् । रोजगारीका अवसर सीमित छन्, उद्यमशीलतालाई सहयोग गर्ने संरचना कमजोर छ .............................. र निजी क्षेत्र पनि राजनैतिक र विचौलियाको दबावमा चलेको छ । यही कारणले "देशमा भविष्य छैन" भन्ने निराशा व्यापक बनेको छ, जसले Gen-Z आन्दोलनलाई ऊर्जा दिएको थियो ।

(बागमती प्रदेश, सामूहिक छलफलमा सहभागी)

सरकारी नियुक्ति योग्यतामा नभई नातावाद, चाकरी, .................... र राजनीतिक व्यक्तिसँग नजिकको आधारमा निर्णय हुने प्रवृत्तिले युवाको सहनशीलताको बाँध फुटेको कारण ..................................।

(मधेश प्रदेश, सामूहिक छलफलमा सहभागी)

......... राम्रोभन्दा आफ्नालाई प्राथमिकता दिने संस्कृति नै आन्दोलनको प्रमुख कारण बनेको छ ...................... ।

(गण्डकी प्रदेश, सामूहिक छलफलमा सहभागी)

एकै प्रकृतिका मुद्दामा फरक फरक फैसला हुँदा न्यायालयप्रति विश्वास घटेको छ । "न्याय पैसाले किनिन्छ" भन्ने धारणा बलियो बन्दै गएको छ, ............ जसले लोकतन्त्रको आधार नै कमजोर बनाएको छ ।

(Gen-Z अभियन्ता, कोशी प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

वडादेखि सिंहदरबारसम्म सेवा प्रक्रिया जटिल, ढिलो र अपारदर्शी छन् । सामान्य नागरिकले सेवा पाउन दलाल खोज्नुपर्ने अवस्था छ । यसले राज्य संरचनालाई कमजोर र जनविरोधी बनाएको छ।

(सुरक्षा निकाय, मधेश प्रदेश, प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

............. नेताहरूले भोट माग्दा देखाउने व्यवहार र सत्ता पाएपछि देखाउने व्यवहार फरक छ । राजनीति सेवा होइन, व्यवसाय बनेको छ । व्यक्तिगत र गुटगत फाइदाका लागि नीति बनाउने प्रवृत्तिले जनआक्रोश चुलिएको छ .................. ।

(बागमती प्रदेश, प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

लामो समयसम्म सहेर बसेका युवाहरूमा अब "दिनदिनै मर्नुभन्दा एकचोटि मर्नु ठीक" भन्ने भावना जागेको कारणले यो आन्दोलन भयो । ................ यो आत्मघाती सोच होइन, राज्यप्रति अन्तिम चेतावनीको रूपमा समेत लिन सकिन्छ ।

(Gen-Z अभियन्ता, मधेश प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

वडादेखि सिंहदरबारसम्म असन्तुष्टि फैलिनु नेपालको शासन संरचना कमजोर भएको स्पष्ट संकेत हो। ................. केही विध्वंसकारी प्रवृत्तिले आन्दोलनको आवरण दुरुपयोग गर्न खोजे पनि मूल आन्दोलन सुधारको माग हो, विनाशको होइन .......................।

(Gen-Z अभियन्ता, बागमती प्रदेश प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

भाद्र २३ गतेको शान्तिपूर्ण आन्दोलनमा राज्यबाट दमन हुनु, सरकारले संवेदनशीलता देखाउन नसक्नु र संवादहीनताको परिणतिको रूपमा लिईएको छ । .................. यसले समस्या समाधान होइन, झन् गहिरो बनाएको छ । Gen-Z आन्दोलन दमनले होइन, सुधार र संवादले मात्र सम्बोधन गर्न सकिन्छ भन्ने कुरा तत्कालिन सरकारले बुझ्न नसक्दा भाद्र २४ को अवस्था सिर्जना हुन गयो।

(Gen-Z अभियन्ता, कोशी प्रदेश प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

नेपालको परम्परागत राजनीतिक संरचनाप्रति असन्तुष्टि ................................। दशकौँदेखि उही राजनीतिक दल, उही नेतृत्व र उही कार्यशैली दोहोरिरहनुले युवाहरूमा वितृष्णा पैदा गरेको छ ।

(कर्णाली प्रदेश, सामूहिक छलफलमा सहभागी)

................जनसंख्यामा ठूलो हिस्सा ओगट्ने युवाहरू निर्णय तहमा न्यून रूपमा मात्र प्रतिनिधित्व हुनु अर्को गम्भीर समस्या हो ।

(सुदूरपश्चिम प्रदेश, सामूहिक छलफलमा सहभागी)

नेपालका युवा संगठनहरू ............ स्वतन्त्र आलोचकको भूमिकाभन्दा नेताहरूको देवत्वकरणमा सीमित हुँदा युवाहरूमा राजनीतिक प्रणालीप्रति अविश्वास बढ्दै गएको देखिन्छ .......... ।

(लुम्बिनी प्रदेश, सामूहिक छलफलमा सहभागी)

राज्यसत्तामा रहेका पुस्ताले राजनीतिलाई सार्वजनिक सेवा र राष्ट्रनिर्माणको माध्यमभन्दा पनि ..... शक्ति, लाभ र स्वार्थ प्राप्तिको साधनका रूपमा प्रयोग गरेको अनुभूति युवाहरूमा व्यापक भएकाले उनीहरू वैकल्पिक राजनीति, स्वतन्त्र आन्दोलन र गैर-दलीय सक्रियतातर्फ आकर्षित भएको देखिएकोले ..................................।

(Gen-Z अभियन्ता, मधेश प्रदेश प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

## परिच्छेद सारांश

माथिका परिमाणात्मक र गुणात्मक विश्लेषणका आधारमा यस परिच्छेदको सारांश निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

नेपालमा भएको Gen-Z आन्दोलनलाई युवाहरूको आकस्मिक र भावनात्मक विद्रोहको रूपमा मात्र नलिई विगतदेखि कै सामाजिक, आर्थिक र सुशासनसम्बन्धी संरचनागत कमजोरीहरूको संयुक्त परिणामका रूपमा लिइएको पाइयो । डिजिटल प्रविधिमा हुर्किएको, सचेत र अपेक्षामूलक Gen-Z पुस्ताले लोकतान्त्रिक शासनबाट अपेक्षा गरेअनुसार परिणाम नपाउँदा उनीहरूको असन्तोष र आक्रोश संगठित रूपमा आन्दोलनमा प्रकट भएको देखिन्छ । कमजोर शासन प्रणाली, राजनीतिक अस्थिरता, नीति र कार्यान्वयनबीचको अन्तर, संस्थागत अक्षमता र देशका विभिन्न निकायहरूमा युवाहरूको न्यून प्रतिनिधित्वले असन्तोषलाई थप पेचिलो बनाएको देखिन्छ ।

आर्थिक रूपमा बेरोजगारी/अल्परोजगारी, न्यून तलब, महँगी, आर्थिक अस्थिरता र उत्पादनमुखी अर्थतन्त्रको अभावले युवाहरूलाई आफ्नो भविष्य असुरक्षित तुल्याएको देखिन्छ । यो आन्दोलन हुनुमा उच्च शिक्षा हासिल गरेको भए पनि योग्यताअनुसार रोजगारी नपाउनु र देशभित्र उद्यमशीलताका वातावरण सिर्जना नहुनु, समानता, सामाजिक न्याय र समावेशिताका सवालमा राज्यको सम्बोधन केवल औपचारिकतामा सीमित रहनुजस्ता कारणहरूले Gen-Z आन्दोलन भएको बुझाइ रहेको छ । सुशासनको दृष्टिले भ्रष्टाचार, कुशासन, दण्डहीनता, नातावाद/कृपावाद, न्याय र जवाफदेहिताको अभाव Gen-Z आन्दोलनका मुख्य कारणहरू देखिएको छ । स्थलगत सर्वेक्षणको परिणामअनुसार आन्दोलनको मुख्य कारण व्यापक भ्रष्टाचार र जवाफदेहिताको कमी रहेको स्पष्ट

छ। यस आन्दोलनमा सहभागी अधिकांश युवाहरू यसअघिका आन्दोलनमा संलग्न भएका थिएनन् जसले गर्दा यो आन्दोलन नयाँ पुस्ताहरूको विस्फोटको रूपमा बुझ्न सकिन्छ ।

नेतृत्वविहीन आन्दोलनलाई डिजिटल प्लेटफर्म र सामाजिक सञ्जालको सहायताले व्यापक सहभागिता र संगठित गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइयो । आन्दोलनका क्रममा जुन मानवीय र भौतिक क्षति भएको छ यसको प्रमुख कारण सरकारको कमजोरी, संवादहीनता र समयमै उचित निर्णय नलिनु रहेको निष्कर्ष निस्किएको छ । समग्रमा, Gen-Z आन्दोलन युवाको क्षणिक आक्रोश नभएर भ्रष्टाचार, कुशासन, देशभित्र अवसरहरूको अभाव, अन्याय र संस्थागत असफलताको विरुद्धको सामूहिक अभिव्यक्तिको रूपमा रहेको बुझाइ छ । यसले राज्यलाई गहिरो नीतिगत सुधार, पारदर्शी शासन, समावेशी विकास र युवामैत्री कार्यक्रममार्फत कार्य गरिएमा मात्र देखिएका समस्याको समाधान सम्भव हुने स्पष्ट सन्देश दिएको छ ।

# परिच्छेद पाँचः युवाहरूको भ्रष्टाचार, जवाफदेहिता, डिजिटल स्वतन्त्रता र रोजगारीप्रतिको धारणा

## ५.१ पृष्ठभूमि

नेपालको समसामयिक सामाजिक आर्थिक तथा राजनीतिक परिवेशमा Gen-Z युवाहरूको चेतना, अपेक्षा र प्रतिरोधका स्वरूपहरू विशेष गरि भ्रष्टाचार, डिजिटल स्वतन्त्रता र रोजगारीका सवालहरूसँग गहिरो रूपमा गाँसिएका देखिन्छन् । डिजिटल प्रविधि र सामाजिक सञ्जालको व्यापक प्रयोगमा हुर्किएको यो पुस्ताले राज्य, शासन प्रणाली र सार्वजनिक संस्थाहरूको कार्यसम्पादनलाई निरन्तर निगरानी, तुलना र आलोचनात्मक दृष्टिले हेर्ने गरेको पाइन्छ । यस कारण Gen-Z युवाहरूको धारणा केवल व्यक्तिगत अनुभवमा सीमित नरही संरचनागत कमजोरीप्रतिको सामूहिक प्रतिक्रिया बन्न पुगेको देखिन्छ ।

भ्रष्टाचारको सन्दर्भमा, नेपालमा लामो समयदेखि व्याप्त राजनीतिक, प्रशासनिक तथा संस्थागत भ्रष्टाचारप्रति Gen-Z युवाहरूको धारणा अत्यन्त नकारात्मक रहेको पाइन्छ । सार्वजनिक सेवा प्रवाह, रोजगारी, शिक्षा, ठेक्का प्रक्रिया तथा नियुक्तिमा हुने अनियमितता, पहुँच र राजनीतिक संरक्षणका आधारमा अवसर वितरण हुनु Gen-Z पुस्ताले प्रत्यक्ष अनुभव गर्ने प्रमुख समस्या बनेका छन् । पारदर्शिता र जवाफदेहिताको अपेक्षा राख्ने यो पुस्ताले भ्रष्टाचारलाई व्यक्तिगत नैतिक कमजोरीभन्दा पनि प्रणालीगत असफलताको रूपमा बुझ्ने गरेको देखिन्छ, जसले उनीहरूलाई संगठित असन्तोष र आन्दोलनतर्फ उन्मुख गराएको पाइयो ।

डिजिटल स्वतन्त्रताको सवालमा, Gen-Z युवाहरू अभिव्यक्ति स्वतन्त्रता, सूचनाको पहुँच र डिजिटल अधिकारप्रति अत्यन्त संवेदनशील देखिन्छन् । सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्मलाई आफ्नो विचार, असन्तोष र पहिचान अभिव्यक्त गर्ने मुख्य माध्यम बनाएका युवाहरू राज्यद्वारा हुने डिजिटल नियन्त्रण, सेन्सरशिप, निगरानी तथा अभिव्यक्ति सीमित गर्ने कानूनी वा प्रशासनिक प्रयासलाई लोकतान्त्रिक मूल्यको उल्लङ्घनका रूपमा लिन्छन् । नेपालमा डिजिटल नियमनसम्बन्धी अस्पष्ट नीति, कानूनको दुरुपयोग र आलोचनात्मक आवाजलाई राज्यले दमनकारी प्रवृत्ति अपनाउँदा Gen-Z युवाहरूमा असन्तोष र आन्दोलनतर्फ उन्मुख गराउन थप बलियो बनाएको देखियो ।

रोजगारीको सन्दर्भमा, उच्च शिक्षा हासिल गरेपछि पनि योग्यता र सीपअनुसार रोजगारी नपाउनु, रोजगारी प्राप्त गरे पनि तलबले आधारभुत आवश्यकतासमेत पूरा गर्न कठिनाइ, अस्थायी तथा न्यून तलबका रोजगारीमा सीमित रहनु, वैदेशिक रोजगारीलाई बाध्यात्मक विकल्पका रूपमा लिनुपर्ने अवस्था Gen-Z युवाहरूको सामूहिक धारणा रहेको पाइयो । यस पुस्ताले रोजगारीलाई केवल आयको स्रोतमात्र नभई आत्मसम्मान, सामाजिक पहिचान र भविष्यको सुरक्षासँग जोडेर हेर्ने भएकाले बेरोजगारी र अल्परोजगारीले उनीहरूमा गहिरो निराशा सिर्जना गरेको देखिन्छ । साथै, रोजगारीका

अवसरमा पारदर्शिता र मेरिटभन्दा पहुँच र राजनीतिक सम्बन्ध हावी भएको धारणा Gen-Z युवाहरूमा व्यापक रूपमा व्याप्त रहेको पाइन्छ ।

यसरी, नेपालमा Gen-Z युवाहरूको भ्रष्टाचार, डिजिटल स्वतन्त्रता र रोजगारीप्रतिको धारणा आपसमा अन्तर सम्बन्धित विषयका रूपमा देखिन्छन् । यी तीनै पक्षहरूमा देखिएका संरचनागत कमजोरी, अवसरको असमानता र अधिकारको सीमितताले Gen-Z युवाहरूलाई राज्य र प्रणालीप्रति प्रश्न उठाउन तथा परिवर्तनको मागसहित आन्दोलनमा उत्रन प्रेरित गरेको स्पष्ट देखिन्छ । यस सन्दर्भमा, Gen-Z आन्दोलनलाई बुझ्न यी विषयहरूलाई पृष्ठभूमिगत आधारका रूपमा गहिरो विश्लेषण गर्नु अत्यन्त आवश्यक देखिन्छ ।

## ५.२ युवाहरूको भ्रष्टाचारप्रतिको धारणा

नेपालमा Gen-Z पुस्ताले अनुभूति गरिरहेको आर्थिक असुरक्षा र अवसरको अभावलाई भ्रष्टाचारसँग प्रत्यक्ष रूपमा जोडेर हेर्ने प्रवृत्ति देखिन्छ । सार्वजनिक स्रोतको दुरुपयोग, नातावाद-कृपावाद, नियुक्ति र सेवाप्रवाहमा पारदर्शिताको कमीले रोजगारी, शिक्षा र उद्यमशीलताका अवसर सीमित भएको भन्ने धारणा युवामाझ व्यापक देखिन्छ। आर्थिक वृद्धि भए तापनि त्यसको लाभ केही वर्गमा मात्र सीमित रहनुमा भ्रष्टाचारलाई मुख्य कारण ठानिँदा युवाहरूमा राज्यप्रति अविश्वास र असन्तोष बढेको पाइन्छ। यही सन्दर्भमा यस अध्ययनले स्थलगत सर्वेक्षणबाट प्राप्त युवाहरूको भ्रष्टाचारसम्बन्धी धारणालाई निम्न शीर्षकअन्तर्गत विश्लेषण गरेको छ ।


### ५.२.१ भष्ट्राचारको स्तर


नेपालमा व्यापक मात्रामा भष्ट्राचार हुन्छ भन्ने जनगुनासो विगतदेखि नै सुनिँदै आएको छ । नेपालमा भष्ट्राचारको स्तरको सन्दर्भमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

रेखाचित्रमा नेपालमा भष्ट्राचारको स्तर के-कस्तो छ भन्ने सन्दर्भमा जिज्ञासा राख्दा सबैभन्दा बढि ६६ प्रतिशतले अत्यन्त उच्च र ३० प्रतिशतले उच्च देखाउदा नेपालमा विकास कम हुनुको कारणमा भष्ट्राचार एउटा गम्भीर समस्या भएको अनुमान गर्न सकिन्छ । प्राप्त भएको नातिजालाई प्रदेशगत रूपमा हेर्दा बागमती र कर्णाली प्रदेशका सबै उत्तरदाताहरूले नेपालमा भष्ट्राचार उच्च छ भन्ने भनाई प्रकट गरेका छन् । सोहि प्रकारले अन्य प्रदेशहरूमा पनि अधिकांश जसोले नेपालमा भष्ट्राचार सामान्य स्तरभन्दा व्यापक छ भन्ने भनाईमा सहमत गरेका छन् । तर गण्डकी र सुदूरपश्चिम प्रदेशका थोरै उत्तरदाताहरूले नेपालमा भष्ट्राचार उच्चस्तरमा छ भन्ने भनाईमा असहमती समेत प्रकट गरेको पाइएको छ । समग्रमा विश्लेषण गर्दा भष्ट्राचार नेपालको सन्दर्भमा एउटा गम्भीर समस्या रहेको बुझाइ धेरै युवाहरूको छ ।

**रेखाचित्र ५.१**

भष्ट्राचारको स्तर (प्रतिशतमा)





*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

## ५.२.२ भष्ट्राचारविरुद्धको लडाइँमा युवाको सहभागिताको प्रभावकारी

नेपालमा भष्ट्राचार व्यापक मात्रामा छ भन्ने गुनासो आम सर्वसाधारणमा व्यापक मात्रामा रहेको छ । भष्ट्राचारविरुद्धको लडाईंमा युवाको सहभागिता प्रभावकारी कस्तो हुन्छ भन्ने सन्दर्भमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ५.२**

भ्रष्टाचारविरुद्धको लडाइँमा युवाको सहभागिताको प्रभावकारी (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


माथिको रेखाचित्रमा नेपालमा भ्रष्टाचारविरुद्धको लडाईंमा युवाको सहभागिता प्रभावकारी बनाउनुपर्छ भन्ने सन्दर्भमा जिज्ञासा राख्दा सबैभन्दा बढि ६४ प्रतिशतले पूर्ण रूपमा सहमत र ३९ प्रतिशतले सहमत देखाएकोले भ्रष्टाचारविरुद्धको लडाईंमा युवाहरूको सहभागिता बढाईदै लैजानु देशको लागि राम्रो हुने देखिन्छ।

### ५.२.३ आन्दोलनले भ्रष्टाचार नियन्त्रणका प्रयासहरूमा पारेको प्रभाव

आन्दोलनले भ्रष्टाचारविरुद्ध संस्थागत दबाव सिर्जना गरेको छ । लामो समयसम्म थन्किएका फाइलहरू खुल्न थालेका छन्, अनुसन्धान प्रक्रिया सक्रिय बनेको छ र उच्च तहका व्यक्तिहरूसमेत प्रश्नको घेरामा पर्न थालेको सन्दर्भमा आन्दोलनले भ्रष्टाचार नियन्त्रणका प्रयासहरूमा पारेको प्रभाव सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ।

**रेखाचित्र ५.३**

आन्दोलनले भ्रष्टाचार नियन्त्रणका प्रयासहरूमा पारेको प्रभाव (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

माथिको रेखाचित्रमा Gen-Z आन्दोलनपछि भ्रष्टाचार नियन्त्रणका प्रयासहरूमा पारेको प्रभाव सम्बन्धमा सहभागी युवाहरूको धारणालाई हेर्दा सबैभन्दा बढि ४५ प्रतिशतले सकारात्मक प्रभाव, ३२ प्रतिशतले कुनै प्रभाव नपरेको, ६/६ प्रतिशतले क्रमशः अत्यन्त सकारात्मक प्रभाव र नकारात्मक प्रभाव परेको र १ प्रतिशतले अत्यन्त नकारात्मक प्रभाव परेको पाईयो । प्राप्त भएको नातिजालाई प्रदेशगत रूपमा हेर्दा पनि सबैजसो प्रदेशहरूमा ठूलो संख्याका उत्तरदाताहरूमा आन्दोलनपछि भ्रष्टाचार

नियन्त्रणका प्रयासहरूमा सकारात्मक प्रभाव र कुनै प्रभाव नपरेको बुझाइ रहेको देखिन्छ । कर्णाली प्रदेशका कुनै पनि उत्तरदाताहरूमा आन्दोलनपछि भ्रष्टाचार नियन्त्रणका प्रयासहरूमा कुनै पनि नकारात्मक प्रभाव नपरेको बुझाइ रहेको देखिन्छ । तर कर्णाली प्रदेशबाहेकका अन्य प्रदेशका केही उत्तरदाताहरूमा आन्दोलनपछि भ्रष्टाचार नियन्त्रणका प्रयासहरूमा केही नकारात्मक प्रभाव परेको बुझाइसमेत रहेको देखिन्छ । समग्रमा, आन्दोलनपछिको सरकार आएपछि भष्ट्राचारका नियन्त्रणको उपलब्धि देखिने समय भइसकेको नभए तापनि भष्ट्राचारका घटनाहरू कम सुनिएको हुँदा नियन्त्रणका प्रयासहरूमा सकारात्मक प्रभाव परेको युवाहरूको बुझाइ रहेको देखिन्छ।

## ५.३ नागरिकप्रतिको जवाफदेहिता

नेपालमा Gen-Z आन्दोलनले नागरिकप्रतिको जवाफदेहितालाई मुख्य मागका रूपमा अघि सारेको छ। डिजिटल माध्यमबाट सचेत बनेको यो पुस्ताले सरकार र सार्वजनिक निकायबाट पारदर्शिता, जवाफदेही निर्णय र राम्रो सेवाप्रवाह चाहन्छ । भ्रष्टाचार र शक्ति दुरुपयोगप्रति असन्तुष्ट Gen-Z ले प्रश्न गर्ने र उत्तर माग्ने संस्कृतिलाई बल दिएको छ । यही सन्दर्भमा यस अध्ययनले सर्वेक्षणमार्फत युवाहरूको नागरिकप्रतिको जवाफदेहितासम्बन्धी धारणा विश्लेषण गरेको छ ।


### ५.३.१ सार्वजनिक संस्थाहरूको नागरिकप्रतिको जवाफदेहिता

सार्वजनिक संस्थाहरूको नागरिकप्रतिको जवाफदेहिता भन्नाले सरकार, मन्त्रालय, स्थानीय तह, सार्वजनिक निकाय तथा नियामक संस्थाहरूले नागरिकको हक, अधिकार र अपेक्षाप्रति जिम्मेवार भएर काम गर्नु भन्ने बुझिन्छ । यसको मूल भूमिका सेवा प्रवाहलाई पारदर्शी, प्रभावकारी र नागरिकमुखी बनाउनु हो । सार्वजनिक संस्थाहरूले नीति निर्माणदेखि कार्यान्वयनसम्म नागरिकको सहभागिता सुनिश्चित गर्नु, निर्णय प्रक्रियामा सूचना खुला राख्नु, सेवा ढिलासुस्ती र भ्रष्टाचार नियन्त्रण गर्नुको साथै जनताप्रति उत्तरदायी हुनुपर्दछ । यसरी जवाफदेहिता बलियो भएमा नागरिकको विश्वास बढ्छ, लोकतन्त्र सुदृढ हुन्छ र दिगो विकासको आधार तयार हुन्छ । नेपालमा सर्वसाधारणहरूले सार्वजनिक संस्थाहरूको नागरिकप्रतिको जवाफदेहितामा प्रश्न उठाउँदै आएका घटनाहरू बारम्बार सुनिँदै आएको छ । यसै सन्दर्भमा सार्वजनिक संस्थाहरूको नागरिकप्रतिको जवाफदेहितामा कमी छ भन्ने सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

रेखाचित्रमा नेपालमा सार्वजनिक संस्थाहरूको नागरिकप्रतिको जवाफदेहिताको स्तर कस्तो छ भन्ने सन्दर्भमा जिज्ञासा राख्दा सबैभन्दा बढि ४७ प्रतिशतले कम र ३४ प्रतिशतले अत्यन्त कम देखाएको पाइन्छ । समग्रमा, असी प्रतिशतभन्दा बढि युवाहरूले नेपालमा सार्वजनिक संस्थाहरूको नागरिकप्रतिको जवाफदेहितामा कमी भएको धारणा व्यक्त गरेकाले सरकारले सार्वजनिक संस्थाहरूको नागरिकप्रतिको जवाफदेहितालाई ख्याल राखेर काम गर्नुपर्ने देखियो ।

**रेखाचित्र ५.४**

सार्वजनिक संस्थाहरूको नागरिकप्रतिको जवाफदेहिताको स्तर (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


## ५.३.२ राज्यको प्रमुख नीति निर्माण र निर्णय प्रक्रियामा युवाको प्रतिनिधित्व

युवा देशको सबैभन्दा ठूलो जनसांख्यिकीय शक्ति, नवप्रवर्तनको स्रोत र भविष्यका नेतृत्वकर्ता हुन् । उनीहरूले भोगिरहेका बेरोजगारी, शिक्षा, डिजिटल स्वतन्त्रता, जलवायु जोखिम र सुशासनका समस्या प्रत्यक्ष रूपमा नीतिसँग जोडिएका हुन्छन तर निर्णय प्रक्रियामा उनीहरूको आवाज नपुग्दा नीति राम्रो बन्दैन। युवाको प्रतिनिधित्वले नीतिलाई व्यवहारिक, प्रविधिमैत्री, समावेशी र दीर्घकालीन बनाउँछ, जसले राज्यप्रति विश्वास बढाउँछ, लोकतन्त्र सुदृढ हुन्छ र दिगो विकासको मार्ग प्रशस्त हुन्छ । यसै सन्दर्भमा राज्यको प्रमुख नीति निर्माण र निर्णय प्रक्रियामा युवाको प्रतिनिधित्वको पर्याप्तता सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

रेखाचित्रमा नेपालमा राज्यको प्रमुख नीति निर्माण र निर्णय प्रक्रियामा युवाको प्रतिनिधित्वको पर्याप्तता सम्बन्धमा जिज्ञासा राख्दा सबैभन्दा बढि ७० प्रतिशतले छैन, १४ प्रतिशतले थाहा छैन र १६ प्रतिशतले छ भनेको पाईयो । यस आधारमा हेर्दा नेपालमा राज्यको प्रमुख नीति निर्माण र निर्णय प्रक्रियामा युवाको प्रतिनिधित्वको बढाउनुपर्ने देखिन्छ ।

**रेखाचित्र ५.५**

राज्यको प्रमुख नीति निर्माण र निर्णय प्रक्रियामा युवाको प्रतिनिधित्वको पर्याप्तता (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


## ५.४ युवाहरूको डिजिटल स्वतन्त्रता प्रतिको धारणा

डिजिटल प्लेटफर्म आजको युवापुस्ताको अभिव्यक्ति, संगठन, सिकाइ र रोजगारीको प्रमुख माध्यम बनेको छ । सामाजिक सञ्जाल, अनलाइन मिडिया र डिजिटल सेवामाथि हुने अनावश्यक नियन्त्रण, सेन्सरशिप वा निगरानीले युवाको सिर्जनशीलता, उद्यमशीलता र लोकतान्त्रिक सहभागितामा प्रत्यक्ष असर पार्दछ । त्यसैले डिजिटल स्वतन्त्रताप्रतिको युवाको धारणा केवल प्रविधिसँग जोडिएको विषय मात्र होइन । यो सुशासन, नागरिक अधिकार र आधुनिक लोकतन्त्रको सूचक हो, जसले राज्यप्रति विश्वास र सहभागिताको स्तर निर्धारण गर्दछ । यसै सन्दर्भमा डिजिटल स्वतन्त्रताप्रतिको युवाको धारणा सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ।

रेखाचित्रमा नेपालमा डिजिटल स्वतन्त्रताप्रतिको युवाको धारणा सम्बन्धमा सहभागीहरूसँग जिज्ञासा राख्दा सबैभन्दा बढि ४१ प्रतिशतले सहमत, २४ प्रतिशतले तटस्थ, १७ प्रतिशतले असहमत, १४ प्रतिशतले पूर्ण सहमत र ४ प्रतिशतले पूर्ण असहमत जनाएका छन् । यस आधारमा हेर्दा हाल कार्यान्वयनमा रहेको डिजिटल स्वतन्त्रतामा केही थप परिमार्जन गर्नुपर्ने देखिन्छ ।

**रेखाचित्र ५.६**

डिजिटल स्वतन्त्रताप्रति नेपालको शासनप्रणालीले गरेको सुनिश्चितता (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

## ५.५ युवाहरूको रोजगारी प्रतिको धारणा

नेपालमा Gen-Z आन्दोलनले युवाहरूको रोजगारीप्रतिको धारणालाई स्पष्ट रूपमा उजागर गरेको देखिन्छ । यो पुस्ता शिक्षाअनुसारको रोजगारी, समान अवसर र पारदर्शी नियुक्ति प्रक्रियाको माग गर्दछ । बेरोजगारी, न्यून तलब र पहुँचका आधारमा हुने रोजगारी वितरणप्रति असन्तुष्ट Gen-Z ले सरकारको भूमिका र जवाफदेहितामाथि प्रश्न उठाएको देखिन्छ । यही सन्दर्भमा यस अध्ययनले सर्वेक्षणमार्फत युवाहरूको रोजगारीसम्बन्धी धारणा विश्लेषण गरेको छ।


### ५.५.१ रोजगारी प्रक्रियामा पारदर्शिता

रोजगारी प्रक्रियामा पारदर्शिता अत्यन्त आवश्यक मानिन्छ किनकि यो प्रक्रियाले युवाको मेहनत, योग्यता र भविष्यसमेत निर्धारण गर्दछ। विज्ञापनदेखि छनोट, परीक्षा, अन्तर्वार्ता र नियुक्तिसम्म स्पष्ट, निष्पक्ष र खुला प्रक्रिया नभएमा राजनीतिक पहुँच, नातावाद र भ्रष्टाचार बढ्छ, जसले योग्य युवालाई निराश बनाउँछ, विदेसिन बाध्य पार्दछ र राज्यप्रतिको विश्वास कमजोर बनाउँछ । पारदर्शी रोजगारी प्रणालीले समान अवसर सुनिश्चित गर्छ, योग्य व्यक्तिलाई देशमै बस्ने वातावरण र दक्ष जनशक्तिको माध्यमबाट दिगो आर्थिक विकासको आधार समेत तयार गर्छ । नेपालमा सरकारी रोजगारी

प्रक्रियामा पारदर्शिता सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ५.७**

रोजगारी प्रक्रियामा पारदर्शिता (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

माथिको रेखाचित्रमा नेपालमा रोजगारी प्रक्रियामा पारदर्शिता छ भन्ने सम्बन्धमा सहभागीहरूसँग जिज्ञासा राख्दा सबैभन्दा बढि ४५ प्रतिशतले असहमत, ३० प्रतिशतले पूर्ण असहमत, १२ प्रतिशतले सहमत, ११ प्रतिशतले तटस्थ र २ प्रतिशतले पूर्ण सहमत जनाएका छन् ।


प्राप्त भएको नातिजालाई प्रदेशगत रूपमा हेर्दा पनि सबैजसो प्रदेशहरूमा ठुलो संख्याका उत्तरदाताहरूमा नेपालमा रोजगारी प्रक्रियामा पारदर्शिता छैन भन्ने सम्बन्धमा पूर्ण सहमत र सहमत रहेको देखिन्छ । अन्य प्रदेशहरूका उत्तरदाताहरूको तुलनामा मधेश प्रदेशका उत्तरदाताहरू नेपालमा सरकारी रोजगारी प्रक्रियामा पारदर्शिता छैन भन्ने सम्बन्धमा असहमत समेत प्रकट गरेका छन्। समग्रमा हेर्दा नेपालमा रोजगारी प्रक्रियामा पारदर्शितामा कमी भएको सुनिएकोले पारदर्शिताको वातावरण सिर्जना गर्नेतर्फ सरकारले ध्यान दिनुपर्ने देखियो ।

## ५.५.२ विद्यमान रोजगारीका अवसरहरूप्रतिको सन्तुष्टि

देशभित्र विद्यमान रोजगारीका अवसरहरूले युवाको आत्मनिर्भरता, जीवनस्तर र सामाजिक स्थायित्वमा महत्त्वपूर्ण भूमिका निर्वाह खेल्दछ । नेपालमा रोजगारीको अवसर सीमित, अस्थायी र न्यून पारिश्रमिकयुक्त हुँदा शिक्षित युवासमेत विदेश पलायन हुन बाध्य छन्, जसले देशको उत्पादनशील शक्ति कमजोर बनाउँछ । पर्याप्त, गुणस्तरीय र भविष्य सुनिश्चितता हुने खालको रोजगारी सिर्जना नहुँदासम्म आर्थिक वृद्धि दिगो हुँदैन, सामाजिक असन्तोष बढ्छ र Gen-Z आन्दोलनजस्ता आन्दोलन हुनसक्छ । नेपालमा विद्यमान रोजगारीका अवसरहरूको सम्बन्धमा सहभागी युवाहरूको सन्तुष्टिको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ५.८**

विद्यमान रोजगारीका अवसरहरूप्रतिको सन्तुष्टि (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


माथिको रेखाचित्रमा नेपालमा विद्यमान रोजगारीका अवसरहरूको सम्बन्धमा सहभागी युवाहरूको सन्तुष्टि के कस्तो छ भन्ने सम्बन्धमा सहभागीहरूसँग जिज्ञासा राख्दा सबैभन्दा बढि ५२ प्रतिशत असन्तुष्ट, २६ प्रतिशत अत्यन्त असन्तुष्ट, ९ प्रतिशत तटस्थ, ९ प्रतिशत सन्तुष्ट र ४ प्रतिशत तटस्थ र २ प्रतिशतले मात्र अत्यन्त भएको जनाएका छन् । यस आधारमा हेर्दा हाल नेपालमा विद्यमान रोजगारीका अवसरहरूबाट युवाहरू सन्तुष्ट नदेखिएकोले रोजगारीका अवसरहरू सिर्जना गर्ने वातावरण बनाउन सरकारले ध्यान दिनुपर्ने देखिन्छ।

### ५.५.३ श्रममा युवाका सीप र क्षमताअनुसारका अवसर

नेपालमा युवामा रहेको सीप र रोजगारीबीचको असन्तुलन नै युवाको निराशाको मूल कारण हो । नेपालमा हालको शिक्षा प्रणालीले उत्पादन गरेको ज्ञान र श्रम बजारले माग गरेको सीपबीच ठूलो खाडल रहेको हुँदा योग्य युवासमेत बेरोजगार हुन बाध्य छन् । युवामा रहेको क्षमता, प्रविधि सीप र सोचअनुसार रोजगारी उपलब्ध गराउन सकेको खण्डमा उत्पादनशीलता बढ्छ । विदेश पलायन रोकिन्छ र देशको आर्थिक रूपान्तरण दिगो र समावेशी बन्दछ । हाल नेपालमा युवाको सीप र क्षमताअनुसारका बजारको अवसर सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ।

**रेखाचित्र ५.९**

श्रममा युवाका सीप र क्षमताअनुसारको अवसर (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


माथिको रेखाचित्रमा हाल नेपालमा युवाको सीप र क्षमताअनुसारका बजारको अवसर सम्बन्धमा सहभागीहरूसँग जिज्ञासा राख्दा सबैभन्दा बढि ५० प्रतिशत असहमत, २६ प्रतिशत पूर्ण असहमत र तटस्थ, सहमत र पूर्ण असहमतमा क्रमशः ८, ९ र ७ प्रतिशत रहेको देखिन्छ । यस आधारमा हेर्दा हाल नेपालमा युवाको सीप र क्षमताअनुसारका बजारको अवसरमा धेरै अन्तर भएकोले यसतर्फ सकारले विशेष ख्याल गर्नुपर्ने देखिन्छ ।

### ५.५.४ रोजगारसम्बन्धी सरकारी नीतिहरूको पर्याप्तता

रोजगारसम्बन्धी सरकारी नीतिहरूले देशभित्र रोजगारी सृजनाको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । नेपालमा हालका रोजगार नीतिहरू प्रायः सामान्य र कार्यान्वयनमा कमजोर देखिन्छन् । जसले गर्दा बेरोजगारी बढाएको छ । पर्याप्त, व्यावहारिक र दीर्घकालीन रोजगार नीति भएमा युवालाई सीपअनुसार रोजगार उपलब्ध गराउन सकिन्छ । निजी र सार्वजनिक क्षेत्रमा समान अवसर सुनिश्चित हुन्छ र युवा शक्तिको अधिकतम उपयोगबाट उत्पादनशीलता, नवप्रवर्तन र दिगो आर्थिक विकास साकार हुन्छ । नेपालमा रहेको रोजगारसम्बन्धी सरकारी नीतिहरूको सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ५.१०**

रोजगारीसम्बन्धी नीतिहरूको पर्याप्तता (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

माथिको रेखाचित्रमा रोजगारसम्बन्धी सरकारी नीतिहरूको सम्बन्धमा सहभागीहरूसँग जिज्ञासा राख्दा सबैभन्दा बढि ४८ प्रतिशत असहमत, ३१ प्रतिशत पूर्ण असहमत र तटस्थ, सहमत र पूर्ण असहमतमा क्रमशः ११, ८ र २ प्रतिशत रहेको देखिन्छ । यस आधारमा हेर्दा हाल नेपालमा रोजगारसम्बन्धी सरकारी नीतिहरू नभएको हुँदा उपयुक्त नीतिहरू बनाइ रोजगारीका अवसरहरूको सिर्जना गर्नुपर्ने देखिन्छ।

## ५.६ युवाहरूको भ्रष्टाचार, जवाफदेहिता, डिजिटल स्वतन्त्रता र रोजगारीप्रतिको धारणाको तथ्यांकीय विवरण

युवाहरूको भ्रष्टाचार र जवाफदेहितासम्बन्धी तथ्यांकीय विवरणले सार्वजनिक संस्थाहरूको कार्यसम्पादन, पारदर्शिता तथा नागरिकप्रतिको उत्तरदायित्वप्रति कस्तो धारणा छ भन्ने कुरा संख्यात्मक रूपमा प्रस्तुत गर्दछ। यस्ता सूचकहरूले भ्रष्टाचार कत्तिको व्यापक छ भन्ने अनुभूति, नियन्त्रणका प्रयासप्रति विश्वासको स्तर तथा प्रशासनिक जवाफदेहितामा देखिएको कमी वा सुधारलाई स्पष्ट रूपमा देखाउँछन्। यसले शासन प्रणालीप्रति नागरिकको भरोसा कस्तो छ भन्ने कुरा पत्ता लगाउन सहयोग पुऱ्याउँछ।

**तालिका ५.१ः**

युवाहरूको भ्रष्टाचार, जवाफदेहिता, डिजिटल स्वतन्त्रता र रोजगारीप्रतिको धारणा

| **विवरण** | **औसत (Mean)** | **मानक विचलन (S.D.)** |
|---|---|---|
| नेपालमा भष्ट्राचारको स्तर कस्तो छ भन्ने सम्बन्धमा | १.४१ | ०.७२ |
| सार्वजनिक संस्थाहरूको नागरिकप्रतिको जवाफदेहिताको स्तर कस्तो देख्नुहुन्छ भन्ने सम्बन्धमा | १.९५ | ०.९४ |
| रोजगारी प्रक्रियामा पारदर्शिताको स्तर सन्तोषजनक छ भन्ने सम्बन्धमा | ३.५१ | १.०२ |
| नेपालमा हाल बिद्यमान रोजगारीका अवसरहरू प्रति तपाईं कति सन्तुष्ट हुनुहुन्छ भन्ने सम्बन्धमा | ३.८७ | १.०२ |
| नेपालको श्रम बजारले युवाका सीप र क्षमता अनुसारका अवसर प्रदान गर्छ भन्नेमा तपाईं कत्तिको सहमत हुनुहुन्छ भन्ने सम्बन्धमा | ३.७८ | १.१४ |
| नेपालमा रोजगारसम्बन्धी सरकारी नीतिहरू पर्याप्त छन् भन्नेमा सहमत हुनुहुन्छ भन्ने सम्बन्धमा | ३.९६ | ०.९८ |

स्रोतः स्थलगत सर्वेक्षण तथ्याङ्क २०८२मा आधारित अनुसन्धानकर्ताद्वारा गणना

उपरोक्त तालिकाका आधारमा Gen-Z आन्दोलनप्रतिको भ्रष्टाचार, जवाफदेहिता, डिजिटल स्वतन्त्रता र रोजगारीप्रतिको उत्तरदाताहरूको धारणा देखाएको छ । नेपालमा भ्रष्टाचार सामान्यस्तरभन्दा धेरै व्यापक छ भन्ने प्रश्नको औसत मान १.४१ र मानक विचलन ०.७२ रहेको छ । अधिकांश उत्तरदाताहरू यसप्रति उच्चस्तरको सहमति जनाएको र यस विषयमा विचलनमा समेत तुलनात्मक रूपमा एकरूप रहेको संकेत गर्दछ।

सार्वजनिक संस्थाहरूको नागरिकप्रतिको जवाफदेहितामा कमी छ भन्ने सम्बन्धमा औसत मान १.९५ र मानक विचलन ०.९४ रहेको छ। जवाफदेहिताको कमीप्रति उत्तरदाताहरूको सहमति अपेक्षाकृत उच्च भए पनि मानक विचलनमा केही भिन्नता रहेको जनाउँछ । यसै गरि सरकारी रोजगारी प्रक्रियामा पारदर्शिताको अभाव छ भन्ने सम्बन्धमा औसत मान ३.५१ र मानक विचलन १.०२ रहेको छ । रोजगारी प्रक्रियामा पारदर्शितासम्बन्धी समस्याप्रति उत्तरदाताहरूको धारणा मिश्रित रहेको देखाउँछ ।

रोजगारीसम्बन्धी सन्तुष्टिको सन्दर्भमा, नेपालमा हाल विद्यमान रोजगारीका अवसरहरूप्रति सन्तुष्टिको औसत मध्यम मान ३.८७ र मानक विचलन १.०२ रहेको छ । उत्तरदाताहरूमा असन्तुष्टिस्तर तुलनात्मक रूपमा उच्च देखिन्छ र मानक विचलनमा विविधता रहेको देखिन्छ । सोहि प्रकारले, नेपालको श्रम बजारले युवाका सीप र क्षमता अनुसारका अवसर प्रदान गर्छ भन्ने सम्बन्धमा औसत मान ३.७८ र मानक विचलन १.१४ रहेको छ । यस विषयमा उत्तरदाताहरूको असन्तुष्टि मध्यमदेखि उच्चस्तरको रहेको छ र मानक विचलन समेत फरक रहेको देखिन्छ ।
यसै गरि, नेपालमा रोजगारसम्बन्धी सरकारी नीतिहरू पर्याप्त छन् भन्ने सम्बन्धमा औसत मान ३.९६ र मानक विचलन ०.९८ रहेको छ । यहाँ अधिकांश उत्तरदाताहरू सरकारी रोजगारी नीतिहरूप्रति असन्तुष्ट रहेको र मानक विचलन समेत फरक रहेको देखिन्छ।

## ५.७ गुणात्मक विश्लेषण (प्रमुख सूचनादाता/समूह छलफल)

हामी युवाहरूमा भ्रष्टाचारलाई ……… स्वीकार नगर्ने प्रवृत्ति बढ्दो छ । हामीहरू घुस, बिचौलियापन र सत्ता दुरुपयोगलाई खुला रूपमा प्रश्न गर्न थालेका छौं, जसले सुशासनको बहसलाई सशक्त बनाएको छ ।…………

(Gen-Z अभियन्ता, मधेश प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

अहिलेका युवाहरू राज्य, राजनीतिक नेतृत्व र सार्वजनिक संस्थाबाट पारदर्शिता र जवाफदेहिता माग गर्न अग्रसर देखिन्छन्।

(सुदूरपश्चिम प्रदेश, सामूहिक छलफलमा सहभागी)

.........सामाजिक सञ्जालमार्फत उनीहरूले शासकलाई उत्तरदायी बनाउने प्रयास गरिरहेका छन्।..........

(उधोग वाणिज्य संग, कर्णाली प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

यो आन्दोलन युवाको निराशा, आक्रोश र परिवर्तनको चाहनाको सामूहिक स्वर हो । सामाजिक सञ्जाल प्रतिबन्ध त्यसको ट्रिगर मात्र हो, ......... कारण होइन ।

(Gen-Z अभियन्ता, बागमती प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

डिजिटल माध्यम युवाहरूका लागि अभिव्यक्ति र सूचना आदान-प्रदानको प्रमुख साधन बनेको छ।................. यसले आवाजविहीन समूहका मुद्दा उजागर गर्न र नागरिक सचेतना बढाउन सकारात्मक भूमिका खेलेको छ।

(शिक्षाविद् कोशी प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

................. आन्दोलन साधारण नेपालीहरूले "युवा राजनीतिमा खासै चासो राख्दैनन्" भन्ने आम धारणाको विपरीत देखियो । .......... आन्दोलनले यो सोचाइ पूर्णतः परिवर्तन गरिदिएको छ । सामाजिक संजाल एउटा सशक्त युवा शक्ति परिचालनको माध्यम हो भन्ने पुष्टि गर्यो ।

(Gen-Z अभियन्ता, सुदूरपश्चिम प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

..........................केवल रोजगारी मात्र होइन, मर्यादित, सुरक्षित र सीपअनुसारको रोजगारीको आवश्यकता छ र देशमा रोजगार सृजना गरि बैदेशिक रोजगारीमा कमि ल्याउनुपर्छ.................। आन्दोलनलले दीर्घकालीन रूपमा श्रम बजार सुधार र उद्यमशीलताको बहसलाई अघि बढाएको छ।

(Gen-Z अभियन्ता, लुम्बिनी प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

युवाहरू अब सामाजिक सञ्जालमा मात्र होइन सञ्जालमार्फत आवश्यक परेको खण्डमा सडक, नीति बहस र नागरिक अभियानमार्फत सक्रिय राजनीतिक भूमिकामा समेत आउन सक्दछन् भन्नेसमेत देखाएका छन् । यसले नेपालको लोकतन्त्रलाई दीर्घकालीन रूपमा मजबुत बनाउने आधार तयार गरेको छ ।

(Gen-Z अभियन्ता, कोशी प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

भ्रष्टाचार र कुशासनको निरन्तरताले युवाहरूमा राज्य, राजनीतिक दल र सार्वजनिक संस्थाप्रति गहिरो अविश्वास जन्माएको छ, जसले दीर्घकालीन रूपमा प्रणालीप्रतिको अपनत्व कमजोर बनाउँछ।

(सामाजिक अभियन्ता, गण्डकी प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

...........देशभित्र रोजगारी र अवसर नदेख्दा देशमा भविष्य छैन भन्ने धारणा बलियो बन्दै गएको छ, जसले वैदेशिक पलायन र मानव पूँजीको क्षति बढाएको छ।

(कर्णाली प्रदेश, सामूहिक छलफलमा सहभागी)

डिजिटल स्वतन्त्रतासँगै गलत सूचना, अफवाह, घृणात्मक अभिव्यक्ति र अतिरञ्जित प्रतिक्रिया पनि बढेका छन्, जसले संवादभन्दा ध्रुवीकरणलाई प्रोत्साहन गर्न सक्छ।.....यसलाई सरकारले सशक्त कानुन बनाएर निगरानी गर्नुपर्ने देखिन्छ।

(ब्यापारी, मधेश प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

शिक्षित युवाहरूको अपेक्षा र विद्यमान श्रम बजारको क्षमताबीच ठूलो अन्तर रहेकाले ...................... असन्तुष्टि थप चुलिएको छ, जसले आत्मविश्वास र सामाजिक स्थिरतामा नकारात्मक प्रभाव पार्न सक्छ।

(Gen-Z अभियन्ता, गण्डकी प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

....... डिजिटल स्वतन्त्रता आवश्यक छ । राष्ट्रिय सुरक्षाका हिसावले डिजिटल प्लेटफर्महरू दर्ता हुन आवश्यक छ । यसका लागि साइवर सुरक्षाको महत्त्वबारे राष्ट्रिय रूपमा बहस चलाएपछि यस्ता प्लेटफर्महरूलाई दर्ता गर्न आवश्यक छ ।

(सुरक्षा निकाय, गण्डकी प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

.................. भष्ट्राचार नियन्त्रण गर्ने निकायहरू जस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सर्वोच्च अदालत आदिमा राजनीतिक नियुक्ति हुने हुँदा यी निकायहरूमा नियुक्ति पाउने व्यक्तिहरू राजनैतिक नेतृत्वप्रति बढी झुकाव राख्ने हुँदा राजनैतिक नेतृत्वले गरेको भष्ट्राचार नियन्त्रण हुन सकेको छैन ।

(Gen-Z अभियन्ता, गण्डकी प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

**परिच्छेद सारांश**

माथिका परिमाणात्मक र गुणात्मक विश्लेषणका आधारमा यस परिच्छेदको सारांश निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

अधिकांश युवाहरूले नेपालमा भ्रष्टाचार सामान्यस्तरभन्दा निकै व्यापक रहेको विश्वास व्यक्त गरेका छन् । युवाहरूले भ्रष्टाचारलाई प्रणालीगत कमजोरीको रूपमा र भ्रष्टाचारविरुद्धको लडाइँमा युवाको सक्रिय सहभागिता प्रभावकारी हुनेमा उनीहरू सहमत देखिन्छन् । Gen-Z आन्दोलनले भ्रष्टाचार नियन्त्रणका प्रयासहरूमा केही हदसम्म भए पनि सकारात्मक दबाब सिर्जना गरेको धारणा पनि देखिन्छ । भष्ट्राचार नियन्त्रण गर्ने निकायहरूमा राजनीतिक नियुक्त हुने हुँदा यस्ता निकायहरूले राजनीतिक दलका नेताहरुलाई संरक्षण गरिरहेको Gen-Z को बुझाइ रहेको छ ।

जवाफदेहिताको दृष्टिले नेपालका सार्वजनिक संस्थाहरू नागरिकप्रति उत्तरदायी नभएको धारणा युवाहरूमा पाइयो । सेवा प्रवाह, पारदर्शिता र निर्णय प्रक्रियामा जवाफदेहिताको कमी रहेको सन्दर्भमा ८० प्रतिशतभन्दा बढि युवाहरू असन्तुष्ट देखिन्छन् ।

डिजिटल स्वतन्त्रताको सन्दर्भमा युवाहरू अभिव्यक्ति स्वतन्त्रता, सूचना पहुँच र डिजिटल अधिकारप्रति संवेदनशील देखिन्छन् । नेपालमा डिजिटल स्वतन्त्रतामा केही सुनिश्चितता भए पनि नीतिगत अस्पष्टता, कानूनको दुरूपयोग र सेन्सरशीपजस्ता गतिविधिबाट युवाहरू सन्तुष्ट देखिएका छैनन् । डिजिटल स्वतन्त्रतालाई उनीहरूले सुशासन र लोकतन्त्रको महत्त्वपूर्ण सूचकका रूपमा लिएका छन् । साइवर सुरक्षाका हिसावले अभिव्यक्ति स्वतन्त्रता कायम राख्दै यसलाई नियमन गर्न आवश्यक देखिन्छ । राष्ट्रिय अभियानमार्फत सर्वसाधारणलाई सहमत गराएपश्चात् मात्र नियमनको कार्य गर्न उचित देखिन्छ ।

विद्यमान रोजगारीका अवसरहरू सीमित, रोजगारी अस्थायी प्रकृतिको र न्यून तलब भएकाले अधिकांश युवाहरू सन्तुष्ट छैनन् । नेपालमा शिक्षा र श्रम बजारबीचको अन्तरले युवाले आफ्नो सीपअनुसार रोजगारी नपाएको गुनासो व्यक्त गरेका छन्। रोजगारसम्बन्धी सरकारी नीतिहरू अपर्याप्त र कमजोर कार्यान्वयन भएकोले सरकारले छिटो दीर्घकालीन, व्यावहारिक र सीपमुखी रोजगार नीति बनाउनुपर्ने बताउँछन् ।

समग्रमा, भ्रष्टाचार, कमजोर जवाफदेहिता, सीमित डिजिटल स्वतन्त्रता र रोजगारीको अभावका कारण Gen-Z युवाहरूको असन्तोष र आन्दोलनको प्रमुख पृष्ठभूमि बनेको देखिन्छ । यी संरचनागत समस्याहरू समाधान नगरेसम्म युवाको विश्वास पुनःस्थापना र दीर्घकालीन सामाजिक आर्थिक स्थायित्व सम्भव नहुने स्पष्ट देखिन्छ ।

# परिच्छेद छः आन्दोलनले सुशासन र अर्थतन्त्रमा पारेको प्रभाव

## ६.१ पृष्ठभूमि

नेपालको परिवेशमा Gen-Z युवाहरूको नेतृत्व तथा सक्रिय सहभागितामा भएको आन्दोलनले शासन प्रणाली र आर्थिक संरचनामा महत्त्वपूर्ण बहस र दबाव सिर्जना गरेको छ । यो आन्दोलन केवल क्षणिक विरोध अभिव्यक्तिको रूपमा मात्र नभई सुशासन, पारदर्शिता, जवाफदेहिता र समावेशी आर्थिक अवसरप्रति राज्यको भूमिका पुनः परिभाषित गर्ने प्रयासका रूपमा देखिन्छ । डिजिटल प्रविधि र सामाजिक सञ्जालको प्रभावकारी प्रयोगमार्फत Gen-Z आन्दोलनले परम्परागत राजनीतिक संरचनामाथि प्रश्न उठाउँदै शासन र अर्थतन्त्रका विद्यमान कमजोरीहरूलाई सार्वजनिक बहसको केन्द्रमा ल्याएको देखियो ।

सुशासनको सन्दर्भमा, Gen-Z आन्दोलनले भ्रष्टाचार नियन्त्रण, नियुक्तिमा मेरिट प्रणाली, सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता तथा राजनीतिक जवाफदेहिताको मागलाई प्राथमिक एजेन्डाका रूपमा अघि सारेको देखिन्छ । आन्दोलनको दबावका कारण राज्य संयन्त्रहरू निर्णय प्रक्रियामा बढि सतर्क बन्न बाध्य भएका, केही नीतिगत छलफलहरू पुनः सक्रिय भएको तथा सार्वजनिक निकायहरूको कार्य सम्पादनमाथि नागरिक निगरानीको दायरा फराकिलो बनेको देखिन्छ । यद्यपि, आन्दोलनले उठाएका मागहरूको संस्थागत कार्यान्वयनमा ढिलाइ तथा अवरोध देखिनुले सुशासन सुधार अझै संरचनागत चुनौतीको रूपमा कायम रहेको संकेत गर्छ ।

आर्थिक दृष्टिले, Gen-Z आन्दोलनले रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन, लगानीमैत्री वातावरण र उत्पादनमूलक अर्थतन्त्रमा रहेको हालको अवस्थालाई स्पष्ट रूपमा उजागर गरेको छ । बेरोजगारी, अल्परोजगारी र वैदेशिक रोजगारीमा अत्यधिक निर्भरताको विषय आन्दोलनका प्रमुख आर्थिक एजेन्डा बनेको देखिन्छ । यसले राज्यलाई युवा केन्द्रित आर्थिक नीति, सीप विकास कार्यक्रम र नवप्रवर्तनमा आधारित उद्यमशीलतालाई प्राथमिकतामा राख्न दबाव दिएको देखिन्छ । आर्थिक अवसरमा पहुँच, पारदर्शिता र न्याय सुनिश्चित गर्नुपर्ने मागले आर्थिक शासनसम्बन्धी बहसलाई थप सशक्त बनाएको छ ।

सामाजिक आर्थिक प्रभावका रूपमा, Gen-Z आन्दोलनले नीति निर्माताहरूलाई अल्पकालीनभन्दा पनि दीर्घकालीन संरचनागत सुधारतर्फ उन्मुख हुन चुनौती दिएको छ । आन्दोलनको प्रभावले निजी क्षेत्र, श्रम बजार र शिक्षा प्रणालीबीचको असन्तुलनमाथि बहस बढाएको छ भने युवाहरूको अपेक्षा र राज्यको क्षमताबीचको अन्तर स्पष्ट रूपमा उजागर भएको छ । यद्यपि, निरन्तरको आन्दोलन र राजनीतिक अस्थिरताले आर्थिक गतिविधि, लगानीको विश्वास र बजार मनोविज्ञानमा अल्पकालीन नकारात्मक प्रभाव पारेको देखिए पनि दीर्घकालीन रूपमा यसले सुधारको दबाब सिर्जना गरेको मान्नुपर्ने हुन्छ ।

यसरी, नेपालमा Gen-Z आन्दोलनले सुशासन र अर्थतन्त्रका दुवै क्षेत्रमा महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ । एकातर्फ यसले शासन प्रणालीलाई बढि पारदर्शी, जवाफदेही र युवा- संवेदनशील बनाउने दिशामा दबाव सिर्जना गरेको छ भने अर्कोतर्फ आर्थिक नीतिमा समावेशिता, रोजगारी सिर्जना र उत्पादनमूलक रूपान्तरणको आवश्यकता उजागर गरेको छ । यस सन्दर्भमा, Gen-Z आन्दोलनलाई सुशासन र आर्थिक सुधारका लागि चुनौती मात्र नभई अवसरका रूपमा समेत बुझ्नु अत्यन्त आवश्यक देखिन्छ ।

## ६.२ आन्दोलनले सुशासनमा पारेको प्रभाव

नेपालमा Gen-Z आन्दोलनले सुशासनप्रतिको बहसलाई सशक्त बनाएको छ । डिजिटल माध्यममार्फत सचेत बनेको यो पुस्ताले पारदर्शिता, जवाफदेहिता र कानूनको पालनाजस्ता सुशासनका आधारभूत मूल्यहरूलाई जोड दिएको पाइन्छ । भ्रष्टाचार, ढिलासुस्ती र शक्ति दुरुपयोगविरुद्ध आवाज उठाउँदै Gen-Z ले सरकार र सार्वजनिक निकायलाई बढि उत्तरदायी बन्न दबाव सिर्जना गरेको देखिन्छ । यसै सन्दर्भमा रहि यो अध्ययनले सर्वेक्षणमार्फत आन्दोलनले सुशासनप्रति पारेको धारणा विश्लेषण गरेको छ।


### ६.२.१ नेपालको समग्र सुशासनको गुणस्तर

नेपालको समग्र सुशासनको गुणस्तर पछिल्ला वर्षहरूमा सार्वजनिक बहसको प्रमुख विषय बनेको छ। राजनीतिक अस्थिरता, नीतिगत असंगति, व्यापक भ्रष्टाचार, कमजोर जवाफदेहिता र सेवाप्रवाहमा देखिएको ढिलासुस्तीका कारण शासन प्रणालीप्रति नागरिकको विश्वास कमजोर हुँदै गएको छ । संघीय संरचना कार्यान्वयन भएपनि नीति कार्यान्वयन, संस्थागत समन्वय र डिजिटल सुशासनमा अपेक्षित प्रगति हुन नसक्दा सुशासनको गुणस्तर चुनौतीपूर्ण अवस्थामा देखिन्छ जसले आर्थिक विकास, रोजगारी र सामाजिक न्यायमा प्रत्यक्ष असर पारेको छ । हाल नेपालमा रहेको समग्र सुशासनको गुणस्तर सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ।

रेखाचित्रमा, नेपालमा विद्यमान समग्र सुशासनको अवस्था सम्बन्धमा सहभागी युवाहरूको के कस्तो धारणा छ भन्ने सम्बन्धमा सहभागीहरूसँग जिज्ञासा राख्दा सबैभन्दा बढि ५२ प्रतिशतले कमजोर, २३ प्रतिशतले अत्यन्त कमजोर, १८ प्रतिशतले मध्यम, ६ प्रतिशतले राम्रो र १ प्रतिशतले अत्यन्त राम्रो भएको जनाएका छन् । यस आधारमा हेर्दा नेपालमा विद्यमान सुशासनको अवस्थाबाट युवाहरू असन्तुष्ट देखिएकोले शुसासनको वातावरण सिर्जना गर्ने कार्यमा सरकारले विशेष ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ।

**रेखाचित्र ६.१**

नेपालको समग्र सुशासनको गुणस्तर (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

## ६.२.२ सरकारी निर्णय प्रक्रियामा सुधार

सरकारी निर्णय प्रक्रियामा जवाफदेहिता सुशासनको मूल आधार मानिन्छ । तर व्यवहारमा नीति निर्माण र कार्यान्वयनबीचको अन्तर, अस्पष्ट जिम्मेवारी बाँडफाँड, कमजोर अनुगमन प्रणाली र दण्डहीनताको संस्कृतिले सरकारी निर्णयलाई कम प्रभावकारी बनाएको देखिन्छ । यसले गर्दा नागरिकको विश्वास घट्दै गएको छ र सार्वजनिक स्रोतको दुरुपयोग बढ्दै गएको छ, जसले समग्र शासन प्रणालीको गुणस्तरमा समेत नकारात्मक प्रभाव पारेको छ । Gen-Z आन्दोलनपश्चात् नेपालको सरकारी निर्णय प्रक्रियामा रहेको सुधार सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।


रेखाचित्रमा नेपालमा Gen-Z आन्दोलनपश्चात् नेपालको सरकारी निर्णय प्रक्रियाको सुधार सम्बन्धमा सहभागी युवाहरूको के कस्तो धारणा छ भन्ने जिज्ञासा राख्दा सबैभन्दा बढि ४९ प्रतिशतले केही सुधार भएको, ४५ प्रतिशतले कुनै परिवर्तन नभएको, ३ प्रतिशतले अझ कमजोर र ३ प्रतिशतले अत्यन्त कमजोर भएको जनाएका छन् ।

संकलित तथ्याङ्कको अध्ययन र त्यसबाट प्राप्त भएको नातिजालाई प्रदेशगत रूपमा हेर्दा सबैजसो प्रदेशहरूमा ठुलो संख्यामा Gen-Z आन्दोलनपश्चात् नेपालको सरकारी निर्णय प्रक्रियाको सुधारको बारेमा केहि सुधार र कुनै परिवर्तन नभएको उत्तरदाताहरूको बुझाई रहेको देखिन्छ । कर्णाली

प्रदेशबाहेक अन्य प्रदेशहरूका केहि उत्तरदाताहरूमा Gen-Z आन्दोलनपश्चात् नेपालको सरकारी निर्णय प्रक्रिया अझ कमजोर भएको बुझाइ समेत रहेको देखिन्छ । यस आधारमा हेर्दा अहिले नेपाल सरकारले गरेको सरकारी निर्णय प्रक्रियाको सुधारमा केही आशा देखिए तापनि सरकारी निर्णय प्रक्रियाको सुधारको लागि सरकारले धेरै कार्य गर्नुपर्ने देखिन्छ।

**रेखाचित्र ६.२**

सरकारी निर्णय प्रक्रियाप्रति जवाफदेहितामा सुधार (प्रतिशतमा)





*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

### ६.२.३ डिजिटल सेवाहरूमा सुधार

नेपालमा डिजिटल सेवाहरूको सहजता सुशासन र सेवा प्रवाह सुधार गर्ने महत्त्वपूर्ण माध्यमका रूपमा विकसित हुँदै गएको छ । नागरिक एप, अनलाइनमाध्यममार्फत कर तिर्ने प्रणाली, डिजिटल भुक्तानी र सरकारवाट प्रदान गरिने सेवाहरू सुरु भएपनि प्रविधि पहुँचको असमानता, प्राविधिक क्षमता अभाव, प्रणालीको विश्वसनीयता र साइबर सुरक्षाका चुनौतीका कारण सबै नागरिकले समान रूपमा सहज र प्रभावकारी सेवा पाउन सकेका छैनन् । यसले डिजिटल सुशासनको सम्भावना हुँदाहुँदै पनि व्यवहारिक प्रभाव सीमित बनाएको छ । नेपालमा डिजिटल सेवाहरूको सहजतामा ल्याएको सुधार सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ।

**रेखाचित्र ६.३**

आन्दोलनले डिजिटल सेवाहरूको सहजतामा ल्याएको सुधार (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


माथिको रेखाचित्रमा नेपालमा Gen-Z आन्दोलनपश्चात् नेपालको डिजिटल सेवाहरूको सहजतामा ल्याएको सुधार सम्बन्धमा सहभागी युवाहरूको धारणा के-कस्तो छ भन्ने जिज्ञासा राख्दा सबैभन्दा बढि ५५ प्रतिशतले केही सुधार भएको, ४० प्रतिशतले कुनै परिवर्तन नभएको, २ प्रतिशतले अझ कमजोर, १ प्रतिशतले अत्यन्त कमजोर र २ प्रतिशतले अत्यन्त सुधार भएको जनाएका छन् । यस आधारमा हेर्दा अहिले नेपाल सरकारले गरेको डिजिटल सेवाहरूको सहजतामा केही सुधार देखिए तापनि सुधारको लागि सरकारले अझ धेरै कार्य गर्नुपर्ने देखिन्छ।

## ६.२.४ आन्दोलनपछिको सरकारको नीतिगत सुधारका अवस्था

नेपालमा सरकारको नीतिगत सुधार सुशासन, आर्थिक रूपान्तरण र सेवा प्रवाह सुधारका लागि अपरिहार्य मानिन्छ । तर नीतिहरूको बारम्बार परिवर्तन, दीर्घकालीन दृष्टिकोणको अभाव, कार्यान्वयन क्षमताको कमजोरी र राजनीतिक हस्तक्षेपका कारण धेरै सुधारहरू कागजमै सीमित भएका छन् । प्रभावकारी नीतिगत सुधार नहुँदा लगानी वातावरण, रोजगारी सिर्जना र समावेशी विकासमा अपेक्षित प्रगति हासिल हुन सकेको छैन । नेपालमा आन्दोलनपश्चात् नीतिगत सुधार सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ६.४**

आन्दोलनपछिको सरकारको नीतिगत सुधारकको अवस्था (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


माथिको रेखाचित्रमा नेपालमा Gen-Z आन्दोलनपश्चात् नीतिगत सुधार सम्बन्धमा सहभागी युवाहरूको धारणा के-कस्तो छ भन्ने जिज्ञासा राख्दा सबैभन्दा बढि ५४ प्रतिशतले अगाडि बढेको, ४१ प्रतिशतले कुनै परिवर्तन नभएको, ३ प्रतिशतले अझ पछाडि गएको र १/१ प्रतिशतले धेरै अगाडि र धेरै पछाडि गएको जनाएका छन् । यस आधारमा हेर्दा अहिले नेपाल सरकारले नीतिगत सुधारका लागि केही सुरुवाती कार्य गरे तापनि सुधारको लागि सरकारले अझ धेरै कार्य गर्नुपर्ने देखिन्छ।

## ६.२.५ आन्दोलनपछिको सार्वजनिक सेवाहरूको गुणस्तरमा प्रभाव

सार्वजनिक सेवाहरूको गुणस्तरलाई कुनै पनि देशको सुशासन र विकासको सूचक मानिन्छ । नेपालमा शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी, दर्ता प्रमाणिकरणजस्ता सेवाहरूमा सुधारको प्रयास भएपनि ढिलासुस्ती, कर्मचारीको अभाव, कमजोर व्यवस्थापन र नागरिक केन्द्रित दृष्टिकोणको कमीका कारण सेवा गुणस्तर अपेक्षाअनुसार हुन सकेको छैन । नेपालमा Gen-Z आन्दोलनपश्चात् सार्वजनिक सेवाहरूको गुणस्तर सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ।

**रेखाचित्र ६.५**

आन्दोलनपछि सार्वजनिक सेवाहरूको गुणस्तरमा प्रभाव (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

माथिको रेखाचित्रमा नेपालमा Gen-Z आन्दोलनपश्चात सार्वजनिक सेवाहरूको गुणस्तर सम्बन्धमा सहभागी युवाहरूको धारणा के कस्तो छ भन्ने जिज्ञासा राख्दा सबैभन्दा बढि ५६ प्रतिशतले कुनै परिवर्तन नभएको, ४१ प्रतिशतले केही सुधार भएको जनाएका छन् । यस आधारमा हेर्दा सार्वजनिक सेवाहरूको गुणस्तरमा खासै सुधार नदेखिएको हुँदा सरकारले विशेष ध्यान दिनुपर्ने देखिन्छ।

## ६.३ आन्दोलनले अर्थतन्त्रमा पारेको प्रभाव

नेपालमा Gen-Z आन्दोलनले अर्थतन्त्रमा पनि महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ। यो पुस्ताले बेरोजगारी, आर्थिक असमानता र अवसरको अभावजस्ता समस्याहरूमाथि ध्यानाकर्षण गराएको देखिन्छ। डिजिटल माध्यमबाट सचेत बनेका Gen-Z का आवाजले पारदर्शिता र जवाफदेहिता माग्दै


आर्थिक नीतिमा सुधारको दबाव बढाएको छ । आन्दोलनले रोजगार र आर्थिक विकासमा सुधार ल्याउन सरकारलाई जिम्मेवार बनाएको देखिन्छ । यस अध्ययनले सर्वेक्षणमार्फत प्राप्त नतिजाअनुरुप रहि आन्दोलनले अर्थतन्त्रमा पारेको प्रभावलाई युवाहरूले कसरी विश्लेषण गरेका छन् भन्ने कुरा देखाएको छ।

### ६.३.१ आन्दोलनले आर्थिक स्थिरतामा पारेको प्रभाव

आर्थिक स्थिरता दिगो विकासको आधार हो । नेपालमा उच्च आयात निर्भरता, न्यून उत्पादनशीलता, अत्यधिक रूपमा रेमिट्यान्समा आश्रित अर्थतन्त्र, राजस्व संकलनको कमजोरी र सार्वजनिक खर्चको असन्तुलनका कारण आर्थिक स्थिरता चुनौतीपूर्ण बनेको छ । सुशासनको कमजोरी र नीतिगत अनिश्चितताले लगानी र रोजगारी सिर्जनामा असर पारेको छ, जसले दीर्घकालीन आर्थिक स्थायित्व हासिल गर्न कठिन बनाएको छ । नेपालमा आन्दोलनपश्चात् आर्थिक स्थिरतामा पारेको प्रभाव सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ।

**रेखाचित्र ६.६**

आन्दोलनले आर्थिक स्थिरतामा पारेको प्रभाव (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

माथिको रेखाचित्रमा नेपालमा Gen-Z आन्दोलनपश्चात् नेपालको आर्थिक स्थिरतामा पारेको प्रभाव सम्बन्धमा सहभागी युवाहरूको धारणा के-कस्तो छ भन्ने जिज्ञासा राख्दा ३७ प्रतिशतले नकारात्मक, २८ प्रतिशतले सकारात्मक, २२ प्रतिशतले तटस्थ, १२ प्रतिशतले अत्यन्त नकारात्मक र १ प्रतिशतले मात्र अत्यन्त सकरात्मक प्रभाव पारेको जनाएका छन् । यस आधारमा हेर्दा Gen-Z


आन्दोलनपश्चात् नेपालको आर्थिक स्थिरतामा गडबडी देखिएको हुँदा आर्थिक स्थिरतामा कायम गर्नको लागि सरकारले सुधारका कार्यहरू तत्काल ल्याउनुपर्ने देखिन्छ।


## ६.३.२ निजीक्षेत्रको लगानीमा पारेको प्रभाव

निजी क्षेत्रको लगानी वातावरण आर्थिक विकास र रोजगारी सिर्जनाको प्रमुख चालक हो । नेपालमा राजनीतिक अस्थिरता, नीतिगत अनिश्चितता, झन्झटिलो अनुमति प्रक्रिया, पूर्वाधारमा कमी र सुशासनको अभावका कारण निजी क्षेत्रको लगानी वातावरण अपेक्षाअनुसार आकर्षक बन्न सकेको छैन । यसले उद्योग, उद्यमशीलता र नवप्रवर्तनमा बाधा गर्दै समग्र आर्थिक गतिविधिलाई कमजोर बनाएको छ । Gen-Z आन्दोलनपश्चात् निजी क्षेत्रको लगानी वातावरणमा पारेको प्रभाव सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ।

**रेखाचित्र ६.७**

आन्दोलनले निजीक्षेत्रको लगानी वातावरणमा प्रभाव (प्रतिशतमा)






*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

माथिको रेखाचित्रमा नेपालमा Gen-Z आन्दोलनपश्चात निजी क्षेत्रको लगानी वातावरणमा पारेको प्रभाव सम्बन्धमा सहभागी युवाहरूको धारणा के-कस्तो छ भन्ने जिज्ञासा राख्दा सबैभन्दा बढि ३६ प्रतिशतले नकारात्मक, २७ प्रतिशतले सकरात्मक, २७ प्रतिशतले तटस्थ, ९ प्रतिशतले अत्यन्त नकारात्मक र १ प्रतिशतले मात्र अत्यन्त सकारात्मक जनाएका छन् ।

प्राप्त भएको नातिजालाई प्रदेशगत रूपमा विश्लेषण गर्दा सबैजसो प्रदेशहरूमा नेपालमा Gen-Z आन्दोलनपश्चात् निजी क्षेत्रको लगानी वातावरणमा मिश्रीत खालको बुझाइ रहेको देखिन्छ । प्रदेशहरूका थोरै मात्र उत्तरदाताहरूमा Gen-Z आन्दोलनपश्चात् निजी क्षेत्रको लगानी वातावरणमा सकारात्मक वातावरण सिर्जना गरेको बुझाइ रहेको छ । अन्य प्रदेशको तुलनामा मधेश, बागमती र गण्डकी प्रदेशमा Gen-Z आन्दोलनपश्चात् निजी क्षेत्रको लगानी वातावरणमा अझ कमजोर भएको बुझाइ देखिन्छ। यस आधारमा हेर्दा Gen-Z आन्दोलनपश्चात् नेपालको निजी क्षेत्रको लगानी वातावरण अझ बिग्रिएको हुँदा उद्यमीको मनोभावना उचाल्ने खालको वातावरण सिर्जना गरि निजी क्षेत्रको लगानी बढाउन सरकारले सुधारका कार्यहरू तत्काल सम्बोधन गर्नुपर्ने देखिन्छ।

## ६.४ Gen–Z आन्दोलनमा भएको आर्थिक क्षति

आन्दोलनका कारण राष्ट्रले उल्लेखनीय भौतिक तथा आर्थिक क्षति व्यहोर्नु परेको छ । राष्ट्रिय योजना आयोग (NPC)को रिपोर्टअनुसार यस आन्दोलनमा कूल रु. ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको भौतिक क्षति भएको देखिन्छ, जुन देशको कुल गार्हस्थ उत्पादन (GDP) को करिब १.३८ प्रतिशत बराबर हुन आउँछ । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ कि आन्दोलनले केवल सामाजिक र राजनीतिक क्षेत्रमा मात्र होइन, समग्र राष्ट्रिय अर्थतन्त्रमा समेत गम्भीर प्रभाव पारेको

छ। आन्दोलनको क्रममा २१६८ वटा विभिन्न संस्था तथा निकायहरू प्रत्यक्ष रूपमा प्रभावित भएका छन्, जसले सार्वजनिक सेवा प्रवाह, व्यापार व्यवसाय तथा सामुदायिक गतिविधिमा समस्या सिर्जना गरेको छ ।

क्षेत्रगत विश्लेषण गर्दा कुल क्षतिमध्ये करिब ५३ प्रतिशत (रु. ४४ अर्ब ९३ करोड ७३ लाख) क्षति सरकारी क्षेत्रमा भएको देखिन्छ । यसले सार्वजनिक पूर्वाधार, कार्यालय भवन, सरकारी सम्पत्ति तथा सेवा संरचनामा गम्भीर असर परेको पारेको छ । त्यस्तै, निजी क्षेत्रतर्फ करिब ४० प्रतिशत (रु. ३३ अर्ब ५४ करोड ८७ लाख) क्षति भएको छ, जसले उद्योग, व्यापारिक प्रतिष्ठान तथा निजी लगानीमा नकारात्मक प्रभाव पारेको छ । सामुदायिक तथा अन्य क्षेत्रमा करिब ७ प्रतिशत (रु. ५ अर्ब ९७ करोड १७ लाख) क्षति भएको तथ्यांकले सामाजिक संरचना र स्थानीय स्तरका संस्थाहरू पनि सुरक्षित नरहेको देखिन्छ । प्रदेशगत रूपमा हेर्दा सबैभन्दा बढी क्षति बागमती प्रदेशमा भएको पाइन्छ, जसले आर्थिक तथा प्रशासनिक केन्द्रहरू आन्दोलनको मुख्य निशानामा परेको देखिन्छ ।

भवन संरचनाको सन्दर्भमा २६७१ वटा भवनमा क्षति पुगेकोमा जम्मा १३० वटा (करिब ४.९ प्रतिशत) भवन मात्र बीमित रहेको देखिन्छ । यसले बीमा सचेतनाको कमी तथा जोखिम व्यवस्थापन प्रणाली कमजोर रहेको स्पष्ट संकेत गर्दछ । क्षतिग्रस्त भवनहरूमध्ये १८७५ वटा भवन आगलागी र तोडफोडका कारण नष्ट वा क्षतिग्रस्त भएका छन् । सोहि किसिमले देशभर क्षति भएका १२,६५९ सवारी साधनमध्ये केवल २८०५ वटा मात्र बीमित थिए, जसले गर्दा आर्थिक जोखिम वहन व्यक्ति वा सस्थाले गर्नु परेको देखाउँछ ।

आन्दोलनको प्रभाव केवल संरचनागत क्षतिमा मात्र सीमित रहेन । घरपरिवारहरू पनि प्रत्यक्ष रूपमा प्रभावित भए । निजी आवासीय घरहरूमा समेत क्षति पुगेको पाइयो, जसको कूल मूल्य करिव रु. ६ अर्ब ५ करोड ८४ लाख बराबर रहेको छ । यसले सर्वसाधारण नागरिकको जीवनस्तर, सुरक्षाबोध र आर्थिक स्थायित्वमा प्रतिकूल असर पारेको छ । वस्तु तथा सेवा उत्पादनमा करिव रु. १३ अर्ब ८७ करोड ५६ लाख बराबरको नोक्सानी भएको तथ्यले अर्थतन्त्रमा आपूर्ति शृङ्खला, व्यापारिक क्रियाकलाप तथा रोजगारीमा गम्भीर प्रभाव परेको देखाउँछ ।

रोजगारीतर्फ हेर्दा देशभरका ४३ निजी प्रतिष्ठानहरूमा कार्यरत २९९९ जना श्रमिक प्रत्यक्ष रूपमा प्रभावित भएका छन् । रोजगारी गुमाउनेहरूमध्ये १७९० जना पुरुष र १२०९ जना महिला रहेका छन्, जसले लैङ्गिक रूपमा पनि रोजगारीमा असर परेको पुष्टि गर्छ । यस सन्दर्भमा सरकारले रोजगारी गुमाएकाहरूका लागि लक्षित रोजगार पुनःस्थापना कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ । साथै, प्रभावित श्रमिक र घरपरिवारलाई सामाजिक सुरक्षा कोषमार्फत राहत वा आंशिक आर्थिक सहयोग उपलब्ध गराउनु उपयुक्त हुनेछ ।

कतिपय गलत सूचनाको प्रसारणका कारण Gen-Z आन्दोलनको क्रममा कतिपय ठुला होटल र स्कुलजस्ता आर्थिक क्षेत्रमा क्षति पुगेको देखिन्छ । यदि यस्ता भ्रमपूर्ण तथा अप्रमाणित सूचनाहरू सम्प्रेषण हुन नदिने उपयुक्त वातावरण सिर्जना गरेमा, भविष्यमा निजी क्षेत्रले यस्तो प्रकारको आर्थिक क्षति व्यहोर्नु पर्ने अवस्था आउने छैन ।

भविष्यमा यस्ता क्षति न्यूनीकरण गर्न तीनै तहका सरकारले प्रभावकारी समन्वय, पूर्वतयारी तथा जोखिम व्यवस्थापन प्रणाली सुदृढ गर्नुपर्छ । सार्वजनिक तथा निजी सम्पत्तिको बीमा अनिवार्य वा प्रोत्साहन गर्ने नीति अवलम्बन गर्नुपर्ने देखिन्छ । साथै, शान्तिपूर्ण आन्दोलन सुनिश्चित गर्ने कानूनी तथा प्रशासनिक संयन्त्र सुदृढ गर्दै सामाजिक संवाद र समन्वयलाई प्राथमिकता दिनु आवश्यक छ। यसरी मात्र दीर्घकालीन रूपमा सामाजिक स्थायित्व, आर्थिक सुरक्षा र दिगो विकास सुनिश्चित गर्न सकिन्छ।

## ६.५ Gen-Z आन्दोलन पछि आर्थिक नीतिहरुमा आएको परिवर्तन

Gen-Z आन्दोलनबाट सवारी साधन क्षति भइ नयाँ खरिद गर्नुपरेमा सवारी मूल्यको ८० प्रतिशतसम्म कर्जा प्रवाह गर्न सकिने लचिलो व्यवस्था ने.रा.वैंकले गरेको छ ।

Gen-Z आन्दोलनबाट प्रभावित उद्योग व्यवसायीहरूलाई कर्जाको पुनर्तालिकाकरण र/वा पुनर्संरचना गर्ने सुविधा दिएको छ ।

Gen-Z आन्दोलनबाट प्रभावित उद्योग व्यवसायीहरूलाई कर्मचारीहरूको तलव भत्ता प्रदान गर्न कर्जा माग गर्न आएमा ऋण प्रदान गर्दा छ महिनासम्मका लागि ने.रा.वैंकले २ प्रतिशत व्याज अनुदान दिने व्यवस्था गरेको छ ।

यी र यस्ता उद्योग व्यवसायीहरूलाई कर्जा प्रदान गर्दा आधार दरमा ०.५ प्रतिशत प्रिमियम राखी व्याजदर निर्धारण गर्न सकिने नयाँ व्यवस्थासमेत गरिएको छ ।

आ.व. २०८२/०८३ को बजेटमा तीन करोडभन्दा साना परियोजनामा विनियोजित रकम वितरणका लागि स्थगन गरिएको छ । यसमा कूल १२१ अर्व स्थगन भएको देखिन्छ । अतः संघीय सरकारले सानो तथा खुजुरे परियोजनामा लगानी नगरी अर्थपूर्ण हिसावका ठूला परियोजनामा लगानी गर्ने वातावरण बन्नेछ ।

करदाता सेवा कार्यालयलाई स्थानीय तहमा वा कोष तथा लेखा नियन्त्रक कार्यालयमा सारिएको छ, जसबाट करदातालाई सजिलो हुनेछ।

## ६.६ आन्दोलनले सुशासन र अर्थतन्त्रमा पारेको प्रभाव

यस अध्ययनमा प्रयोग गरिएको तथ्यांकीय विश्लेषणले औसत (Mean), मानक विचलन (Standard Deviation) जस्ता सूचकहरूको माध्यमबाट आन्दोलनले सुशासन र अर्थतन्त्रमा पारेको प्रभावप्रति उत्तरदाताहरूको सकारात्मक तथा नकारात्मक के छ भन्ने कुरा मापन गरिएको छ।

**तालिका ६.१:**

आन्दोलनले सुशासन र अर्थतन्त्रमा पारेको प्रभाव

| **विवरण** | **औसत (Mean)** | **मानक विचलन (S.D.)** |
|---|---|---|
| नेपालको समग्र सुशासनको गुणस्तरलाई तपाईं कसरी मूल्यांकन गर्नुहुन्छ भन्ने सम्बन्धमा | ३.७९ | ०.८२ |
| आन्दोलनपछि सरकारी निर्णय प्रक्रियामा जवाफदेहितामा कत्तिको सुधार भएको महसुस गर्नुहुन्छ भन्ने सम्बन्धमा | २.५९ | ०.६९ |
| सन् सन २०२५ को युवा आन्दोलनले आर्थिक स्थिरतामा पारेको प्रभाव सम्बन्धमा | ३.३० | १.०४ |
| आन्दोलनपछि सार्वजनिक सेवाहरू (शिक्षा, स्वास्थ्य, प्रशासन) को गुणस्तरमा कस्तो परिवर्तन आएको छ सम्बन्धमा | २.६१ | ०.५७ |
| आन्दोलनपछि निजी क्षेत्रको लगानी वातावरणमा कस्तो प्रभाव परेको छ भन्ने सम्बन्धमा | ३.२५ | ०.९७ |
| आन्दोलनले डिजिटल सेवाहरू (ई-गभर्नेन्स, अनलाइन सेवा) को सहजतामा कति सुधार ल्याएको छ सम्बन्धमा | २.४४ | ०.६१ |
| आन्दोलन पछीको सरकारले नीतिगत सुधारका एजेन्डाहरू (सुशासन, अर्थतन्त्र, सार्वजनिक सेवा) लाई अगाडि बढाएको महसुस गर्नुभएको छ सम्बन्धमा | २.५० | ०.६४ |

स्रोतः स्थलगत सर्वेक्षण तथ्याङ्क २०८२मा आधारित अनुसन्धानकर्ताद्वारा गणना

माथिको तालिकाले आन्दोलनले शुसासन र अर्थतन्त्रमा पारेको असर सम्बन्धमा व्याख्या गरिएको छ। नेपालको समग्र सुशासनको गुणस्तर मूल्यांकनसम्बन्धी प्रश्नको औसत मान ३.७९ रहेको छ, जसले उत्तरदाताहरूले सुशासनको वर्तमान अवस्थालाई तुलनात्मक रूपमा नराम्रो मानेको संकेत गर्दछ । यससँगै औसत मानक विचलन ०.८२ रहेकोले उत्तरदाताहरूको धारणा केही फरक-फरक भए पनि अत्यधिक विचलन देखिँदैन।

आन्दोलनपछि सरकारी निर्णय प्रक्रियामा जवाफदेहितामा कत्तिको सुधार भएको भन्ने विषयमा औसत मान २.५९ र मानक विचलन ०.६९ रहेको छ, जसले जवाफदेहितामा केही राम्रो अनुभूति भए पनि यो सुधार सीमितस्तरमै रहेको जनाउँछ । आन्दोलनले आर्थिक स्थिरतामा पारेको प्रभावसम्बन्धी मूल्यांकनको औसत मान ३.३० र मानक विचलन १.०४ रहेको छ, जसले आर्थिक स्थिरतामा आन्दोलनको प्रभाव मध्यमदेखि नकारात्मक रहेको र यस विषयमा उत्तरदाताहरूको धारणामा बढि विविधता रहेको देखाउँछ ।

आन्दोलनपछि सार्वजनिक सेवाहरूको गुणस्तरमा आएको परिवर्तनसम्बन्धी प्रश्नको औसत मान २.६१ र मानक विचलन ०.५७ रहेको छ, जसले सार्वजनिक सेवाको गुणस्तरमा केही सुधार भएको तर अझै पर्याप्त नभएको धारणा प्रकट गर्दछ । यस्तै, आन्दोलनपछि निजी क्षेत्रको लगानी वातावरणमा परेको प्रभावको औसत मान ३.२५ र मानक विचलन ०.९७ रहेको छ, जसले लगानी वातावरणमा नकारात्मक प्रभाव परेको र धारणाबीच समेत केही असमानता रहेको संकेत गर्दछ ।

डिजिटल सेवाहरूको सहजतामा आन्दोलनले ल्याएको सुधारसम्बन्धी औसत मान २.४४ र मानक विचलन ०.६१ रहेको छ, जसले डिजिटल सेवामा सुधारको अनुभूति सीमित तर तुलनात्मक रूपमा स्थिर रहेको देखाउँछ । सोहि प्रकारले आन्दोलनपछिको सरकारले सुशासन, अर्थतन्त्र तथा सार्वजनिक सेवासम्बन्धी नीतिगत सुधारका एजेन्डाहरू अगाडि बढाएको महसुससम्बन्धी औसत मान २.५० र मानक विचलन ०.६४ रहेको छ, जसले सरकारको नीतिगत पहलप्रति उत्तरदाताहरूको धारणा मध्यमस्तरको रहेको संकेत गर्दछ ।

## ६.७ गुणात्मक विश्लेषण (प्रमुख सूचनादाता/समूह छलफल)

.................. Gen-Z आन्दोलन केवल असन्तुष्टि व्यक्त गर्ने घटना मात्र होइन, यो राज्य सञ्चालन प्रणालीमा संरचनागत परिवर्तनको मागसहित उठेको सशक्त चेतना हो ।

(Gen-Z अभियन्ता, मधेश प्रदेश प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

भाद्र २४ गते सुरुमा आक्रोसित भिडले पार्टी कार्यालय तोडफोड गरेका थिए ..... दिउँसो २:०० बजेतिर काठमाडौंमा सिंहदरवारलगायतका सरकारी अफिसहरू जल्न थालेपछि यसको प्रभाव यहाँको सरकारी अफिसहरूमा देखा पर्न थाल्यो ................. तब सडकमा प्रहरी शून्य भयो, यसै क्रममा प्रत्येक व्यक्तिको आफूलाई रिस उठेको व्यक्तिप्रति आक्रोस पोख्ने माध्यम बन्यो र व्यापक लुटपाट, तोडफोड र आगजनी गरियो ।

(सुरक्षा निकाय, लुम्बिनी प्रदेश प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

यस आन्दोलनको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि भनेको परम्परागत नेताहरूमा रहेको “हामीले जे गरे पनि हुन्छ” भन्ने सोच र दम्भपूर्ण मानसिकताको अन्त्य सुरु भएको छ .........

(Gen-Z अभियन्ता, बागमती प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

................... कारण नेताहरू अब आफ्ना निर्णय, कार्यशैली र सार्वजनिक अभिव्यक्तिमा सजग हुन थालेका छन् । शक्ति केन्द्रित राजनीतिभन्दा उत्तरदायी, पारदर्शी र जनमुखी शासनतर्फ जाने बाध्यता सिर्जना भएको छ ........

(कर्णाली प्रदेश, सामूहिक छलफलमा सहभागी

आन्दोलनपछि राजनीतिक नेतृत्व मात्र होइन, कर्मचारीतन्त्रमा समेत उत्तरदायित्वको भावना बलियो बनेको छ ।

(Gen-Z अभियन्ता, कोशी प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

सेवाग्राहीप्रति लापरबाही गर्ने, घुस र पहुँचको आधारमा काम गर्ने प्रवृत्तिमा संलग्न व्यक्तिहरूमा डरको भावना उत्पन्न भएको छ । यसले शासन प्रणालीमा अनुशासन, जवाफदेहिता र कार्यसम्पादन सुधारतर्फ सकारात्मक दबाब सिर्जना गरेको छ ।

(Gen-Z अभियन्ता, कर्णाली प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

देशले जनधनको ठूलो क्षति बेहोर्नु पर्यो ............ सरकारी कार्यलयहरूमा आगजनी गर्ने, लुटपाट गर्नेजस्तो जघन्य अपराध गर्ने जो कोहीलाई कानूनअनुसार सजाय दिनुपर्छ ।

(लुम्बिनी प्रदेश, सामूहिक छलफलमा सहभागी)

आन्दोलनले भ्रष्टाचारविरुद्ध संस्थागत दबाब सिर्जना गरेको छ । लामो समयसम्म थन्किएका फाइलहरू खुल्न थालेका छन्, अनुसन्धान प्रक्रिया सक्रिय बनेको छ, र उच्च तहका व्यक्तिहरूसमेत प्रश्नको घेरामा परेका छन् । यसले “कानून सबैका लागि समान” भन्ने सिद्धान्तलाई व्यवहारमा उतार्ने वातावरण निर्माण गरेको।

(Gen-Z अभियन्ता, बागमती प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

.............आन्दोलनले भ्रष्टाचार नियन्त्रण, पारदर्शिता, जवाफदेहिता र कानुनी शासनजस्ता सुशासनका मुद्दालाई राष्ट्रिय बहसको केन्द्रमा ल्याएको छ।

(कोशी प्रदेश, सामूहिक छलफलमा सहभागी

सरकार, राजनीतिक दल र प्रशासनिक निकायहरू जनउत्तरदायी हुनुपर्ने दबाब बढेको छ, जसले नीतिमा सुधार र व्यवहार परिवर्तनतर्फ संकेत गरेको छ।........................

(समाजसेवी, गण्डकी प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

आन्दोलनका कारण बजार, ............र सेवाक्षेत्र प्रभावित हुँदा अल्पकालीन आर्थिक गतिविधि सुस्त भएको छ।

(मधेस प्रदेश, सामूहिक छलफलमा सहभागी)

............जन-धनको अपुरणीय क्षती भयो ।यस प्रकारको क्षती न्यूनीकरण गर्ने राज्यसंयन्त र शासक उत्तरदायी हुनु पर्दछ........................

(सर्वसाधारण नागरिक, लुम्बिनी प्रदेश प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

.............अन्धसमर्थनभन्दा प्रश्न गर्ने संस्कृतिको विकास हुँदै गएको देखियो, जुन लोकतन्त्र र सुशासनका लागि सकारात्मक संकेत हो।.....................

(शिक्षाविद्, सुदूरपश्चिम प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

देशमा अवसरको असमान वितरण, श्रम शोषण, ................ र वैदेशिक पलायनका कारणहरूबारे सार्वजनिक चेतना बढेको देखिन्छ।

(Gen-Z अभियन्ता, मधेश प्रदेश प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

Gen-Z आन्दोलनले राजनीतिक अस्थिरता र आन्दोलनको निरन्तरताले निजी तथा वैदेशिक लगानीकर्तामा सतर्कता बढाएको छ।......लगानी घटेको छ ...उधोगपतिहरू लगानी गर्न डराएको देखिन्छ।

(उधोगपति, बागमती प्रदेशका प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

.........आन्दोलनले उद्योग व्यवसायीहरुको  मनोवल घटेको छ । लगानीको वातारणमा ह्रास आएको छ। औंद्योगिक सुरक्षाको प्रत्याभुति भए लगानीको वातावरण बन्ने थियो । .........

(उद्योगव्यवसायी , गण्डकी प्रदेश प्रमुख सूचनादातासँगको अन्तर्वार्ता )

...... यहाँ एउटा ठूलो हाटेलमा आगजनी तथा तोडफोड भयो । अनुसन्धान गर्दै जाँदा त्यसमा भाग लिने अधिकाँश मानिसहरू यहाँका सीमान्तकृत र न्यून आय वर्गका थिए । उनीहरूको विचारमा यो होटेलले उनीहरुको जीविकोपार्जनमा केही सहयोग गरेको छैन र जिन्दगीभर होटेलको सेवा सुविधा भोग्न पाउने पनि होइन । होटेल हुनुको हामीलाई कुनै अर्थ छैन भन्दै थिए । .............................................. उद्योग व्यवसायमा भएको लगानीले छरछिमेकिको जीवनमा पनि प्रत्यक्ष प्रभाव पार्ने भए उद्योग व्यवसायप्रति उनीहरूको अपनत्व बढेर जाने थियो र आक्रमणको संभावना कम हुने थियो ।

(सुरक्षा निकाय गण्डकी प्रदेश प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

उद्योग व्यवसायीहरूमा आगजनी गर्नु Gen-Z आन्दोलनको अभिप्राय थिएन । केही घुसपैठ पनि भयो होला, ......... तर उद्योग व्यवसायी स्वतन्त्र व्यवसायीका रूपमा चिनिन पनि आवश्यक छ । केही व्यवसायीहरू प्रत्यक्ष राजनीतिमा संलग्न हुँदा व्यवसायीहरू पनि राजनैतीक प्रतिशोधको शिकार भएका हुन सक्छन् । उद्योग व्यवसायीहरू पनि जिम्मेवार व्यवसायीका रूपमा चिनिन आवश्यक छ । केही व्यवसायी राजनीतिक अधिकर्मी हुँदा प्रतिशोधका रूपमा व्यवसायी माथि तोडफोड तथा आक्रमण भयो । यो लहर विस्तारित हुँदै जाँदा अन्य व्यवसायीहरूमाथि पनि आक्रमण हुँदै गयो । कहीं घुसपैठ तथा व्यक्तिगत प्रतिशोधका कारणले पनि व्यवसायीहरू पीडित भए ।

(Gen-Z अभियन्ता, गण्डकी प्रदेश प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

### परिच्छेद सारांश

नेपालमा Gen-Z युवाहरूको नेतृत्वमा भएको आन्दोलनले सुशासन र अर्थतन्त्र दुवै क्षेत्रमा गहिरो प्रभाव पारेको देखिन्छ । यो आन्दोलन केवल असन्तुष्टि व्यक्त गर्ने माध्यम मात्र नभई भ्रष्टाचार, जवाफदेहिता, पारदर्शिता र समावेशी आर्थिक अवसर सुनिश्चित गर्न राज्यलाई दबाव दिने सशक्त अभियानका रूपमा लिइएको देखिन्छ । डिजिटल प्रविधि र सामाजिक सञ्जालको प्रभावकारी प्रयोगमार्फत युवाहरूले शासन प्रणालीका कमजोरीहरूलाई सार्वजनिक बहसको केन्द्रमा ल्याउन सजिलो भएको बताएका छन् ।

आन्दोलनपछि सरकारी निर्णय प्रक्रियामा केही सुधारको संकेत देखिएको भए पनि ठोस र संस्थागत परिवर्तन पर्याप्त देखिँदैन । डिजिटल सेवामा केही सहजता बढे तापनि पहुँचको असमानता, प्राविधिक कमजोरी र व्यवस्थापन समस्याका कारण सुधारको अवस्था सीमित देखिन्छ । नीतिगत सुधारका क्षेत्रमा सरकारको सुरुवाती प्रयास देखिए तापनि सार्वजनिक सेवाको गुणस्तरमा उल्लेखनीय परिवर्तन हुन सकेको छैन, जसले सरकारलाई अझ सक्रिय बन्नुपर्ने आवश्यकता औंल्याउँछ ।

आर्थिक दृष्टिले, आन्दोलनले बेरोजगारी, रेमिट्यान्समा अत्यधिक निर्भरता, कमजोर उत्पादनशीलता र लगानीमैत्री वातावरणको अभावजस्ता संरचनागत समस्याहरू उजागर गरेको छ।आन्दोलनले सरकारी, निजि तथा सामुदायिक गरि कुल ८४.५ अर्वको क्षति गरेको छ । यसले आर्थिक स्थिरता र निजी क्षेत्रको लगानी वातावरणमा नकारात्मक प्रभाव पारेको छ । बजारको मनोविज्ञान र उद्यमशीलताको आत्मविश्वास कमजोर बनाएको बुझिन्छ । यस अवस्थामा सरकारले तत्काल आर्थिक सुधार, लगानीमैत्री नीति र युवा केन्द्रित रोजगारी सिर्जनामा ध्यान दिनुपर्ने देखिन्छ ।

निजी क्षेत्रको लगानी forward र backward linkage भएका परियोजनाहरूमा भएमा यसले जनतासँग प्रत्यक्ष सम्बन्ध स्थापित हुने गर्दछ । व्यवसायी र जनताहरूबीच सुमधुर सम्बन्ध स्थापित भएर जान्छ र प्रतिशोधको भावना अन्त्य भएर जान्छ ।

आन्दोलनपछि नेपाल राष्ट्र बैंकको कर्जा नीतिमा उदारता आएको छ । Gen-Z आन्दोलनबाट प्रभावित उद्योग तथा व्यवसायीहरूको कर्जालाई पुनर्तालिकाकरण गर्ने सुविधा दिएको छ । Gen-Z आन्दोलनवाट प्रभावित उद्योग तथा व्यावसायीहरूले तलव भत्ता प्रदान गर्न कर्जा लिएमा ६ महिनाका लागि २ प्रतिशत व्याज अनुदान दिने व्यवस्था गरिएको छ । तर यी नीतिहरुमात्रै प्रयाप्त छैनन । क्षतिग्रस्त उद्योग तथा परियोजनाको पुननिर्माणका लागि न्यून व्याजदरमा दीर्घकालीन ऋण सुविधा दिन आवश्यक छ ।

# परिच्छेद सात : सुशासन र युवा सहभागिता अभिबृद्धिका लागि चाल्नुपर्ने कदमहरू

## ७.१ पृष्ठभूमि

नेपालको सन्दर्भमा वर्तमान सामाजिक, आर्थिक तथा राजनीतिक संक्रमणको चरणमा रहेको अवस्थामा Gen-Z पुस्ता केवल जनसांख्यिक लाभ (demographic dividend) को सम्भावना मात्र नभई राज्य पुनर्संरचना र दीर्घकालीन विकासको निर्णायक शक्तिको रूपमा समेत रहेको छ । डिजिटल प्रविधि, विश्वव्यापी सूचना प्रवाह र लोकतान्त्रिक चेतनामा हुर्किएको यो पुस्ताले सबल, पारदर्शी र अवसरयुक्त नेपालप्रति उच्च अपेक्षा राखेको देखिन्छ । तर शासन प्रणालीको कमजोरी, सीमित आर्थिक अवसर, संस्थागत भ्रष्टाचार र नीतिगत अस्थिरताले ती अपेक्षाहरू पूरा हुन नसक्दा Gen-Z युवाहरूले आन्दोलनको माध्यमबाट परिवर्तनको माग गर्दै अघि बढेका थिए ।

Gen-Z आन्दोलनले स्पष्ट रूपमा देखाएको तथ्य के हो भने सबल नेपाल निर्माण केवल भौतिक पूर्वाधार विस्तार वा आर्थिक वृद्धिद्वारा मात्र सम्भव हुँदैन । यसको आधार सुशासन, समावेशी अर्थतन्त्र, नवप्रवर्तनमैत्री नीति, डिजिटल अधिकारको सुनिश्चितता र युवाको अर्थपूर्ण सहभागितामा आधारित हुनुपर्छ । यस सन्दर्भमा Gen-Z का आवाज, अपेक्षा र सुझावहरूलाई नीतिगत मार्गचित्रमा समेट्न नसके राज्य र समाजबीचको दूरी अझै गहिरिने जोखिम रहन्छ ।

त्यसैले, सबल नेपाल निर्माणका लागि Gen-Z लाई समस्या होइन, समाधानका साझेदारका रूपमा स्वीकार गर्दै स्पष्ट नीतिगत मार्गचित्र र प्रभावकारी कार्यान्वयन संयन्त्र विकास गर्नु अत्यावश्यक देखिन्छ।

## ७.२ सुशासन युवा सहभागिता अभिवृद्धिका लागि चाल्नुपर्ने कदमहरू


Gen-Z आन्दोलनपछि नेपालमा सुशासन र युवा सहभागिता अझ महत्त्वपूर्ण बनेको छ । युवा वर्गले सरकारमा पारदर्शिता, जवाफदेहिता र न्यायपूर्ण नीति चाहन्छ । त्यसैले युवाहरूलाई निर्णय प्रक्रियामा समावेश गर्न र उनीहरूको आवाजलाई सम्मान गर्न आवश्यक देखिन्छ । डिजिटल प्रविधि र सामाजिक सञ्जालमार्फत युवाहरूलाई सक्रिय बनाउन, क्षमता विकास र नेतृत्व विकास सम्बन्धमा प्रशिक्षण दिनुपर्दछ । यसले सुशासन मजबुत बनाउँदै विकास र डिजिटल लोकतन्त्रलाई समेत सुधार गर्न मद्दत पुऱ्याउने छ । यस अध्ययनले सर्वेक्षणमार्फत प्राप्त तथ्याङ्कका आधारमा सुशासन र युवा सहभागिता अभिवृद्धिका लागि चाल्नुपर्ने कदमहरू विश्लेषण गरेको छ ।

### ७.२.१ वर्तमान सरकारको नीति निर्माण प्रक्रियामा युवाको प्रतिनिधित्व

सरकारको नीति निर्माण प्रक्रिया कुनै पनि देशको शासन प्रणालीको मेरुदण्ड हो, जसले राष्ट्रिय प्राथमिकता, विकासको दिशा र सार्वजनिक सेवाको गुणस्तर निर्धारण गर्छ । यस प्रक्रियामार्फत समस्या पहिचान, सरोकारवालासँग परामर्श, तथ्यमा आधारित विश्लेषण, नीतिनिर्माणको लागि मस्यौदा तयारी, स्वीकृति, कार्यान्वयन र मूल्याङ्कनजस्ता कुराहरू पर्दछन् । पारदर्शी, सहभागितामूलक र जवाफदेहि नीति निर्माण प्रक्रियाले सुशासन सुदृढ गर्दै दिगो विकास र नागरिकको विश्वाससमेत अभिवृद्धि गर्दछ । आन्दोलनपश्चात् सरकारको नीति निर्माण प्रक्रियामा युवाको प्रतिनिधित्व सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ।

**रेखाचित्र ७.१**

वर्तमान सरकारको नीति निर्माण प्रक्रियामा युवाको प्रतिनिधित्व (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


माथिको रेखाचित्रमा सरकारको नीति निर्माण प्रक्रियामा युवाको प्रतिनिधित्व सम्बन्धमा सहभागीहरूसँग जिज्ञासा राख्दा सबैभन्दा बढि ४२ प्रतिशतले सहमत, २८ प्रतिशतले असहमत, २० प्रतिशतले तटस्थ, ५/५ प्रतिशतले क्रमशः पूर्ण सहमत र पूर्ण असहमत जनाएका छन् । यस आधारमा हेर्दा सरकारको नीति निर्माण प्रक्रियामा युवाको प्रतिनिधित्व पहिलेभन्दा केही सुधार भएको देखिन्छ ।

### ७.२.२ सुशासन अभिवृद्धिमा युवा नेतृत्व विकास कार्यक्रमको योगदान

सुशासन अभिवृद्धिमा युवा नेतृत्व विकासका कार्यक्रमहरूले युवालाई नीति, शासन र सार्वजनिक सेवामा सक्रिय र सक्षम नेतृत्वका तयार गर्नको लागि महत्त्वपूर्ण आधार सिर्जना गर्दछ । यस्ता कार्यक्रमहरूले युवामा नैतिक नेतृत्व, जवाफदेहिता, नीतिको बारेमा बुझ्न, नागरिक सहभागिता र डिजिटल सीप विकास गरि पारदर्शी र उत्तरदायी शासन प्रणाली निर्माणमा योगदान पुऱ्याउँछ । यी क्रियाकलापहरूमार्फत युवाले भ्रष्टाचारविरुद्ध आवाज उठाउने, नीति निर्माणमा सहभागिता जनाउने र स्थानीयदेखि राष्ट्रिय तहसम्म सुशासन सुदृढ गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् । सुशासन अभिवृद्धिमा युवा नेतृत्व विकासका कार्यक्रमहरूको योगदान सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ।

**रेखाचित्र ७.२**

सुशासन अभिवृद्धिमा युवा नेतृत्व विकासका कार्यक्रमको योगदान (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


माथिको रेखाचित्रमा सुशासन अभिवृद्धिमा युवा नेतृत्व विकासका कार्यक्रमहरूको योगदान सम्बन्धमा सहभागीहरूसँग जिज्ञासा राख्दा सबैभन्दा बढि ५३ प्रतिशतले सहमत, २३ प्रतिशतले पूर्ण सहमत, १५ प्रतिशतले तटस्थ, ८ प्रतिशतले असहमत र १ प्रतिशतले पूर्ण असहमत जनाएका छन् । यस आधारमा हेर्दा सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवा सहभागिता महत्वपुर्ण देखिएको हुँदा सोहि अनुसार युवाहरूको सहभागिता बढाउनुपर्ने देखिन्छ।

### ७.२.३ प्रशासनिक सेवा सुधारमा युवाको योगदान

आधुनिक, पारदर्शी र नागरिकमैत्री सार्वजनिक प्रशासन निर्माणको लागि युवाको योगदान महत्त्वपूर्ण हुन्छ । युवाले डिजिटल नवप्रवर्तन, सेवा प्रवाहमा सरलीकरण, ई-गभर्नेन्स, सामाजिक जवाफदेहिता र परिणाममुखी कार्य संस्कृतिमार्फत प्रशासनिक प्रणालीलाई प्रभावकारी समेत बनाउन समेत विशेष भूमिका निर्वाह गर्न सक्दछन् । यसले सेवाको गुणस्तर बढाउँदै भ्रष्टाचार घटाउन र सुशासन अभिवृद्धि गर्न निर्णायक भूमिका खेल्न सक्छ । प्रशासनिक सेवा सुधारमा युवाको योगदान सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ७.३**

प्रशासनिक सेवा सुधारमा युवाको योगदान (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


माथिको रेखाचित्रमा प्रशासनिक सेवा सुधारमा युवाको योगदान सम्बन्धमा सहभागीहरूसँग जिज्ञासा राख्दा सबैभन्दा बढि ५४ प्रतिशतले सहमत, ३५ प्रतिशतले पूर्ण सहमत, ६ प्रतिशतले तटस्थ, ४ प्रतिशतले असहमत र १ प्रतिशतले पूर्ण असहमत जनाएका छन् । यस आधारमा हेर्दा नेपालमा प्रशासनिक सेवा सुधारमा युवाको योगदान महत्त्वपूर्ण देखिएको हुँदा सोहिअनुसार युवाहरूको क्षमताको भरपूर प्रयोग गर्नुपर्ने देखिन्छ।


## ७.२.४ सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवा सहभागिता

सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवा सहभागिता, नागरिक समाजमा पारदर्शिता, जिम्मेवारी र नीति कार्यान्वयनको निगरानी सुनिश्चित गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ । युवाले नवप्रवर्तन, डिजिटल प्लेटफर्म प्रयोग, राजनीतिक र सामाजिक संवादमार्फत नीतिगत निर्णयमा सक्रिय सहभागिता जनाउँदै भ्रष्टाचार कम गर्न, प्रशासनमा जवाफदेहिता बढाउन र दिगो विकास लक्षित नीति निर्माणमा योगदान पुऱ्याउन सक्दछन् । सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवा सहभागिता सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ७.४**

सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवा सहभागिता (प्रतिशतमा)






*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

माथिको रेखाचित्रमा सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवा सहभागिता सम्बन्धमा सहभागीहरूसँग जिज्ञासा राख्दा सबैभन्दा बढि ५५ प्रतिशतले सहमत, ३३ प्रतिशतले पूर्ण सहमत, ६ प्रतिशतले तटस्थ, ५ प्रतिशतले असहमत र १ प्रतिशतले मात्र पूर्ण असहमत रहेको जनाएका छन् ।


प्राप्त भएको नातिजालाई प्रदेशगत रूपमा विश्लेषण गर्दा सबैजसो प्रदेशहरूमा सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवा सहभागिता गर्नुपर्छ भन्ने सम्बन्धमा धेरै जसो सहमत रहेको पाइएको छ । अन्य प्रदेशहरूको तुलनामा मधेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा केहि बढी उत्तरदाताहरू सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवा सहभागिता सम्बन्धमा असहमत समेत रहेको देखिन्छ । समग्रमा हेर्दा सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवा सहभागिता महत्त्वपुर्ण देखिएको हुँदा सोहिअनुसार युवाहरूको सहभागिता बढाउनुपर्ने देखिन्छ ।

### ७.२.५ बजेट निर्माण तथा सार्वजनिक खर्च मूल्यांकन प्रक्रियामा युवा सहभागिता

बजेट निर्माण र सार्वजनिक खर्च मूल्यांकन प्रक्रिया कुनै पनि देशको आर्थिक व्यवस्थापनको आधार हो । यसले सरकारको आम्दानी, कर संकलन र खर्चको योजना तयार पार्न सहयोग गर्दछ । बजेट निर्माणले प्राथमिकताहरू निर्धारण गरि सामाजिक, आर्थिक र पूर्वाधार विकासका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउन मार्गनिर्देशन गर्दछ । बजेट निर्माण र सार्वजनिक खर्च मूल्यांकन प्रक्रियामा युवा सहभागिता सम्बन्धमा सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ।

**रेखाचित्र ७.५**

बजेट निर्माण तथा सार्वजनिक खर्च मूल्यांकन प्रक्रियामा युवा सहभागिता (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२


माथिको रेखाचित्रमा बजेट निर्माण र सार्वजनिक खर्च मूल्यांकन प्रक्रियामा युवा सहभागिता सम्बन्धमा सहभागीहरूसँग जिज्ञासा राख्दा सबैभन्दा बढि ५६ प्रतिशतले सहमत, ३५ प्रतिशतले पूर्ण सहमत, ३ प्रतिशतले तटस्थ, ५ प्रतिशतले असहमत, र १ प्रतिशतले मात्र पूर्ण असहमत रहेको जनाएका छन्। अधिकांशले बजेट निर्माण र सार्वजनिक खर्च मूल्यांकन प्रक्रियामा युवा सहभागिता महत्त्वपूर्ण देखिएको हुँदा उक्त प्रक्रियामा युवाहरूको सहभागिता बढाउन सरकारले ध्यान दिनुपर्ने देखिन्छ ।

## ७.२.६ सुशासनका लागि डिजिटल प्लेटफर्महरूमार्फत युवाको आवाज संप्रेषण

आजको डिजिटल युगमा युवाहरू सरकार र नीतिनिर्माण प्रक्रियामा सशक्त सहभागी हुन डिजिटल माध्यमहरूको प्रयोग गर्दै आएका छन् । सामाजिक सञ्जाल, मोबाइल एप, अनलाइन पोर्टलहरू र अन्य डिजिटल प्लेटफर्महरूले युवाहरूलाई आफ्ना विचार, सुझाव र मागहरू सिधै नीति निर्मातासम्म पुऱ्याउने अवसरसमेत प्रदान गर्दछ । यसरी युवाको आवाज सम्प्रेषणले पारदर्शिता, जवाफदेहिता र समावेशी सुशासनलाई प्रवर्द्धन गर्दछ र नीति निर्माण प्रक्रियामा नयाँ ऊर्जा र नवीन दृष्टिकोण थप्दछ। सुशासनका लागि डिजिटल प्लेटफर्महरूमार्फत युवाको आवाज सम्प्रेषणबारे सहभागी युवाहरूको धारणालाई निम्न रेखाचित्रको मध्यमबाट प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ७.६**

सुशासनका लागि डिजिटल प्लेटफर्महरूमार्फत युवाको आवाज सम्प्रेषण (प्रतिशतमा)




*स्रोतः* स्थलगत सर्वेक्षण, २०८२

माथिको रेखाचित्रमा सुशासनका लागि डिजिटल प्लेटफर्महरूमार्फत युवाको आवाज सम्प्रेषणको बारेमा सहभागीहरूसँग जिज्ञासा राख्दा सबैभन्दा बढि ६६ प्रतिशतले सहमत, २० प्रतिशतले पूर्ण सहमत, ८ प्रतिशतले तटस्थ, ५ प्रतिशतले असहमत, र १ प्रतिशतले मात्र पूर्ण असहमत रहेको जनाएका छन् । यस आधारमा हेर्दा सुशासनको लागि सामाजिक सञ्जाल, मोबाइल एप, अनलाइन पोर्टलहरू र अन्य डिजिटल प्लेटफर्महरूले महत्त्वपूर्ण देखिएको हुँदा सोहिअनुसार आवाज सम्प्रेषण गर्ने कार्यलाई बढावा दिनुपर्ने देखिन्छ ।

## ७.३ सुशासन र युवा सहभागिता अभिबृद्धिका लागि चाल्नुपर्ने कदमहरू

यस अध्ययनमा प्रयोग गरिएको तथ्यांकीय विश्लेषणले औसत (Mean), मानक विचलन (Standard Deviation) जस्ता सूचकहरूको माध्यमबाट आन्दोलनपछि सरकारले सुशासन र युवा सहभागिता अभिवृद्धिका लागि चाल्नुपर्ने कदमहरूमा उत्तरदाताहरूको भावना कस्तो छ भन्ने कुरा मापन गरिएको छ ।

तालिकामा सुशासन र युवा सहभागिता अभिवृद्धिका लागि चाल्नुपर्ने कदमहरूलाई देखाइएको छ । नीति निर्माण प्रक्रियामा युवाको प्रतिनिधित्व बढाउन वर्तमान सरकार सक्रिय छ भन्ने सम्बन्धमा औसत मान २.८८ रहेको हुँदा यस सम्बन्धमा उत्तरदाताहरूको धारणा मध्यम स्तरको रहेको संकेत गर्दछ । औसत मानक विचलन १.०५ रहेकोले उत्तरदाताहरूको धारणा केही फरक-फरक रहेको देखिन्छ ।

**तालिका ७.१ः**

सुशासन र युवा सहभागिता अभिबृद्धिका लागि चाल्नुपर्ने कदमहरू

| **विवरण** | **औसत (Mean)** | **मानक विचलन (S.D.)** |
|---|---|---|
| तपाईंको विचारमा, नीति निर्माण प्रक्रियामा युवाको प्रतिनिधित्व बढाउन वर्तमान सरकार सक्रिय सम्बन्धमा | २.८८ | १.०५ |
| सुशासनका लागि डिजिटल प्लेटफर्महरूले युवाको आवाज प्रभावकारी रूपमा संप्रेषण गर्न सहयोग गरेको बारे | २.०० | ०.७१ |
| युवा नेतृत्व विकासका कार्यक्रमहरूले सुशासन अभिवृद्धिमा योगदान पुर्याउन मद्दत गर्ने सम्बम्धमा | २.०९ | ०.८६ |
| युवालाई बजेट निगरानी तथा सार्वजनिक खर्च मूल्यांकन प्रक्रियामा सहभागी गराउन आवश्यकता बारे | १.८१ | ०.७९ |
| युवाको सक्रियता र नागरिक दबाबले प्रशासनिक सेवा सुधारमा महत्त्वपूर्ण योगदान पुऱ्याउने सम्बन्धमा | १.८३ | ०.८० |
| सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवाको सहभागिता दीर्घकालीन रूपमा प्रभावकारी हुने सम्बन्धमा | १.८६ | ०.८१ |

स्रोतः स्थलगत सर्वेक्षण तथ्याङ्क २०८२मा आधारित अनुसन्धानकर्ताद्वारा गणना

डिजिटल प्लेटफर्ममार्फत युवाको आवाज सुशासनका लागि प्रभावकारी रूपमा सम्प्रेषण हुने भन्ने प्रश्नको औसत मान २.०० र मानक विचलन ०.७१ रहेको छ । यसले उत्तरदाताहरू यस विषयमा तुलनात्मक रूपमा सहमत र धारणामा बढी एकरूप रहेको जनाउँछ । यसै गरि युवा नेतृत्व विकासका कार्यक्रमहरूले सुशासन अभिवृद्धिमा योगदान पुऱ्याउँछन् भन्ने प्रश्नको औसत मान २.०९ र मानक विचलन ०.८६ रहेको छ । यसले प्रभावकारिताप्रति उत्तरदाताहरूको मध्यमस्तरको सकारात्मक धारणा रहेको संकेत गर्दछ ।

युवालाई बजेट निगरानी तथा सार्वजनिक खर्च मूल्यांकन प्रक्रियामा सहभागी गराउन आवश्यक छ भन्ने सम्बन्धमा औसत मान १.८१ र मानक विचलन ०.७९ रहेको छ । यस सम्बन्धमा उत्तरदाताहरूको सहमति उच्च र धारणा अपेक्षाकृत स्थिर रहेको देखाउँछ । यसै गरि युवाको सक्रियता र नागरिक दबाबले प्रशासनिक सेवा सुधारमा योगदान पुऱ्याउँछ भन्ने प्रश्नको औसत माध्यम मान १.८३ र मानक विचलन ०.८० रहेको छ। जसले युवाको सक्रियता र नागरिक दबाबले सुशासनका लागि महत्त्वपूर्ण र प्रभावकारी भूमिका खेल्ने देखाउँछ ।

सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवाको सहभागिता दीर्घकालीन रूपमा प्रभावकारी हुन्छ भन्ने प्रश्नको औसत माध्यम मान १.८६ र मानक विचलन ०.८१ रहेको छ । जसले उत्तरदाताहरूले युवाको सहभागितालाई सुशासनका लागि महत्त्वपूर्ण र प्रभावकारी माध्यमको रूपमा लिएको स्पष्ट गर्दछ।

## ७.४ गुणात्मक विश्लेषण (प्रमुख सूचनादाता/समूह छलफल)

................नीति निर्माण, योजना तर्जुमा र अनुगमन प्रक्रियामा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न केन्द्र, प्रदेश र स्थानीय तहमा युवा प्रतिनिधित्व संयन्त्र गठन गर्नुपर्छ।

(Gen-Z अभियन्ता, कर्णाली प्रदेश प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

........ ठेक्का, सेवा प्रवाहलाई खुला डाटा प्रणालीमार्फत सार्वजनिक गरी नागरिक तथा युवाको निगरानी भूमिकालाई सशक्त बनाउनुपर्छ। ................

(सामाजिक अभियन्ता, सुदूरपश्चिम प्रदेश प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

........युवासम्बन्धी नीति र कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन जस्ता कार्यलाई अनिवार्य गर्नुपर्ने देखिन्छ।

(गण्डकी प्रदेश, सामूहिक छलफलमा सहभागी)

ई-गभर्नेन्स, डिजिटल सेवा प्रवाह, ............... र सूचना पहुँच सहज बनाएर युवालाई शासन प्रक्रियासँग प्रत्यक्ष जोड्नुपर्छ। जसलेगर्दा युवावर्गमा राज्य प्रतिको उत्तरदायित्व बोध होस्.............

(ब्यापारी, कोशी प्रदेश प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

सीपमूलक शिक्षा, स्टार्टअप व्यवसायमा सहयोग, नवप्रवर्तन कोष र निजी क्षेत्रसँग सहकार्यमार्फत युवाका लागि मर्यादित रोजगारी सिर्जना गर्नुपर्छ। ...........................

(बागमती प्रदेश, सामूहिक छलफलमा सहभागी)

आन्दोलनपछिको असन्तुष्टि सम्बोधन गर्न युवाहरू संग निरन्तर, खुला र विश्वासमा आधारित संवाद संयन्त्र विकास गर्न आवश्यक महसुस गर्दछु......................।

(Gen-Z अभियन्ता, बागमती प्रदेश प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

ग्रामीण क्षेत्र, महिला, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका र सीमान्तकृत युवाहरूको सहभागिता सुनिश्चित गर्न लक्षित कार्यक्रम र प्रतिनिधित्वको व्यवस्था भयो भने भविष्यमा यस प्रकारको आन्दोलन हुन बाट रोक्न सनिन्छ जस्तो लाग्दछ।

(शिक्षाविद्, बागमती प्रदेश प्रमुख सूचनादातासँगको अन्तर्वार्ता)

**परिच्छेद सारांश**

माथिका परिमाणात्मक र गुणात्मक विश्लेषणका आधारमा यस परिच्छेदको सारांश निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

नेपालको वर्तमान सामाजिक, आर्थिक र राजनीतिक संक्रमणको सन्दर्भमा Gen-Z युवापुस्ता जनसांख्यिक लाभको सम्भावना मात्र नभई राज्य पुनर्संरचना र दीर्घकालीन विकासको निर्णायक शक्ति बनेको देखिन्छ । डिजिटल प्रविधि, लोकतान्त्रिक चेतना र विश्वव्यापी सूचनामा पहुँच भएको यो पुस्ताले सुशासन, पारदर्शिता र अवसरयुक्त प्रणालीको अपेक्षा राखेको भए पनि शासन प्रणालीका कमजोरी, नीतिगत अस्थिरता र सीमित आर्थिक अवसरका कारण असन्तुष्टि व्यक्त गर्दै परिवर्तनको माग गर्दै आन्दोलन गरेका थिए । सबल नेपाल निर्माणका लागि युवालाई समस्याको रूपमा नबुझी समस्या समाधानका साझेदारका रूपमा स्वीकार गर्नु अपरिहार्य रहेको देखाउँछ ।

नीति निर्माण प्रक्रियामा युवाको प्रतिनिधित्व सम्बन्धनमा आन्दोलनपछि युवाको सहभागिता केही हदसम्म सुधार भएको देखिन्छ । यद्यपि सबै युवाले यसलाई पर्याप्त मानेका छैनन्, जसले अझ संरचित र संस्थागत सहभागिताको आवश्यकता औंल्याउँछ । सुशासन अभिवृद्धिमा युवा नेतृत्व विकास कार्यक्रमहरू अत्यन्त प्रभावकारी मानिन्छन् । यस्ता कार्यक्रमहरूले युवामा नैतिक नेतृत्व, नागरिक चेतना, नीति बुझाइ र जवाफदेहिताको संस्कार विकास गर्दै पारदर्शी र उत्तरदायी शासन निर्माणमा योगदान पुऱ्याउने देखिन्छ ।

प्रशासनिक सेवा सुधारमा युवाको भूमिका पनि महत्त्वपूर्ण देखिएको छ । डिजिटल नवप्रवर्तन, ई-गभर्नेन्स र सेवा प्रवाहको सरलीकरणमार्फत युवाले प्रशासनलाई प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन सक्ने धारणा धेरैमा रहेको छ । सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवा सहभागिता अनिवार्य मानिएको छ। युवाको सक्रिय निगरानी, नीति बहस र नागरिक अभियानले भ्रष्टाचार नियन्त्रण र उत्तरदायी शासन सुदृढ गर्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

बजेट निर्माण तथा सार्वजनिक खर्च मूल्यांकन प्रक्रियामा युवाको सहभागिता आर्थिक व्यवस्थापनलाई पारदर्शी र प्रभावकारी बनाउने मुख्य माध्यमका रूपमा हेरिएको छ । यस प्रक्रियामा युवाको सहभागिताले स्रोतको सही उपयोग, प्राथमिकता निर्धारण र सार्वजनिक विश्वास अभिवृद्धि गर्न मद्दत पुग्ने देखिन्छ । पछिल्ला दिनहरूमा डिजिटल प्लेटफर्ममार्फत युवाहरूको आवाज संप्रेषण सुशासन प्रवर्द्धनको सबैभन्दा प्रभावकारी माध्यमका रूपमा स्थापित भएको छ । सामाजिक सञ्जाल, मोबाइल

एप र अनलाइन पोर्टलहरूले युवालाई नीतिनिर्मातासँग प्रत्यक्ष रूपमा जोड्दै पारदर्शिता, समावेशिता र जवाफदेहिता बढाउने भूमिका खेलेको देखिन्छ ।

समग्रमा, सुशासन र दिगो विकासका लागि युवाको अर्थपूर्ण, संस्थागत र डिजिटल सहभागिता अपरिहार्य देखिन्छ । यदि युवाको ऊर्जा, सीप र चेतनालाई स्पष्ट नीतिगत मार्गचित्र र प्रभावकारी कार्यान्वयनसँग जोड्न सकियो भने Gen-Z नेपालको सुशासन र समृद्धिको मुख्य आधार बन्न सक्ने स्पष्ट संकेत देखिएको छ । राज्यको प्रमुख नीति निर्माण र निर्णय प्रक्रियामा युवाको प्रतिनिधित्व अपर्याप्त रहनुका साथै युवासम्बन्धी नीतिहरू पनि प्रभावकारी देखिएको छैन।

# परिच्छेद आठः प्राप्ति, निष्कर्ष र सुझाव

## ८.१ प्राप्ति

वि.स. २०८२ भाद्र २३ र २४ मा नेपालमा भएको ऐतिहासिक Gen-Z आन्दोलनको पृष्ठभूमि, मूल कारण, प्रभाव र नीतिगत अर्थसम्बन्धी पारेको प्रभावका बारेमा यस अध्ययनले समग्र विश्लेषण प्रस्तुत गरेको छ । सामाजिक सञ्जालबाट प्रेरित र युवा नेतृत्वमा भएको यो आन्दोलन भ्रष्टाचार, डिजिटल स्वतन्त्रतामाथि लगाइएका प्रतिबन्ध, बेरोजगारी, आर्थिक असमानता र सुशासनको अभावविरुद्ध सुरु भई छोटो समयमै देशव्यापी रूपमा फैलिएको थियो । Gen-Z आन्दोलनले उग्र रूप लिँदा देशमा ठूलो जनधनको क्षति भयो र अन्ततः तत्कालिन प्रधानमन्त्रीको राजीनामा र अन्तरिम सरकार गठनको प्रक्रिया अगाडि बढेसँगै आन्दोलन शान्त भयो ।

साथै, वर्षौंदेखि सुधारको अपेक्षा राखेका युवाहरूले राजनीतिक आश्वासन कार्यान्वयन भएको नदेखु, रोजगारीको अवसरहरूमा कमि, देशमा उद्यममैत्री वातावरण नबनाइनु र जवाफदेहिताको अभावजस्ता कारणहरूवाट निराश भइ आन्दोलन सुरु भएको तथ्य पनि यस अध्ययनले देखाएको छ । यी संरचनागत समस्याहरू नै आन्दोलनका प्रमुख उत्प्रेरक समेत बनेको देखिन्छ ।

विश्वमा भएका प्रायः Gen-Z आन्दोलनहरू नेतृत्वविहीन, देशव्यापी र डिजिटल माध्यमबाट सञ्चालित भएका देखिएको छ । आन्दोलनको मूल कारणमा भ्रष्टाचार, जवाफदेहिताको अभाव र परम्परागत राजनीतिक दलप्रतिको असन्तुष्टि देखिएका छन् । स्वतन्त्रता, समानता र पारदर्शितामा आधारित नयाँ राजनीतिक संस्कृतिको खोजी नै Gen-Z आन्दोलनको केन्द्रीय एजेन्डा रहेको पाइएको छ ।

विश्व आर्थिक मञ्च (WEF) को प्रतिवेदनअनुसार सन् २०२५ मा असमानता, भ्रष्टाचार र कठोर आर्थिक नीतिविरुद्ध विश्वव्यापी रूपमा भएका धेरै विरोध प्रदर्शनहरू युवा नेतृत्वमा भएका थिए, जसलाई "Gen-Z विद्रोह" को रूपमा चिनिएको छ । Gen-Z आन्दोलन भएको देशका सरकारहरूले युवाहरूको अपेक्षाअनुसार सुधारका कार्य नगरि दमनको बाटो रोज्दा धेरै आन्दोलनहरूले राज्यको तर्फबाट चरम दमनको सामना गर्नुपरेको प्रतिवेदनले देखाउँछ ।

यस अध्ययनमा ४२० उत्तरदाताहरूवाट प्राप्त उत्तरको तथ्याङ्क हेर्दा Gen-Z आन्दोलनमा पुरुषको सहभागिताको तुलनामा महिलाको सहभागिता बढी पाइएको छ । जातीय रूपमा आदिवासी/जनजाति, खस/आर्य र मधेशी समुदायको उल्लेखनीय सहभागिताले आन्दोलन बहुजातीय र समावेशी स्वरूपको रहेको संकेत गरेको छ । शैक्षिक दृष्टिले सहभागीमध्ये अधिकांश (९८

प्रतिशत) माध्यमिकदेखि स्नातकोत्तर तहसम्मको शिक्षा प्राप्त गरेका शिक्षित भएकाले आन्दोलन सचेत र विश्लेषणयोग्य युवाद्वारा सञ्चालित भएको देखिन्छ ।

उमेरगत विश्लेषणमा १६ देखि २५ वर्ष उमेर समूहको सहभागिता सबैभन्दा बढी रहेको र उमेर बढ्दै जाँदा सहभागिता घट्दै जाने प्रवृत्ति पाइएको छ । पेशागत रूपमा विद्यार्थी, बेरोजगार र स्वरोजगार युवाहरूको उपस्थिति तुलनात्मक रूपमा बढी देखिएको छ । आर्थिक अवस्थाका आधारमा विश्लेषण गर्दा अधिकांश उत्तरदाता मध्यम वर्गका भएकाले रोजगारीको अभाव र आर्थिक असुरक्षा नै Gen-Z आन्दोलनको प्रमुख कारक तत्वका रूपमा देखिएको छ ।

नेपालमा देखिएको जेन्जी आन्दोलनलाई केवल आकस्मिक वा भावनात्मक विद्रोहको रूपमा मात्र नलिई पहिलेदेखिकै सामाजिक, आर्थिक र सुशासनसम्बन्धी संरचनागत कमजोरीहरूको संयुक्त परिणामका रूपमा प्रस्तुत गरेको पाइएको छ । डिजिटल प्रविधिमा हुर्किएको, सचेत र अपेक्षामूलक Gen-Z पुस्ताले लोकतान्त्रिक शासनबाट अपेक्षित परिणाम नपाउँदा असन्तोष र आक्रोश संगठित आन्दोलनको रूपमा प्रकट भएको देखिन्छ । कमजोर शासन प्रणाली, राजनीतिक अस्थिरता, नीति निर्माण र कार्यान्वयनबीचको अन्तर, संस्थागत अक्षमता तथा निर्णय तहमा युवाको न्यून प्रतिनिधित्वले आन्दोलनलाई थप तीव्र बनाएको पाइयो ।

यस अध्ययनमा चारवटा उद्देश्यहरू राखिएको थियो । तत् उद्देश्य प्राप्तिका खातिर गरिएको स्थलगत सर्वेक्षण, प्रश्नावलीवाट प्राप्त तथ्याङ्क र त्यसको विश्लेषणको आधारमा निम्न कुराहरू प्राप्तिका रूपमा अगाडि सारिएको छ।

### ८.१.१ आन्दोलनका सामाजिक, आर्थिक र शुसासन सम्बन्धि कारणहरू

**सामाजिक कारणहरूः**

राजनैतिक नेतृत्वप्रतिको घट्दो विश्वास, डिजिटल स्वतन्त्रतामा प्रतिबन्ध, राजनैतिक नेतृत्व र तिनका सन्ततिहरूको विलासी जीवनशैली, सेवा सुविधामा सीमित व्यक्तिहरूको पहुँच, इमान्दार राजनैतिक अभिकर्मीहरू राज्य सुविधाबाट बञ्चित हुनु, रोजगारमा आधारित शिक्षा नहुनु, उच्च शिक्षा भए पनि योग्यताअनुसार रोजगारी नपाउनु, समाजका सीमान्तकृत व्यक्तिहरू विकासको मूल प्रवाहमा समाहित नहुनु, राजनैतिक नियुक्तिमा नेतृत्वका नातेदार र आफन्तीलाई मात्र नियुक्ति गरिनुजस्ता सामाजिक कारणहरू पनि आन्दोलन हुनुको कारणको एक पक्ष देखिन्छ।

**आर्थिक कारणः**

बढ्दो बेरोजगारी, रोजगारका लागि विदेश जानुपर्ने बाध्यता, न्यून आय, न्यून ज्याला, आर्थिक अस्थिरता, विकास प्रणाली समावेशी नहुनु र विकासको नमूना रोजगारीमा प्रसय दिने खालको नहुनु, उद्यमशिलताको अवसरहरू सीमित हुनु आदि आन्दोलन हुनुका प्रमुख आर्थिक कारणहरू भएको देखियो।

**सुशासन सम्बन्धी कारणः**

प्रशासनतन्त्र बोझिलो र धेरै समयको साथसाथै झन्झटिलो प्रक्रिया लिने खालको हुनु, सेवा प्रणालीमा एकद्धार प्रणालीको अभाव, मालपोत कर तथा सेवा दस्तुर बुझाउने ठाउँमा सेवा भावनाको अभाव, प्रशासनिक कर्मचारीहरूको स्थायी जागिरप्रतिको बढ्दो स्वाभिमान, सार्वजनिक प्रशासनमा पारदर्शिताको अभाव, सार्वजनिक संस्थाहरूमा कार्य दक्षताको अभाव, नातावाद र कृपावाद; न्याय प्रणालीमा ढिलासुस्ती हुनु आदि आन्दोलन हुनुका प्रमुख प्रशासनिक कारणहरू भएको पाइयो।

### ८.१.२ भ्रष्टाचार, जवाफदेहिता, डिजिटल स्वतन्त्रता र रोजगारप्रति युवाहरूको धारणा

भ्रष्टाचारका सन्दर्भमा अधिकांश युवाहरूले नेपालमा भ्रष्टाचार सामान्यस्तरभन्दा निकै व्यापक रहेको धारणा व्यक्त गरेको देखिन्छ । सार्वजनिक सेवा, शिक्षा, रोजगारी र नियुक्तिमा नातावाद, कृपावाद र राजनीतिक संरक्षण हाबी रहेको धारणा देखिन्छ । युवाहरूले भ्रष्टाचारलाई व्यक्तिगत नैतिक कमजोरी नभई प्रणालीगत असफलताको रूपमा बुझेका छन् र भ्रष्टाचारविरुद्धको लडाइँमा युवाको सक्रिय सहभागिता प्रभावकारी हुनेमा व्यापक सहमति देखिन्छ । भ्रष्टाचार रोक्ने निकायहरू जस्तै अख्तियार दुरुपयोग निवारण आयोग, सर्वोच्च अदालत आदि स्थानमा राजनैतिक नियुक्ति हुने र ती व्यक्तिहरू राजनैतिक नेतृत्व प्रति उत्तरदायी हुने हुँदा भ्रष्टाचार नियन्त्रणमा कमि आएको उनीहरूको वुझाइ छ । डिजिटल स्वतन्त्रतालाई युवाहरूले नैसर्गिक अधिकारका रूपमा लिन्छन् ।

नागरिकप्रतिको जवाफदेहिताको दृष्टिले नेपालका सार्वजनिक संस्थाहरू पर्याप्त मात्रमा उत्तरदायी नभएको हुँदा युवाहरू असन्तुष्ट देखिन्छन्। सेवा प्रवाह, पारदर्शिता र निर्णय प्रक्रियामा कमजोरी रहेको तथा राज्यको प्रमुख नीति निर्माण र निर्णय तहमा युवाको प्रतिनिधित्व अपर्याप्त भएकाले युवासम्बन्धी नीतिहरू प्रभावकारी बन्न नसकेको युवाहरूको बुझाइ रहेको छ ।

नेपालमा डिजिटल स्वतन्त्रता केही हदसम्म सुनिश्चित भए पनि नीतिगत अस्पष्टता, कानुनको दुरुपयोग, निगरानी र सेन्सरशीपका कारण युवाहरू पूर्ण रूपमा सन्तुष्ट छैनन् । उनीहरूले डिजिटल स्वतन्त्रतालाई सुशासन र लोकतन्त्रको महत्त्वपूर्ण सूचकका रूपमा लिएको पाइयो।

सरकारी रोजगारी प्रक्रियामा पारदर्शिताको अभाव, पहुँच र राजनीतिक प्रभाव देखिनु, सीमित तथा न्यून तलबमा काम गर्नुपर्ने र शिक्षा तथा श्रम बजारबीचको ठूलो अन्तरका कारण युवाहरूमा गहिरो असन्तुष्टि देखिन्छ । विद्यमान रोजगारसम्बन्धी सरकारी नीतिहरू अपर्याप्त र कमजोर हुनुको साथै कार्यान्वयनयोग्य समेत देखिंदैनन् ।त्यसकारण दीर्घकालीन, व्यावहारिक र सीपमुखी रोजगार नीति आवश्यक रहेको युवाहरूको बुझाइ देखिन्छ।

### ८.१.३ आन्दोलनले सुसासन र अर्थतन्त्रमा पारेको प्रभावः

आन्दोलनपछि सरकारी निर्णय प्रक्रियामा केही सुधारको संकेत देखिन्छ तर पर्याप्त छैन । डिजिटल सेवामा केही सहजता आएको छ तर पहुँचको असमानता, प्राविधिक कमजोरी र व्यवस्थापकीय समस्याहरू अझै विद्यमान छन् । नीतिगत सुधारका पक्षमा सरकारले केही प्रारम्भिक प्रयास गरेको देखिन्छ ।

स्थलगत सर्वेक्षणको तथ्याङ्कअनुसार आन्दोलनपछि आर्थिक स्थिरता र निजी क्षेत्रको लगानी वातावरणमा नकारात्मक प्रभाव बढि देखिएको छ । यसले गर्दा लगानीकर्ताका मनोविज्ञान र उद्यमशीलताको आत्मविश्वास कमजोर बनाएको देखिन्छ । तसर्थः सरकारलाई तत्काल आर्थिक सुधार, लगानीमैत्री नीति र युवा केन्द्रित रोजगारी सिर्जनामा ध्यान दिनुपर्ने आवश्यकता देखाउँछ ।

आन्दोलनले सरकारी, निजि तथा सामुदायिक गरि कुल ८४.५ अर्वको क्षति गरेको छ । यसले आर्थिक स्थिरता र निजी क्षेत्रको लगानी वातावरणमा नकारात्मक प्रभाव पारेको छ । बजारको मनोविज्ञान र उद्यमशीलताको आत्मविश्वास कमजोर बनाएको बुझिन्छ । यस अवस्थामा सरकारले तत्काल आर्थिक सुधार, लगानीमैत्री नीति र युवा केन्द्रित रोजगारी सिर्जनामा ध्यान दिनुपर्ने देखिन्छ।

आन्दोलनपछि नेपाल राष्ट्र बैंकको कर्जा नीतिमा उदारता आएको छ। Gen-Z आन्दोलनबाट प्रभावित उद्योग तथा व्यवसायीहरूको कर्जालाई पुनर्तालिकाकरण गर्ने सुविधा दिएको छ। Gen-Z आन्दोलनवाट प्रभावित उद्योग तथा व्यावसायीहरूले तलव भत्ता प्रदान गर्न कर्जा लिएमा ६ महिनाका लागि २ प्रतिशत व्याज अनुदान दिने व्यवस्था गरिएको छ । तर यी नीतिहरुमात्रै प्रयाप्त छैनन। क्षतिग्रस्त उद्योग तथा परियोजनाको पुननिर्माणका लागि न्यून व्याजदरमा दीर्घकालीन ऋण सुविधा दिन आवश्यक छ ।

## ८.२ निष्कर्ष

प्रविधिमैत्री, शिक्षित र सामाजिक सञ्जालमार्फत सक्रिय रूपमा जोडिएको Gen-Z पुस्ताको आन्दोलन केवल आकस्मिक वा भावनात्मक विद्रोहको रूपमा मात्र नभई विगतदेखि नै नेपाली समाजमा जरा गाडेर बसेको सामाजिक, आर्थिक र सुशासनसम्बन्धी संरचनागत कमजोरीहरूको परिणामका रूपमा

आएको देखिन्छ । कमजोर शासन प्रणाली, राजनीतिक अस्थिरता, नीति र कार्यान्वयनबीचको अन्तर, संस्थागत असक्षमता तथा राज्यका विभिन्न निकायहरूमा युवाको न्यून प्रतिनिधित्वले युवाको असन्तोषलाई थप गहिरो बनाएको देखिन्छ । भ्रष्टाचार, बेरोजगारी, अल्परोजगारी, न्यून तलब, उत्पादनमुखी अर्थतन्त्रको अभाव र उद्यमशीलताको सीमित अवसरले युवाहरूलाई आफ्नो भविष्य देशभित्र असुरक्षित रहेको बुझाइ पाइन्छ।

व्यापक भ्रष्टाचार र जवाफदेहिताको कमी नै आन्दोलनको प्रमुख कारण भएको स्पष्ट देखाएको छ । यस आन्दोलनमा सहभागी अधिकांश युवाहरू यस अघिका आन्दोलनमा संलग्न नभएकाले यसलाई नयाँ पुस्ताको संगठित विस्फोटको रूपमा बुझ्न सकिन्छ । नेतृत्वविहीन भए पनि डिजिटल प्लेटफर्म र सामाजिक सञ्जालले आन्दोलनलाई व्यापक र संगठित बनाउन निर्णायक भूमिका खेलेको देखिन्छ। आन्दोलनका क्रममा भएको मानवीय र भौतिक क्षतिको प्रमुख कारण सरकारको कमजोरी, संवादहीनता र समयमै उपयुक्त निर्णय लिन नसक्नु रहेको पाइएको छ ।

आन्दोलनले राजनीतिक पार्टीहरूका आन्तरिक संरचना तथा सामाजिक सोचमा परिवर्तन ल्याएको छ। नयाँ पुस्ता राजनीतिमा सक्रिय देखिन थालको छ । तत्कालिन रूपमा अर्थतन्त्रमा आर्थिक क्षति देखिए तापनि विकासको दीर्घकालीन रणनीति तयार गरि पुनर्निमाणको बाटोमा लैजान आवश्यक छ । यसका लागि निजी तथा सरकारी क्षेत्रको सक्रिय सहभागिता आवश्यक छ।

## ८.३ सुझाव

### ८.३.१ आन्दोलनका सामाजिक, आर्थिक र सुशासन सम्बन्धी कारणहरूसँग सम्वन्धित सुझावहरू

**सामाजिक कारणमा आधारित सुझावहरू**

- राजनैतिक नेतृत्व राष्ट्र र मुलुकप्रति इमान्दार नहुनु र राजनैतिक नेतृत्व तथा तिनका सन्तति तथा नातेदारहरूको विलासी जीवनशैलीले जेन्जी पुस्ताको राजनैतिक नेतृत्वप्रति विश्वास घटेको देखिन्छ र राजनैतिक परिवेशप्रति वितृष्णा जागेको देखिन्छ । राजनैतिक नेतृत्व लिने व्यक्ति राष्ट्रप्रति इमान्दार हुनु जरुरी छ । उनीहरूको जीवनशैली साधारण नागरिकहरूको जस्तै सरल हुनुपर्दछ । राजनीति पेशाभन्दा राष्ट्र निर्माण तथा राष्ट्रसेवाका लागि गरिने पवित्र कार्य हो भन्ने वुझ्न जरुरी छ । अतः राजनीतिक पार्टीहरूका सोच यतातर्फ ढल्किन आवश्यक देखिन्छ ।

- राजनैतिक नियुक्तिमा नेतृत्वका नातेदार र आफन्तलाई मात्र नियुक्ति गरिनुजस्ता कारणहरूले युवा पुस्ताहरूको सामाजिक परिवेशप्रति वितृष्णा जागेको देखिन्छ । यसैले गर्दा पनि विद्रोह जागेको हो । अतः यस्ता नियुक्तिहरू पारिवारिक आधारमा नभई खुला प्रतिस्पर्धाका आधारमा योग्यतावान् व्यक्तिहरूलाई गरिनुपर्दछ।
- नेपालको शिक्षा प्रणाली रोजगारमा आधारित नहुनु र उच्च शिक्षा भए पनि योग्यताअनुसार रोजगारी नपाउनु एक सामाजिक यथार्थ बनेको छ । वेरोजगार मानिसलाई फुर्सद हुन्छ र कुण्ठा पनि हुन्छ । अतः ती विद्रोहमा जुट्छन् र होमिन्छन् । तसर्थ, शिक्षालाई शीपमुलक तथा रोजगारीमा आधारित बनाउन जरुरी छ।
- समाजका सीमान्तकृत व्यक्तिहरू विकासको मूल प्रवाहमा समाहित हुन नसक्नु एक सामाजिक समस्या हो । यी सीमान्तकृत व्यक्तिहरूले विकासको मूल प्रवाहमा समाहित हुँदै सुविधा सम्पन्न जीवनयापन गर्न पाइरहेका छैनन् । अतः ठूला होटल तथा व्यवसायिक भवनहरूप्रति उनीहरूको आक्रोश पोखिएको देखिन्छ । तसर्थ, समाजका सीमान्तकृत व्यक्तिहरूलाई विकासको मूल प्रवाहमा समाहित गर्दै जीविकोपार्जनको व्यवस्था मिलाउन आवश्यक छ ।

**आर्थिक कारणमा आधारित सुझावहरू**

- बढ्दो बेरोजगारी नेपालको प्रमुख समस्या हो ।स्वदेशमा रोजगार नपाएर लाखौं मानिसहरू विदेशिन परेको यथार्थ परिदृष्य जेन्जी पुस्ताले देखेको छ । अतः यो पुस्ताले सुरक्षित भविष्य नदेखेका कारणले पनि उनीहरू आन्दोलनमा होमिन पुगेको देखिन्छ । अतः विकास रोजगारीमा आधारित हुन आवश्यक छ । राष्ट्र र निजी क्षेत्रले गरेको लगानी रोजगार सिर्जना गर्ने खालको हुन आवश्यक छ ।
- न्यून ज्याला र आर्थिक अस्थिरता नेपालको अर्को समस्या हो । यही ज्यालामा जेन्जी पुस्ताले सोचेको जीवनशैली पाउन गाह्रो छ । जीवनभरको इमान्दारीको कमाइले एउटा वास बनाउन पनि सक्दैन र एउटा सामान्य सवारी साधान किन्न पनि सक्दैन । सँगै, विदेसिएको उनीहरूको साथी तथा आफन्तहरूको जीवनशैली यता काम गर्नेहरूको तुलनामा धेरै नै उच्च देखिन्छ जसले उनीहरूको मनस्थितिलाई विद्रोहप्रति तानेको छ । अतः भैरहेका रोजगारीका अवसरमा पनि ज्यालादर बढाउन जरुरी छ ।
- नेपालमा धनी र गरिवबीचको आम्दानीको वितरणमा ठुलो खाडल देखिन्छ ।जेन्जी आन्दोलनका क्रममा न्यून आय भएको र पिछडिएको समुदाय पनि आन्दोलनकै लहरमा होमिएको देखिन्छ । डिपार्टमेन्टल स्टोर, होटल तथा औद्योगिक प्रतिष्ठानमा भएको लुटपाट

तथा तोडफोडमा यस्तो समुदायको संलग्नता भेटिएको पाइएको छ । अतः न्यून आय हुने वर्गलाई पनि विकासको मूल प्रवाहमा ल्याउँदै आर्थिक रूपमा हुने र नहुनेबीचको खाडल कम गर्नुपर्ने देखिन्छ ।

- उद्यम, लगानी र सेवा प्रवाहसँग सम्बन्धित प्रक्रिया अत्यधिक जटिल र समयका हिसावमा खर्चिलो भएको हुँदा आर्थिक गतिविधि सुस्त बनेको छ । त्यसैले One–Stop, छोटो कागजी प्रक्रिया र पूर्ण डिजिटल प्रणाली लागू गरी लाइसेन्स, दर्ता, कर र लगानीसम्बन्धी सेवा सहज, पारदर्शी र समयमै उपलब्ध गराइनुपर्छ ।
- नीतिगत अस्थिरता अर्थतन्त्रका लागि प्रत्युत्पादक हुन्छ भन्नेकुरा प्रमुख सूचनादातासँगको छलफलमा संलग्न व्यवसायीहरूले उठान गरेका छन् । अस्थिर नीतिले Business expectation मा प्रतिकुल प्रभाव पार्दछ । अतः आर्थिक नीतिहरू न्यूनतम् पनि पाँच वर्षका लागि स्थिर हुनुपर्दछ ।

**सुशासनका कारणमा आधारित सुझावहरू**

- सेवा प्रदान गर्ने निकायहरूमा प्रशासनतन्त्र बोझिलो, धेरै समय लाग्ने र झन्झटिलो खालको हुनुले पनि आन्दोलनलाई प्रश्रय दिएको देखिन्छ । मालपोत बुझाउने कार्यालय, कर तथा सेवा दस्तुर बुझाउने कार्यालय, लाइसेन्स दिने कार्यालय, नगरपालिका तथा गाउँपालिकाका कार्यालयहरू, आदिमा भएको देशव्यापी आगजनी तथा तोडफोड यसको प्रतिकका रूपका लिन सकिन्छ । अतः सेवा प्रदान गर्ने कार्यालयहरूमा सेवा कार्य अति सहज, पारदर्शी, छिटो र जनमैत्री हुन जरूरी छ । यस्ता ठाउँहरूमा कमिसन तथा घुसखोरी हुनुहुँदैन ।
- सेवा प्रणालीमा एकद्धार प्रणालीको अभाव जनआक्रोसको एक कारण थियो । व्यापार व्यवसाय गर्नेहरूका लागि प्रदान गरिने सेवाहरू एकद्धार प्रणालीमा आधारित हुनुपर्दछ । त्यस्तै, संस्था दर्ता, संस्था खारेजी, मालपोत, कर तथा सेवा दस्तुर, अनुमति आदि सबै एकै ठाउँवाट प्रदान गरिनुपर्दछ ।
- सेवा प्रवाहमा काम गर्ने कर्मचारीहरूले सेवा प्रवाह गर्दा जहिले पनि सेवाग्राहीप्रति सरल, सहज, उत्तरदायी र यथासक्य छिटो सेवा प्रदान गर्नुपर्दछ ।

## ८.३.२ युवाहरूको भ्रष्टाचार जवाफदेहिता, डिजिटल स्वतन्त्रता र रोजगारीप्रतिको धारणामा आधारित सुझावहरू

**भ्रष्टाचार र जवाफदेहिता**

- भ्रष्टाचारका सन्दर्भमा अधिकांश युवाहरूले नेपालमा भ्रष्टाचार सामान्यस्तरभन्दा निकै व्यापक रहेको र यसलाई प्रणालीगत असफलताको रूपमा बुझेका छन् । भ्रष्टाचार रोक्ने निकायहरू जस्तै अख्तियार दुरुपयोग निवारण आयोग, सर्वोच्च अदालत आदि स्थानमा राजनैतिक नियुक्ति हुने र ती व्यक्तिहरू राजनैतिक नेतृत्वप्रति उत्तरदायी हुने हुँदा भ्रष्टाचार नियन्त्रण प्रभवकारी नभएको उनीहरूको बुझाइ छ । अतः यस्ता निकायहरूमा राजनैतिक नियुक्ति नभई प्रतिस्पर्धाका आधारमा सक्षम तथा इमान्दार व्यक्ति नियुक्ति हुनुपर्दछ । यसका लागि संविधान संशोधन गर्न आवश्यक देखिन्छ ।
- भ्रष्टाचारसम्बन्धी मुद्दामा ढिलासुस्तीले दण्डहीनताको संस्कार विकास गरेकोले छिटो फैसला हुने विशेष न्यायिक संयन्त्र (special anti-corruption courts/fast-track mechanism) लाई कानूनी, प्राविधिक र मानव संसाधनका हिसावले सुदृढ गर्नुपर्छ । समयमै न्याय नपाउँदा सुशासनप्रतिको विश्वास खस्किने भएकाले शीघ्र, निष्पक्ष र पारदर्शी न्याय निरुपण गरि फैसला अनिवार्य गरिनुपर्दछ ।
- प्रशासनिक निर्णय, ठेक्का, कर, लगानी तथा सार्वजनिक सेवासम्बन्धी विवाद लामो समयसम्म समाधान नहुँदा नागरिक र निजी क्षेत्र निरुत्साहित देखिन्छन् । यसका लागि फास्टट्र्याक अदालत वा विशेष समाधान निकाय स्थापना गरि तोकिएको समयभित्र विवाद समाधान गर्ने व्यवस्था गरिनुपर्छ।

**डिजीटल स्वतन्त्रता**

- डिजिटल स्वतन्त्रतालाई युवाहरूले नैसर्गिक अधिकारका रूपमा लिन्छन् । अतः डिजिटल स्वतन्त्रतामा प्रतिबन्ध लगाउनु हुँदैन । सार्वजनिक प्रशासन तथा सुरक्षा निकायमा कार्यरत उत्तरदाताकाअनुसार विभिन्न डिजिटल प्लेटफर्महरू राष्ट्रिय सुरक्षाका हिसावले पनि नेपालमा दर्ता हुन आवश्यक हुन्छ । पहिले डिजिटल प्लेटफर्महरू नेपालमा दर्ता हुनुपर्ने औचित्यबारे राष्ट्रिय रूपमा बहस तथा अभियान चलाउनुपर्दछ र तत्पश्चात् मात्र दर्ता प्रक्रिया चलाउन उपयुक्त हुनेछ ।
- डिजिटल क्षेत्रको नियमन नियन्त्रणमुखी नभई अधिकारमैत्री र पारदर्शी हुनुपर्छ । अभिव्यक्ति स्वतन्त्रता, सूचनाको पहुँच र नागरिक सहभागिता सुरक्षित रहने गरि डिजिटल कानून र नियमन विकास गरिनुपर्छ ।
- डिजिटल गोपनीयता, डेटा सुरक्षा र साइबर अधिकारलाई संवैधानिक तथा कानूनी रूपमा अधिकार सुनिश्चित गर्नुपर्ने हुन्छ ।

- युवालाई डिजिटल उपकरणको प्रयोगमा मात्र सीमित नगरी सुरक्षित, जिम्मेवार र सृजनात्मक प्रयोगमा सक्षम बनाउन डिजिटल साक्षरता तथा साइबर सुरक्षा तालिम देशव्यापी रूपमा विस्तार गर्नुपर्छ । यसले डिजिटल अपराध, दुरुपयोग र गलत सूचनाको सम्प्रेषण कम गर्नेछ।
- जेन्जी पुस्ताको सोच आइ.टी., मोवाइल र फेसवुकमा सीमित छ । उनीहरू नेपलमै रहेर युरोपीयस्तरको जीवनशैली खोज्दछन् तर नेपाली अर्थतन्त्रको धरातल भने अलग्गै छ । अतः नेपाली अर्थतन्त्रका वास्तविक परिदृश्य झल्किने पाठ्यपुस्तकहरू माध्यमिक तथा उच्च माध्यमिक तहमा राख्नु जरुरी छ।

**रोजगारी**

- बढ्दो बेरोजगारीप्रति जेन्जीहरू चिन्तित देखिन्छन् । अतः शिक्षालाई रोजगारीसँग जोड्न आवश्यक छ । माध्यमिक शिक्षामा एउटा अनिवार्य व्यवसायिक विषय राख्नुपर्दछ । यसो भएमा जागिर नभए पनि एउटा व्यवसाय चलाएर उनीहरू जीविकोपार्जन गर्न सक्दछन् ।
- विश्वविद्यालय शिक्षा तथा श्रम बजारबीचको ठूलो अन्तरका कारण युवाहरूमा गहिरो असन्तुष्टि देखिन्छ । अतः विश्वविद्यालय शिक्षाको पाठ्यक्रमलाई परिमार्जन गरि बजारको मागअनुसारको पाठ्यक्रम बनाउनुपर्दछ ।
- स्थानीय स्रोत, सीप र बजारलाई आधार मानी कृषि, लघु उद्योग, पर्यटन, सेवा र हरित प्रविधि क्षेत्रमा युवा लक्षित उत्पादन परियोजना सञ्चालन गर्नुपर्छ । स्थानीय सरकारले निजी क्षेत्र र सहकारीसँग सहकार्य गरि रोजगारी सिर्जना गर्ने परियोजनामा लगानी प्रवर्द्धन गर्नुपर्छ । जसले स्थानीय अर्थतन्त्र मजबुत बनाउने छ र युवाहरूले देशमै भविष्य देख्ने वातावरण सिर्जना हुनेछ ।
- विश्वविद्यालयमा प्राप्त ज्ञान र अनुसन्धानलाई बजार तथा उद्योगसँग जोड्न इण्टर्नशिप, संयुक्त अनुसन्धान र नवप्रवर्तन केन्द्र अनिवार्य गरिनुपर्छ । यसले विद्यार्थीलाई व्यवहारिक सीप प्रदान गर्नुका साथै उद्योगलाई आवश्यक दक्ष जनशक्ति समेत उपलब्ध गराउने छ ।
- एक हजारभन्दा वढी रोजगारी सिर्जना गर्ने निजी उद्यमी कर्ताहरूलाई राज्यले सम्मान गर्ने र एक प्रतिशत आयकर छुट दिने व्यवस्था मिलाउन राम्रो हुनेछ।

## ८.३.३ सुशासन र अर्थतन्त्रमा परेको प्रभावमा आधारित सुझावहरू

- जेन्जी आन्दोलनपछि प्रशासनतन्त्रमा केहि सुधार भएको देखिन्छ । यसमा अझ बढि सुधार हुँदा झन् राम्रो हुनेछ । सार्वजनिक सेवा, खरिद, ठेक्का, कर तथा भुक्तानी प्रणाली पूर्ण रूपमा

डिजिटलाइज गर्नुपर्छ । यसले गर्दा अनियमितता घटाइ प्रक्रियालाई पारदर्शी बनाउने, निर्णयको डिजिटलप्रति सुरक्षित हुने र अनियमितता पहिचान गर्न सहज बनाउने छ ।

- सबै सरकारी निकाय तथा ठूला सार्वजनिक/निजी संस्थामा वित्तीय अडिट, कार्यसम्पादन अडिट र सामाजिक अडिट अनिवार्य गरिनुपर्छ । अडिट प्रतिवेदन सार्वजनिक गरिने व्यवस्था गर्दा पारदर्शितामा सुधार भई अनियमितता समयमै पहिचान हुन्छ र संस्थागत जवाफदेहितासमेत मजबुत हुनेछ ।
- जेन्जी आन्दोलनले व्यापारिक प्रतिष्ठानमा पनि आगजनी तथा लुटपाट गरेको हुँदा नीजि लगानीकर्ताको मनोवल घटेको देखिन्छ । अतः सर्वसाधारणमा नीजि लगानीले सिर्जना गरेको रोजगारी र उत्पादनले अर्थतन्त्रमा पारेको सकारात्मक प्रभावलाई जानकारी गराउनका लागि जानकारीमूलक कार्यक्रम संचालन गर्न आवश्यक छ । यसो भएमा निजी लगानीप्रति सबैको सद्भाव बढेर जानेछ ।
- केही निजी लगानीकर्ताहरू राजनैतिक नेतृत्वमा पनि समाहित भएको हुँदा लगानीकर्ताहरूको आदर्श व्यक्तित्वमा धमिलोपना आएको छ । यसैले पनि लगानीकर्ताहरूका व्यवसायिक प्रतिष्ठानहरूमा आगजनी तथा तोडफोड भएको देखिन्छ । अतः लगानीकर्ताहरू कुनै राजनैतिक पार्टीहरूसँग प्रत्यक्ष आवद्ध नभइ स्वतन्त्र लगानीकर्ताका रूपमा चिनिनु राम्रो हुनेछ ।
- औद्योगिक व्यवसायीहरू पूर्ण नैतिकतामा चल्न आवश्यक छ । एक पैसा मात्रै पनि कर छल्नु सामाजिक अपराध हो भन्ने कुरामा सहमत हुँदै प्रतिष्ठित तथा इमान्दार करदाताका रूपमा स्थापित हुनुपर्दछ । यसो भएमा सर्वसाधारणहरूका आदरका पात्रका रूपमा औद्योगिक व्यवसायीहरू पर्नुहुनेछ ।
- उद्योग व्यवसायलाई पनि शान्ति क्षेत्र घोषणा गरेमा आन्दोलन र तोडफोडको शिकार हुने थिएन र त्यसो हुँदा लगानीको वातावरणमा सुधार आउने थियो भने उत्पादनमा समेत वृद्धि हुने थियो । आन्दोलनलगायतका अवस्थामा उद्योग व्यवसायलाई सुरक्षित बनाउन औद्योगिक सुरक्षा वल निर्माण गर्नेतर्फ सरकारको सोच जानु राम्रो हुनेछ ।
- उद्योग व्यवसायहरूले आर्जन गरेको मुनाफाको केही अंश सार्वजनिक कार्यमा खर्च गर्ने परिपाटी भएमा सर्वसाधारणहरूको उद्योग व्यवसायी तथा लगानीकर्ताप्रति आदरभाव उत्पन्न हुने थियो । गरिव परिवारहरूको उद्धार वा गरिवी निवारणका लागि खर्च गर्ने पद्धतिले गरिव परिवारहरूको पनि उद्योग व्यवसाय तथा लगानीकर्ताप्रति अपनत्वको भाव पैदा हुने थियो जसले गर्दा ती उद्योग व्यवसायहरूप्रति विद्रोहको भावना विलय भएर जाने थियो ।

- निजी लगानीकर्ताहरू पनि Backward and forward linkages नभएको अरवौंको लगानी गरि मुनाफामा मात्र केन्द्रित हुनुभन्दा ठूलो मात्रामा रोजगारी सिर्जना गर्ने र Backward and forward linkages भएका परियोजनाहरूमा लगानी गर्दा उनीहरूको छवि समाजमा राम्रो भएर जानुका साथै मुलुकका लागि समेत लाभकारी हुने थियो । अतः निजी लगानीकर्ता यतातर्फ उन्मुख भएमा अन्य क्षेत्र पनि लाभान्वित हुने देखिन्छ ।
- निजी व्यवसायी क्षेत्रले आफुलाई इमान्दार करदाता, रोजगारी सिर्जनाकर्ता, सामाजिक उत्तर दायित्ववहन गर्ने जिम्मेवार व्यवसायी, र पारदर्शी रूपमा आयव्यय विवरण राख्ने इमान्दार व्यवसायीका रूपमा स्थापना गर्नु राम्रो हुनेछ । आन्दोलनकर्ताहरूले पनि तोडफोड र आगजनीविना नै शान्तिपूर्ण आन्दोलन हुन सक्छ भन्ने सिक्न जरुरी छ ।
- सवल समाज निर्माणका लागि सवै पक्षका मानिसहरू नैतिक आचरणवान हुनु अति आवश्यक छ । नयाँ पुस्ताहरूले पनि के-कस्ता आचरणहरू समाज उपयोगी नैतिक आचरणको परिधिभित्र पर्दछ भन्ने कुराको ज्ञान राख्नुपर्दछ । हाल नेपालमा माध्यमिक तहको शिक्षावाट हाल नैतिक शिक्षा हटाइएको छ जुन व्यावहारिक आचरण सिकाइका लागि आवश्यक पाथ्यवास्तुमा पर्दछ । त्यसैले नेपालको माध्यमिक तहको शिक्षामा नैतिक शिक्षा अनिवार्य विषयका रूपमा राख्नुपर्दछ ।
- जेन्जी आन्दोलनबाट ८४ अर्व ४५ करोड ७७ लाख बराबरको भौतिक सम्पत्तिमा क्षति भएको देखिन्छ । अतः यो पुनःनिर्माणको समय समेत हो । हाल बैंकिंङ क्षेत्रसँग प्रसस्त तरलता रहेको छ, बजारमा तरलताको माग पनि कम भएको देखिन्छ र व्याजदर पनि ऐतिहासिक रूपमा सस्तो छ । अतः सरकारले बैंकिंङ क्षेत्रवाट ऋण लिइ पुनःनिर्माणको कार्यलाइ तीव्रता दिनु उपयुक्त हुनेछ । यस्तो लगानीले एकातर्फ राष्ट्रिय आयमा वृद्धि हुनेछ भने अर्कोतर्फ समग्र मागमा वृद्धि भइ अर्थातन्त्र चलायमान भएर जानेछ ।
- निजी क्षेत्रका लागि पनि पुनर्निमाणको यो उपयुक्त बेला हो । बैकिङ क्षेत्रमा पनि व्याजदर सस्तो भएको छ । ने.रा. वैकले पनि सस्तो दरमा निजी क्षेत्रको पुनर्निमाणका लागि दीर्घकालका लागि (५-१० वर्षे) कर्जा उपलव्ध गराउनु राम्रो हुनेछ जसले निजी क्षेत्रको मनोबल बढ्नेछ र अर्थथन्त्र पनि चलायमान भएर जानेछ ।
- सरकारी भवन निर्माण गर्दा भवन निमार्णसंहिता संसोधन गरी कम प्रज्वलनशील वस्तुहरू राखी भवन निमार्ण गर्न उपयुक्त हुनेछ।

## ८.३.४. सुशासनमा सुधार र युवा सहभागिता वृद्दिका लागि सुझावहरू

**सुशासनमा सुधार**

- कानून कार्यान्वयन तथा निगरानी निकायहरूलाई संवैधानिक, कानूनी र संस्थागत रूपमा पूर्ण स्वतन्त्रता प्रदान गर्नुपर्छ । नियुक्ति, सरुवा, बजेट र कार्यसम्पादनमा राजनीतिक हस्तक्षेप निषेध गर्ने स्पष्ट कानूनी प्रावधान आवश्यक छ जसले गर्दा यी निकायहरूले डर वा दबावविना आफ्नो कर्तव्य निर्वाह गर्न सक्दछन् ।
- प्रमुख पदाधिकारीदेखि सामान्य कर्मचारीसम्म सबै तहमा आन्तरिक प्रक्रियाबाट पदोन्नति गर्दा राजनैतिक हस्तक्षेप हुनुहुँदैन । योग्यता र दक्षताका आधारमा पदोन्नति हुनुपर्दछ ।
- भ्रष्टाचारमा संलग्न जो कोहीलाई पनि पद, राजनीतिक पहुँच वा नीजको हैसियत नहेरी कडा र समान सजाय सुनिश्चित गर्नुपर्छ । ठूला भ्रष्टाचारका मुद्दालाई विशेष प्राथमिकतामा राखी छिटो अनुसन्धान र फैसला हुने व्यवस्था गरेमा दण्डहीनताको संस्कृति अन्त्य हुने देखिन्छ।

**युवा सहभागिता**

- संघ, प्रदेश र स्थानीय तहमा युवा नीति परिषद् (Youth Policy Council) गठन गर्नुपर्ने । यसो गरेमा युवा सहभागितामा वृद्धि भएर जानेछ ।
- नीति, कानून र बजेट निर्माणका क्रममा डिजिटल परामर्श प्लेटफर्ममार्फत युवासँग अनिवार्य छलफल गर्नुपर्ने ।
- राष्ट्रिय योजना, वार्षिक बजेट र विकास परियोजनामा युवाहरूको पनि प्रतिनिधित्व सुनिश्चित गर्ने कानूनी व्यवस्था गर्नुपर्ने ।
- युवा नेतृत्व, नीति विश्लेषण र नागरिक सहभागिता अभिवृद्धिका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- निर्णय तहमा युवाको प्रतिनिधित्व अपर्याप्त भएकाले युवासम्बन्धी नीतिहरू प्रभावकारी बन्न नसकेको युवाहरूको बुझाइ रहेको छ । अतः युवा प्रतिनिधिको अनुपात संसदमा र राजनैतिक दलहरूमा जनसांख्यिक संरचनाअनुसार किटान गरिनु राम्रो हुनेछ ।
- युवा उद्यमीहरूका लागि सहुलियत ब्याजदरमा ऋण, आंशिक जोखिम वहन (risk sharing), अनुदान र प्रविधिगत सहयोग उपलब्ध गराउने छुट्टै स्टार्टअप/उद्यमशीलता कोष स्थापना गरिनुपर्छ । यस कोषलाई राजनीतिक हस्तक्षेपमुक्त, पेशागत र परिणाममुखी बनाइनुपर्छ जसले गर्दा वास्तविक उद्यमशील युवाले सहज पहुँच पाउन सहज हुनेछ ।

- उपलब्ध सीप भएका स्थानीय युवालाई रोजगारीमा प्राथमिकता दिने स्पष्ट नीति अपनाई आन्तरिक रोजगारी प्रवर्द्धन गर्नुपर्छ ।
- राष्ट्रिय युवा नीति २०८२ मा भएका युवासम्बन्धी नीतिहरू प्रभवकारी रूपमा कार्यन्वयन हुनुपर्दछ।

## सन्दर्भसामग्री


Ahmed, N. (2020). *Elections and authoritarian resilience in Bangladesh.* Contemporary South Asia, 28(2), 145–159.

Amnesty International Nepal (2025). *Nepal: Government must ensure accountability for unlawful killings and use of force during Gen-Z protests.* Amnesty International 9 December, 2025.

Amnesty International. (2023). *Bangladesh human rights report 2023.* Retrieved from https://www.amnesty.org

Castells, M. (2013). *Communication power*. OUP Oxford.

Foa, R. S., & Mounk, Y. (2016). The danger of deconsolidation: The democratic disconnect. *Journal of democracy, 27*(3), 5–17.

Glarity. (2025). What are the key issues behind the recent Gen Z protests in Indonesia? Ask and Answer. https://askai.glarity.app/search/What-are-the-key-issues-behind-the-recent-Gen-Z-protests-in-Indonesia

Hossain Md. N., Hossain E., Islam, Md. S., Rana S. , Hossain. I. , Amin M. (2025). Youth Political Engagement in Bangladesh: Social Media Activism or Symbolic Participation? *Journal of Emerging Perspectives in Arts and Humanities vol.1 (3)*

Hossain, M., & Obaidullah, M. (2024). Gen Z revolution: End of 15-year autocracy in Bangladesh. Modern Diplomacy. https://moderndiplomacy.eu/2024/09/07/gen-z-revolution-end-of-15-year-autocracy-in-bangladesh/

International Labour Organization (ILO). (2022). Indonesia: Youth employment and gig economy trends. Geneva: ILO.

Kathmandu Post (2025), "Gen Z Movement in Kathmandu Against Corruption and Social Media Platform Restrictions." *The Kathmandu Post*, 9 September 2025.

Knecht, T., & Sutanto, A. (2022). Youth mobilization and digital activism in Southeast Asia: Case studies from Indonesia. Journal of Asian Politics, *7*(3), 45–62.

Lewis, D. (2019). *Bangladesh: Politics, economy and civil society.* Cambridge University Press.

Najmi, A., & Ismail, I. (2025). Eksplorasi Makna Hidup Anak Gen Z di Era Digital. *Abdurrauf Journal of Education and Islamic Studies*, *2*(1), 25–35.

Oxfam International. (2026). Resisting the rule of the rich: Defending freedom against billionaire power. Oxfam International.

Pradana, F., Santoso, R., & Aditya, T. (2020). *Youth, labor, and political activism in Indonesia*. Indonesian Journal of Social Research, *15*(1), 12–35.

Prensky, M. (2001). Digital natives, digital immigrants part 2: Do they really think differently?. *On the horizon*, *9*(6), 1–6.

Riaz, A. (2023). *Pathways of autocratization: Bangladesh in comparative perspective.* Journal of Democracy, *34*(2), 128–14

Santoso, R. (2022). Economic insecurity and youth discontent in Indonesia. Indonesian Economic Review, *12*(2), 101–120.

Sultana, S. (2019). Student movements and political change in Bangladesh. *Journal of South Asian Studies*, *42*(1), 55–73.

The New York Times (2025), "Nepal's Social Media Restrictions Weigh Heavily on the Government." The New York Times, 12 September 2025.

World Bank. (2021). Indonesia governance and labor market assessment. Washington, DC: World Bank.

World Economic Forum. (2025). World Economic Forum Annual Meeting 2025: Rebuilding Trust and Inclusive Growth. Geneva: World Economic Forum.

कान्तिपुर दैनिक (२०८२), जेन-जी पुस्ताले भ्रष्टाचार र सामाजिक सञ्जाल बन्दको विरोधमा काठमाडौंलगायत देशका विभिन्न स्थानमा प्रदर्शन गरेका छन् । *कान्तिपुर दैनिक*, भाद्र २५, २०८२ ।

राष्ट्रिय योजना आयोग (२०८२). *"२०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना सम्बन्धी प्रतिवेदन"* । नेपाल सरकार ।

https://www.nrb.org.np/contents/uploads/२०२५/०९/ABC-Circular-F.pdf

# अनुसूची १ः प्रश्नावली

**समूह (अ) Gen-Z आन्दोलनको बुझाइ : मूल कारण, वास्तविकता र सबल नेपालको लागि मार्गचित्र सम्बन्धी संरचनागत प्रश्नावली**

तपाईंले जानकारी गराउनुहुने सूचना तपाईंको सहमति बेगर तपाईंलाई व्यक्तिगत रूपमा असर गर्ने गरि कुनै पनि प्रयोजनार्थ प्रयोग गरिने छैन ।

के तपाईं यो सर्वेक्षणमा सहभागी भई वि.स. २०८२ भाद्र २३-२४ (सन् २०२५ सेप्टेम्वर ८-९) मा नेपालमा भएको Gen-Z आन्दोलनको बारेमा आवश्यक जानकारी उपलब्ध गराई सहयोग गर्नुहुन्छ ?

(क) गर्दछु [ ]　　(ख) गर्दिन [ ]

अन्तर्वार्ताको समयमा यहाँको आफ्नो मनमा लागेका केही कुराहरू छन् भने मलाई सोध्न सक्नुहुनेछ।

जानकारी लिने व्यक्तिको नामः　　　　परिचयपत्र नं.ः

प्रश्नावली क्रम सङ्ख्याः

मितिः २०८२/ /

| | |
|---|---|
| अन्तर्वार्ता सुरु हुंदाको समयः | अन्तर्वार्ता समाप्त हुँदाको समयः |
| प्रदेशः ....................... जिल्लाः .......................... | स्थानीय तहः ............................. |
| वडाः .................. गाउँ/टोल........................................ | |

## १. व्यक्तिगत विवरण

१.१　नाम (ऐच्छिक):........................................................ संकेत न.:.........................

१.२　उमेर ............ वर्ष

१.३　लिङ्गः (क) पुरुष [ ]　(ख) महिला [ ] (ग) लैङ्गिक तथा यौनिक अल्पसंख्यक [ ]

१.४　जात/जातिः

(क) दलित [ ]　　(ख) आदिवासी/जनजाति [ ] (ग) मधेशी [ ]

(घ) खस/आर्य [ ] (ङ) अन्य [ ]

१.५ शैक्षिकस्तर

(क) सामान्य लेखपढ [ ] (ख) आधारभूत [ ] (ग) माध्यमिक [ ]

(घ) स्नातक [ ] (ङ) स्नातकोत्तर वा माथि [ ] (च) निरक्षर [ ]

१.६ वैवाहिक स्थितिः

(क) विवाहित [ ] (ख) अविवाहित [ ] (ग) भिन्न बसेको [ ]

(घ) पारपाचुके [ ] (ङ) एकल [ ]

१.७ हालको व्यवसायः

(क) विद्यार्थी [ ] (ख) जागिरे (सरकारी) [ ] ग) जागिरे (निजी) [ ]
(घ) बेरोजगार [ ] (ङ) स्वरोजगार [ ] (च) अन्य उल्लेख गर्नुहोसः ...........

१.८ तपाईं आफूलाई आर्थिक रूपमा कुन स्तरमा राख्नुहुन्छ ?

(क) अति उच्च [ ] (ख) उच्च [ ] (ग) मध्यम [ ]

(घ) कमजोर [ ] (ङ) अति कमजोर [ ]

## २. आन्दोलनको मुख्य सामाजिक, आर्थिक तथा सुशासन संबन्धित कारणहरू

२.१ के तपाईं सन् २०२५ सेप्टेम्बरमा नेपालमा भएको Gen-Z आन्दोलन/प्रदर्शनमा सहभागी हुनु भएको थियो ?

(क) थिए [ ] (ख) थिएन [ ]

२.२ के तपाईं कहिल्यै कुनै यस्तै प्रकृतिको आन्दोलन/प्रदर्शनमा भाग लिनुभएको थियो ?

(क) थिए [ ] (ख) थिएन [ ]

२.३ यदि भाग लिनुभएको थियो भने, तपाईं मुख्य कुन उद्देश्यले भाग लिनुभएको थियो ?

(क) व्यवस्थाप्रति असन्तुष्टि [ ] (ख) शासकहरूप्रतिको असन्तुष्टि [ ]

(ग) के होला भने जिज्ञासा [ ] (घ) साथीसँगको दबाब/प्रभाव [ ]

(ङ) गरि खाने वातावरण सृजना गर्न सकिन्छ भने सोच लिएर [ ]

(च) अन्य ..........................

२.४ तपाईंलाई नेपालमा सन् २०२५ सेप्टेम्बरमा भएको युवा आन्दोलनका प्रमुख कारणहरू के के थिए होलान् जस्तो लाग्छ ? (प्रमुख कारण १ देखि ४ सम्म प्राथमिक क्रममा लगाउँनुहोस ।)

(क) व्यापक भ्रष्टाचार र जवाफदेहिताको अभाव [ ]

(ख) बेरोजगारी र सीमित आर्थिक अवसरहरू [ ]

(ग) कमजोर सुशासन र राजनीतिक नेतृत्वप्रति घट्दो विश्वास [ ]

(घ) सामाजिक सञ्जाल तथा अभिव्यक्तिमा प्रतिबन्ध [ ]

(ङ) अन्य .....................................

२.५ बढ्दो बेरोजगारी र Gen-Z आन्दोलनबीच कस्तो सम्बन्ध देखुहुन्छ?

(क) अत्यन्त सकारात्मक [ ] (ख) सकारात्मक [ ] (ग) तटस्थ [ ]

(घ) नकारात्मक [ ] (ङ) कुनै सम्बन्ध छैन [ ]

२.६ सार्वजनिक संस्थाहरूमा रहेको भ्रष्टाचार र Gen-Z आन्दोलनबीच कस्तो सम्बन्ध देखुहुन्छ?

(क) अत्यन्त सकारात्मक [ ] (ख) सकारात्मक [ ] (ग) तटस्थ [ ]

(घ) नकारात्मक [ ] (ङ) कुनै सम्बन्ध छैन [ ]

२.७ महँगी, मूल्यवृद्धि र आर्थिक अस्थिरताले Gen-Z आन्दोलनसँग के कत्तिको सम्बन्ध राख्छ?

(क) अत्यन्त सकारात्मक [ ] (ख) सकारात्मक [ ] (ग) तटस्थ [ ]

(घ) नकारात्मक [ ] (ङ) कुनै सम्बन्ध छैन [ ]

२.८ राजनीतिक नेतृत्वप्रतिको घट्दो विश्वास र Gen-Z आन्दोलनबीच कस्तो सम्बन्ध देखुहुन्छ?

(क) अत्यन्त सकारात्मक [ ] (ख) सकारात्मक [ ] (ग) तटस्थ [ ]

(घ) नकारात्मक [ ] (ङ) अत्यन्त नकारात्मक [ ]

२.९ डिजिटल प्लेटफर्महरूको प्रयोग र Gen-Z आन्दोलनबीच रहेको सम्बन्धलाई कसरी लिएको पाउनुहुन्छ?

(क) अत्यन्त सकारात्मक [ ] (ख) सकारात्मक [ ] (ग) तटस्थ [ ]

(घ) नकारात्मक [ ] (ङ) कुनै सम्बन्ध छैन [ ]

२.१० युवाहरूले न्याय, पारदर्शिता र जवाफदेहितासम्बन्धी बिषयहरूमा राखेका अपेक्षाहरू र Gen-Z आन्दोलनबीच कस्तो सम्बन्ध देख्नुहुन्छ?

(क) अत्यन्त सकारात्मक [ ] (ख) सकारात्मक [ ] (ग) तटस्थ [ ]

(घ) नकारात्मक [ ] (ङ) कुनै सम्बन्ध छैन [ ]

२.११ राज्यका निकायबाट प्रदान गरिने सेवा प्रवाह (शिक्षा, स्वास्थ्य, प्रशासन)प्रति रहेको सन्तुष्टिको स्तर र Gen-Z आन्दोलनबीचमा कुनै सम्बन्ध छ?

(क) अत्यन्त सकारात्मक [ ] (ख) सकारात्मक [ ] (ग) तटस्थ [ ]

(घ) नकारात्मक [ ] (ङ) कुनै सम्बन्ध छैन [ ]

२.१२ सन् २०२५ सेप्टेम्बरको Gen-Z आन्दोलनमा भएको क्षतिलाई कुन रूपमा हेर्नुभएको छ ?

(क) आन्दोलनको स्वभाविक परिणाम [ ] (ख) अस्वभाविक तत्वको घुसपैठ [ ]

(ग) सरकारको कमजोरी [ ] (घ) अन्य उल्लेख गर्नुहोस ..................

२.१३ आन्दोलनहरूमा हुने यस किसिमको क्षति न्यूनीकरण गर्न कस्तो उपाय अवलम्बन गर्नुपर्दछ ?

..........................................

## ३. युवाहरूको भ्रष्ट्राचार, जवाफदेहिता, डिजिटल स्वतन्त्रता र रोजगारी प्रतिको धारणा

३.१ नेपालमा भ्रष्टाचारको अवस्था कस्तो रहेको महसुश गर्नुहुन्छ ?

(क) अत्यन्त उच्च [ ] (ख) उच्च [ ] (ग) मध्यम [ ]

(घ) कम [ ] (ङ) अत्यन्त कम [ ]

३.२ भष्ट्राचारविरुद्धको लडाइँमा युवाको सहभागिता प्रभावकारी हुन सक्छ भन्नेमा तपाईं कत्तिको विश्वस्त गर्नुहुन्छ ?

(क) पूर्ण रूपमा सहमत [ ] (ख) सहमत [ ] (ग) तटस्थ [ ]

(घ) असहमत [ ] (ङ) पूर्ण रूपमा असहमत [ ]

३.३ आन्दोलनले भष्ट्राचार नियन्त्रणका प्रयासहरूमा कस्तो प्रभाव पारेको ठान्नुहुन्छ?

(क) अत्यन्त सकारात्मक प्रभाव [ ] (ख) सकारात्मक प्रभाव [ ]

(ग) कुनै प्रभाव छैन []　　　　(घ) नकारात्मक प्रभाव [ ]

(ङ) अत्यन्त नकारात्मक प्रभाव [ ]

३.४　सार्वजनिक संस्थाहरूको नागरिकप्रतिको जवाफदेहिताको स्तर कस्तो देख्नुहुन्छ?

(क) अत्यन्त उच्च [ ] (ख) उच्च [ ] (ग) मध्यम [ ]

(घ) कम [ ] (ङ) अत्यन्त कम [ ]

३.५　राज्यको प्रमुख नीति निर्माण र निर्णय प्रक्रियाहरूमा युवाको प्रतिनिधित्व पर्याप्त छ ?

(क) छ [ ]　　(ख) छैन [ ]　　(ग) थाहा छैन [ ]

३.६　यदि छैन भने, के तपाईं युवाको पर्याप्त प्रतिनिधित्व हुनुपर्छ भन्ने पक्षमा सहमत हुनुहुन्छ ?

(क) पूर्ण सहमत [ ]　　(ख) सहमत [ ]　　(ग) तटस्थ [ ]

(घ) असहमत [ ]　　(ङ) पूर्ण असहमत [ ]

३.७　डिजिटल स्वतन्त्रता (अभिव्यक्ति स्वतन्त्रता, अनलाइन पहुँच) लाई नेपालको शासन प्रणालीले पर्याप्त रूपमा सुनिश्चित गरेको छ भन्नेमा तपाईं कत्तिको सहमत हुनुहुन्छ ?

(क) पूर्ण रूपमा सहमत [ ]　　(ख) सहमत [ ]　(ग) तटस्थ [ ]

(घ) असहमत [ ]　　(ङ) पूर्ण रूपमा असहमत [ ]

३.८　सरकारी रोजगारी प्रक्रियामा पारदर्शिताको स्तर सन्तोषजनक छ भन्नेमा सहमत हुनुहुन्छ?

(क) पूर्ण रूपमा सहमत [ ] (ख) सहमत [ ] (ग) तटस्थ [ ]

(घ) असहमत [ ] (ङ) पूर्ण रूपमा असहमत [ ]

३.९　नेपालमा हाल बिद्यमान रोजगारीका अवसरहरूप्रति तपाईं कति सन्तुष्ट हुनुहुन्छ ?

(क) अत्यन्त सन्तुष्ट [ ]　　(ख) सन्तुष्ट [ ]　　(ग) तटस्थ [ ]

(घ) असन्तुष्ट [ ]　　(ङ) अत्यन्त असन्तुष्ट [ ]

३.१० नेपालको श्रम बजारले युवाका सीप र क्षमताअनुसारका अवसर प्रदान गर्छ भन्नेमा तपाईं कत्तिको सहमत हुनुहुन्छ ?

(क) पूर्ण रूपमा सहमत [ ]　　(ख) सहमत [ ]　　(ग) तटस्थ [ ]

(घ) असहमत [ ]　　(ङ) पूर्ण रूपमा असहमत [ ]

३.११ नेपालमा रोजगारसम्बन्धी सरकारी नीतिहरू पर्याप्त छन् भन्नेमा तपाईं कत्तिको सहमत हुनुहुन्छ ?

(क) पूर्ण रूपमा सहमत [ ]  (ख) सहमत [ ]  (ग) तटस्थ [ ]

(घ) असहमत [ ]  (ङ) पूर्ण रूपमा असहमत [ ]

## ४. आन्दोलनले सुशासन र अर्थतन्त्रमा पर्ने प्रभाव मूल्यांकन

४.१ नेपालको समग्र सुशासनको गुणस्तरलाई तपाईं कसरी मूल्यांकन गर्नुहुन्छ ?

(क) अत्यन्त राम्रो [ ]  (ख) राम्रो [ ]  (ग) मध्यम [ ]

(घ) कमजोर [ ]  (ङ) अत्यन्त कमजोर [ ]

४.२ आन्दोलनपछि सरकारी निर्णय प्रक्रियामा जवाफदेहितामा कत्तिको सुधार भएको महसुस गर्नुहुन्छ ?

(क) अत्यन्तै सुधार [ ]  (ख) केही सुधार [ ]  (ग) कुनै परिवर्तन छैन [ ]

(घ) केही कमजोर [ ]  (ङ) अत्यन्त कमजोर [ ]

४.३ सन् २०२५ को युवा आन्दोलनले आर्थिक स्थिरतामा पारेको प्रभाव सम्बन्धमा तपाईंको मूल्यांकन के कस्तो छ ?

(क) अत्यन्त सकारात्मक [ ]  (ख) सकारात्मक [ ]  (ग) तटस्थ [ ]

(घ) नकारात्मक [ ]  (ङ) अत्यन्त नकारात्मक [ ]

४.४ यो आन्दोलनपश्चात युवाहरूको आवाज सुन्ने र उनीहरूको मागलाई सम्बोधन गर्ने राज्यको क्षमता कत्तिको बढेको छ ?

(क) उल्लेख्य रूपमा बढेको [ ] (ख) केही बढेको [ ]  (ग) जस्ताको तस्तै []

(घ) केही घटेको [ ]  (ङ) उल्लेख्य रूपमा घटेको [ ]

४.५ आन्दोलनपछि सार्वजनिक सेवाहरू (शिक्षा, स्वास्थ्य, प्रशासन) को गुणस्तरमा कस्तो परिवर्तन आएको छ ?

(क) धेरै सुधार [ ]  (ख) केही सुधार [ ]  (ग) कुनै परिवर्तन छैन [ ]

(घ) केही बिग्रिएको [ ]  (ङ) धेरै बिग्रिएको [ ]

४.६ सन् २०२५ को युवा आन्दोलनले राजनीतिक दलहरूको युवाप्रतिको संवेदनशीलता कति बढाएको छ ?

(क) धेरै बढाएको [ ] (ख) केही बढाएको [ ] (ग) कुनै परिवर्तन छैन [ ]

(घ) केही घटाएको [ ] (ङ) धेरै घटाएको [ ]

४.७ आन्दोलनपछि सरकारी खर्चको प्राथमिकता निर्धारण कति प्रभावकारी भएको छ ?

(क) धेरै प्रभावकारी [ ] (ख) प्रभावकारी [ ] (ग) मध्यम [ ]

(घ) कम प्रभावकारी [ ] (ङ) अत्यन्त कम प्रभावकारी [ ]

४.८ आन्दोलनपछि निजी क्षेत्रको लगानी वातावरणमा कस्तो प्रभाव परेको छ ?

(क) अत्यन्त सकारात्मक [ ] (ख) सकारात्मक [ ] (ग) तटस्थ [ ]

(घ) नकारात्मक [ ] (ङ) अत्यन्त नकारात्मक [ ]

४.९ आन्दोलनले डिजिटल सेवाहरू (ई-गभर्नेन्स, अनलाइन सेवा) को सहजतामा कति सुधार ल्याएको छ ?

(क) धेरै सुधार [ ] (ख) सुधार [ ] (ग) कुनै परिवर्तन छैन [ ]

(घ) बिग्रिएको [ ] (ङ) धेरै बिग्रिएको [ ]

४.१० आन्दोलनले युवा र राज्यबीचको सम्बन्धमा कस्तो परिवर्तन ल्याएको छ ?

(क) धेरै सुधारिएको [ ] (ख) केही सुधारिएको [ ] (ग) कुनै परिवर्तन छैन [ ]

(घ) केही बिग्रिएको [ ] (ङ) धेरै बिग्रिएको [ ]

४.११ आन्दोलनपछिको सरकारले नीतिगत सुधारका एजेन्डाहरू (सुशासन, अर्थतन्त्र, सार्वजनिक सेवा) लाई कति अगाडि बढाएको महसुस गर्नुभएको छ ?

(क) धेरै अगाडि [ ] (ख) अगाडि [ ] (ग) कुनै परिवर्तन छैन [ ]

(घ) पछाडि [ ] (ङ) धेरै पछाडि [ ]

## ५. सुशासन र युवा सहभागिता अभिवृद्धिका लागि चाल्नुपर्ने कदमहरू

५.१ तपाईंको विचारमा, नीति निर्माण प्रक्रियामा युवाको प्रतिनिधित्व बढाउन वर्तमान सरकार सक्रिय छ ?

(क) पूर्ण रूपमा सहमत [ ]    (ख) सहमत [ ]    (ग) तटस्थ [ ]

(घ) असहमत [ ]    (ङ) पूर्ण रूपमा असहमत [ ]

५.२ सुशासनका लागि डिजिटल प्लेटफर्महरूले युवाको आवाज प्रभावकारी रूपमा संप्रेषण गर्न सहयोग गरेका छन् ।

(क) पूर्ण रूपमा सहमत [ ]    (ख) सहमत [ ]    (ग) तटस्थ [ ]

(घ) असहमत [ ]    (ङ) पूर्ण रूपमा असहमत [ ]

५.३ युवालाई भ्रष्टाचारविरुद्धको अभियानमा सहभागी गराउन राज्यले पर्याप्त अवसर दिएको छ।

(क) पूर्ण रूपमा सहमत [ ]    (ख) सहमत [ ]    (ग) तटस्थ [ ]

(घ) असहमत [ ]    (ङ) पूर्ण रूपमा असहमत [ ]

५.४ युवा नेतृत्व विकासका कार्यक्रमहरूले सुशासन अभिवृद्धिमा योगदान पुर्याउन मद्दत गर्दछन् ।

(क) पूर्ण रूपमा सहमत [ ]    (ख) सहमत    (ग) तटस्थ [ ]

(घ) असहमत [ ]    (ङ) पूर्ण रूपमा असहमत [ ]

५.५ सुशासन सुधारका एजेन्डामा युवाको निरन्तर दबाबले सकारात्मक परिवर्तन ल्याउन सहयोग गर्दछ ।

(क) पूर्ण रूपमा सहमत [ ]    (ख) सहमत [ ]    (ग) तटस्थ [ ]

(घ) असहमत [ ]    (ङ) पूर्ण रूपमा असहमत [ ]

५.६ युवाहरूलाई सार्वजनिक नीति निर्माणसम्बन्धी तालिम तथा अभिमुखिकरण कार्यक्रम पर्याप्त रूपमा उपलब्ध छन्।

(क) पूर्ण रूपमा सहमत [ ]    (ख) सहमत [ ]    (ग) तटस्थ [ ]

(घ) असहमत [ ]    (ङ) पूर्ण रूपमा असहमत [ ]

५.७ सरकारी निकायहरूले युवासँग संवाद तथा विचार विमर्श गर्ने अभ्यास मजबुत बनेको छ।

(क) पूर्ण रूपमा सहमत [ ]    (ख) सहमत [ ]    (ग) तटस्थ [ ]

(घ) असहमत [ ]    (ङ) पूर्ण रूपमा असहमत [ ]

५.८ युवालाई बजेट निगरानी तथा सार्वजनिक खर्च मूल्यांकन प्रक्रियामा सहभागी गराउन

आवश्यक छ ।

(क) पूर्ण रूपमा सहमत [ ] (ख) सहमत [ ] (ग) तटस्थ [ ]

(घ) असहमत [ ] (ङ) पूर्ण रूपमा असहमत [ ]

५.९ युवाको सक्रियता र नागरिक दबाबले प्रशासनिक सेवा सुधारमा महत्त्वपूर्ण योगदान पुर्‍याउछ।

(क) पूर्ण रूपमा सहमत [ ] (ख) सहमत [ ] (ग) तटस्थ [ ]

(घ) असहमत [ ] (ङ) पूर्ण रूपमा असहमत [ ]

५.१० युवाका सवाल-जवाफ, सुझाव र गुनासो सुन्ने संयन्त्र पर्याप्त रूपमा सञ्चालन गर्नुपर्छ ।

(क) पूर्ण रूपमा सहमत [ ] (ख) सहमत [ ] (ग) तटस्थ [ ]

(घ) असहमत [ ] (ङ) पूर्ण रूपमा असहमत [ ]

५.११ सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवाको सहभागिता दीर्घकालीन रूपमा प्रभावकारी हुन्छ ।

(क) पूर्ण रूपमा सहमत [ ] (ख) सहमत [ ] (ग) तटस्थ [ ]

(घ) असहमत [ ] (ङ) पूर्ण रूपमा असहमत [ ]

५.१२ सरकारबाट तपाईंले सबैभन्दा धेरै अपेक्षा गर्ने तीन प्रमुख सुधारहरू के के हुन् ?

क. ---------------------------------------------------------------------

ख. ----------------------------------------------------------------------

ग. ----------------------------------------------------------------------

५.१३ तपाईंको विचारमा, उक्त आन्दोलनको सबैभन्दा सकारात्मक परिणाम के थियो जस्तो लाग्छ ?

----------------------------------------------------------------------------

५.१४ उक्त आन्दोलनले ल्याएको सबैभन्दा नकारात्मक परिणाम वा क्षति के थियो जस्तो लाग्छ ?

----------------------------------------------------------------------------

५.१५ भविष्यमा यस्ता आन्दोलन दोहोरिन नदिन सरकारले के कुरामा प्राथमिकता दिनुपर्छ ?

------------------------------------------------------------------------------

**समूह (आ) प्रमुख सूचनादाताहरूसँग सम्बन्धित प्रश्नावली**

१. सेप्टेम्बर, २०२५ को "Gen-Z आन्दोलन" बारे तपाईंको प्रारम्भिक बुझाइ के छ ?

२. आन्दोलनपूर्व सामाजिक सञ्जालमा लगाइएको अस्थायी प्रतिबन्धलाई तपाईं कसरी लिनुहुन्छ?

३. तपाईंको विचारमा उक्त आन्दोलनको मुख्य कारणहरू के के हुन सक्छन् ?

४. नेपालमा युवाहरूमा देखिएको बढ्दो असन्तुष्टिका प्रमुख कारण के के होलान् ?

५. नेपालमा सरकारी संस्थाहरूप्रति घट्दो विश्वासका प्रमुख कारणहरू के होलान् ?

६. भ्रष्टाचार रोकथाम, नीति निर्माण, र कार्यान्वयनमा रहेका संरचनागत कमजोरीहरू के के देख्नुहुन्छ ?

७. सरकारी निर्णय प्रक्रियामा युवाको सहभागिता किन सीमित छ ? यसलाई कसरी बढाउन सकिन्छ ?

८. सामाजिक सञ्जाल युवाको अभिव्यक्ति र नागरिक सहभागिताका लागि किन महत्त्वपूर्ण बनेको छ ?

९. Gen-Z आन्दोलनका प्रमुख सबल पक्ष र कमजोरीहरू के के मान्नुहुन्छ ?

१०. नेतृत्वविहीन आन्दोलन स्वतःस्फूर्त रूपमा समन्वय कसरी सम्भव भयो होला ?

११. यस आन्दोलनले सरकार, राजनीतिक दल र नीतिनिर्माणमा कस्तो प्रभाव पारेको छ ?

१२. युवाको असन्तुष्टि कम गर्नका लागि कुन क्षेत्रमा तुरुन्त सुधार आवश्यक छ ?

१३. यस्तो प्रकृतिको आन्दोलन भविष्यमा दोहोरिन नदिन कस्ता नीति तथा संस्थागत सुधारहरू आवश्यक छन्?

**समूह (इ) समूह छलफल (Focus Group Discussion)**

१. तपाईंहरूले पहिलोपटक कसरी "Gen-Z आन्दोलनको" बारेमा थाहा पाउनुभयो ?

२. व्यक्तिगत रूपमा यो आन्दोलनलाई तपाईंले कति नजिकबाट नियाल्नुभयो ?

३. तपाईंहरूको विचारमा यो आन्दोलन के कारणले सुरु भयो जस्तो लाग्छ ?

४. आन्दोलनपूर्व भएको सामाजिक सञ्जाल प्रतिबन्धले तपाईंहरूको दैनिक जीवन वा अभिव्यक्तिमा कुनै असर पार्यो ?

५. तपाईंहरू सरकार वा सार्वजनिक संस्थाहरूप्रति कत्तिको विश्वास राख्नुहुन्छ ?

६. नेपालको पुराना राजनीतिक दलहरूले युवाको आवाज कत्तिको सुनेका थिए जस्तो लाग्छ?

७. युवाहरूको विश्वास पुनर्स्थापना गर्न राज्यले के गर्नुपर्ला ?

८. Gen-Z आन्दोलन राजनीतिक चेतनाको रूपमा सुरु भएको थियो कि आम जनमानसमा रहेको असन्तुष्टिको विस्फोटका रूपमा मात्र थियो ?

९. सामाजिक सञ्जाल तपाईंहरूको अभिव्यक्ति र नागरिक सहभागितामा कति महत्त्वपूर्ण छ ?

१०. नेपालमा युवालाई सबल बनाउनका लागि के कुरामा तत्काल सम्बोधन हुनुपर्ला ?

११. शिक्षा, रोजगार र उद्यमशीलता क्षेत्रमा कस्ता सुधारहरू आवश्यक छन् ?

१२. भविष्यमा यस्ता आन्दोलन नदोहोरिनका लागि राज्य, राजनीतिक दल र समाजले के के कुरामा ध्यान दिनुपर्छ ?

१३. युवा र राज्यबीचको सम्बन्ध सुधारका लागि मुख्य कदमहरू के-के हुन सक्छन्?

## अनुसूचीः२ तथ्याङ्क संकलन कार्यमा संलग्न सहभागीहरूको विवरण








पोखरा उद्योग वाणिज्य संघ












कार्यालय भवन












नेपाल प्रहरी






डिग्री क्याम्पस

























जनकपुरधाम उद्योग वाणिज्य संघ
धनुषा
कार्यसमिति








नेपाल प्रहरी




क्याम्पस प्रमुख
छविलाल आचार्य




























नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय










Gen-Z आन्दोलनको बुझाइः मूल कारण, वास्तविकता र सबल नेपालका लागि मार्गचित्र
अर्थ मन्त्रालय, नेपाल सरकार

















